प्रहरीमा नेतृत्व संकट

'मलाई किन छुटाइयो ?'



नेपाल

आइतबार • १८ चैत २०७४ • मूल्य रु. २५

राष्ट्रिय साप्ताहिक

nepal.ekantipur.com

कोमामा कांग्रेस

अहिलेकै नीति, नेतृत्व र संरचना कायम रहेसम्म पुनर्जीवन कठिन

नेपालको
नं.१
पि.पि.आर. पाईप तथा फिटिङ्गस
५०
वर्ष
ढुक्क
स्वास्थ्यसंग
खेलबाड नगरौं
निर्माण तथा जडान प्रक्रियामा कुनै पनि
हानिकारक रसायन प्रयोग गर्नु नपर्ने,
स्वास्थ्यको लागि अति उत्तम
Nepatop® PPR pipes and fittings
मात्र प्रयोग गरौं।
www.nepatop.com.np
Nepatop
सब ठिक ठाक !!
Clean, Green & Safe

AMBE
GROUP

अम्बे सिमेन्ट

गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान

अम्बे सिमेन्ट

यो देशको शिर, उच्च राख्दै...

नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गुण ३८५

नेपालमा बनेको

ISO 9001:2008
CERTIFIED COMPANY

नवरत्न को अनमोल रत्न
संसारको नम्बर १ चिसो तेल
चिसो चिसो
COOL COOL
बेहतर फॉर्मुला
नवरत्न
आयुर्वेदिक तैल
ठंडा
९ असरदार
जड़ी-बूटियों के साथ
राहत • आराम • तरोताजगी
नवरत्न
आयुर्वेदिक तेल

माया त यस्तो होस्...

समाज १४

१८ कूटनीति

राजदूतमा राजनीति

२० संवाद

'मलाई किन छुटाइयो, दुई अध्यक्षलाई सोध्नुस्'

– वामदेव गौतम

३२ नेपाल प्रहरी

नेतृत्वमा संकट

४२ सन्दर्भ

रोबोट त्रास

५४ झल्याकझुलुक

व्यर्थको रिस

प्रियंकालाई बेवास्ता

४४ फुटबल

मोफसलको गोल

सुप्पत बात : सुरेन्द्र लाभ १२
दृष्टिकोण : जैनेन्द्र जीवन २४
शिक्षा : शिशिर वैद्य ३४
अब्बल २० नेपाली चलचित्र ३६
पर्सोनाज : कुमार नगरकोटी ५३

स्थायी स्तम्भ >>

पाठकको पत्र (६), स्मरण (७), सोझै (९), परिहास (१०), तीन पुस्तक (४६), साहित्य (४८), सूचना/प्रविधि (५०), चित्रपट (५२), झल्याकझुलुक (५४), फिल्म (५६), सहरमा (५७), नोटबुक (५८)

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : सुधीर शर्मा
सहायक सम्पादक : बसन्त बस्नेत **साहित्य/कला** : रमण घिमिरे **प्रमुख उप-सम्पादक** : सन्तोष आचार्य **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, रामबहादुर रावल, बाबुराम विश्वकर्मा
सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत **संवाददाता** : मनबहादुर बस्नेत, प्रदीप बस्याल, गोकर्ण गौतम
कपी डेस्क : ईश्वरी ज्ञवाली, गुरुङ सुशान्त **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौंमा मुद्रित, प्रकाशन मिति : ११ चैत २०७४, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

पाठकको पत्र

nepalpatra@kmg.com.np

न्यायालयको अवमूल्यन

३० फागुनमा प्रधानन्यायाधीशबाट पदमुक्त भएका गोपाल पराजुली अन्ततः राजीनामा दिन बाध्य भएका छन् *(अस्वाभाविक उदय, बाध्यात्मक बहिर्गमन, ११ चैत)*। उनले जागिर अवधिभन्दा सात महिना बढी राज्यकोषबाट सेवा-सुविधा लिएका रहेछन्। कानुनको पालना गर्नुपर्ने न्यायमूर्तिबाटै कानुनको पालना नहुनु न्यायालयको अवमूल्यन हो। सरकारी सेवामा रहेका विशिष्ट पदाधिकारीले नै आफ्नो नागरिकतामा उमेर बढाएर सेवा-सुविधा लिइरहनु कुनै पनि हालतमा जायज कुरा होइन। लोकतान्त्रिक राज्यमा कानुन सबैका लागि बराबर हुनुपर्छ भन्ने मान्यता हुन्छ। तर, भर्खरै राजीनामा दिएका पूर्वप्रधानन्यायाधीश पराजुलीले भने यो मान्यतालाई कुल्चिएका छन्।

● **सुवास कँडेल**
गैँडाकोट, नवलपरासी

युवापुस्ताको छलाङ

खासगरी मुलुकका सहरिया युवापुस्ताले इन्टनेटरका माध्यमबाट बजार खोज्न थालेका छन् *(फुड माइक्रोब्लगिङ, ११ चैत)*। खाना पारखीका मेनुदेखि लिएर खाना अर्डर गर्नेसम्मका काममा पनि पछिल्लो समय युवापुस्ताले माइक्रोब्लगिङ खोलेरै ग्राहक आकर्षण गरेका पाइन्छन्। बी फुडी माइक्रोब्लग चलाइरहेकी काठमाडौंकी विभाशना भट्टराई, तीन युवती सब्रिना बज्राचार्य, रुचिका शाक्य र मीना डोल्माले संयुक्त रूपमा सञ्चालन गर्दै आएको फुडी सिस्टर्स नेपाल, नेपाल डट फुडलगायतका माइक्रोब्लगले खाजा तथा खानाको मूल्य, ती ठाउँमा उपलब्ध पार्किङ सुविधा, वाईफाई, खुल्ने र बन्द हुने समय आदि बारेमा सूचित गर्छन्। ब्लगरहरूसँग सामूहिक रूपमा बसेर छलफल गर्ने उनीहरूको व्यवहार मन छुने लाग्यो।

● **सीमा शर्मा**
घट्टेकुलो, काठमाडौं

दुई छिमेकीको नजर

अहिलेको ओली सरकार भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सी चिनफिङको विशेष महत्त्वमा रहेकाले छिमेकी दुवै मुलुकका कार्यकारी प्रमुखले नेपाल भ्रमण गर्ने संकेत देखिएको छ *(भ्रमण मुकाम काठमाडौं, ११ चैत)*। नेपालमा नयाँ प्रधानमन्त्री नियुक्त भएसँगै भारत र चीनको भ्रमण गर्ने परम्परा रहेकाले हालै प्रधानमन्त्रीमा नियुक्त भएका केपी शर्मा ओलीले कुन देशको भ्रमण पहिले गर्ने हुन् यसै भन्न सकिने अवस्था छैन। छिमेकी मुलुकका कार्यकारी प्रमुखले नेपाल भ्रमण गरेपछि नेपालका प्रधानमन्त्रीले ती मुलुकको भ्रमण गर्नुलाई कूटनीतिक अर्थमा ठूलो उपलब्धि मानिनुपर्छ। किनभने, यसबाट नेपाल दुवै मुलुकका लागि रणनीतिक रूपमा उत्तिकै महत्त्वपूर्ण रहेको सन्देश पनि जानेछ।

● **रञ्जिता पनेरु**
इटहरी, सुनसरी

शब्दका पुजारी कवि अधिकारी

अनकन्टार गामबेँसीका पीडालाई एकै थलोमा जम्मा पारी सिर्जनामा उन्ने कवि क्षेत्रप्रताप अधिकारी नेपाली साहित्य क्षेत्रका नक्षत्र नै हुन् *(खलासीदेखि मन्त्रीसम्म, ११ चैत)*। आफूले रचना गरेका शब्दबाट समाजको बेथिति उप्काउने प्रयास उनका कवितामा पाइन्छ। तनहुँबाट शिक्षा आर्जनका लागि काठमाडौं छिरेका अधिकारीको संघर्षशील जीवन सबैका लागि अनुकरणीय छ। खल्तीमा एक सुको दाम नभए पनि शिक्षा आर्जनका लागि उनले साझा बसमा खलासीसम्मको काम गरेका छन्। पछि भने कवि अधिकारी मन्त्रीसम्म बन्न पुगे। यसलाई उनको सफलताको परिसूचक नै मान्न सकिन्छ।

● **सानुबाबु दाहाल**
हिले, धनकुटा

मोही किसानका पीडा

'जमिन कसको जोत्नेको, घर कसको पोत्नेको' भन्ने वाक्यांशले भूमिहीन किसानलाई अहिले पनि सताइरहेको छ *(मोही मर्म, ४ चैत)*। किनभने, सानातिना समस्या र एक-दुई जनालाई दोषी देखाएर जग्गा-मालिक र उनीहरूको जग्गामा वर्षौंदेखि खेती-किसानी गरिरहेका मोहीका समस्या समाधान गर्न सरकारी अधिकारी नै तत्पर देखिँदैनन्। जग्गा हदबन्दी नियम अनुसार आफूले खनीखोस्री गरेको माटोबाट उब्जिएको अन्न ढुक्कले भकारीमा हाल्न पाउने भए भूमिहीन किसान ढुक्क भएर खेतीमा रमाउँथे। मोही किसानका पीडा समेटिएको यो रिपोर्टिङ अब्बल लाग्यो।

● **रीता श्रेष्ठ**
सिद्धिचरण नगरपालिका-१२, ओखलढुंगा

विहारीकृष्ण श्रेष्ठ ||

मल्लेरुकालीन जचौरी कुलो

कर्णालीको लोक संस्कृति अध्ययन-अनुसन्धानका क्रममा जुम्लाको हाडसिंजा गाउँमा बस्दाको कुरा हो । वैशाख महिनाको एक बिहान गाउँलेहरू गाउँको बीच भागमा जम्मा भएका थिए । अनौठो लाग्यो । नजिकै गएर कारण सोधेँ । जवाफ पाएँ, अब जौ खेती सकियो, धान लाउने बेला भएकाले कुलोमा पानी ल्याउन हिँडेका रे !

त्यतिबेला म स्थानीय विकास विभागको शाखा अधिकृत थिएँ । त्यसैले आफ्नै विभागको पैसाले यो कुलो बनाएका होलान् भन्ठानेर फूर्तिसाथ सोधेँ, 'कहिले बनेको यो कुलो ?' जवाफ आयो, 'मल्लेरु राजाको पालामा ।' तर, त्यसको तिथिमिति भने उनीहरूलाई पनि थाहा रहेनछ ।

मेरा लागि कहिल्यै नसुनेको नाम थियो त्यो । कुराको सत्यतामाथि शंका लाग्यो । विस्तृत जान्न मन लागेर स्थानीय हीरालाल हमालको घर गएँ । ७५ वर्षीय हमाल गाउँका गन्यमान्य थिए । भरपर्दो सूचनादाताका रूपमा हामीले पनि उनलाई प्रयोग गरिरहेका थियौँ । सोधेँ, 'त्यो जचौरी कुलो कहिले बनेको ?'

जचौरी भनेर चिनिने ठकुरीहरूले बनाएकाले तिनकै नामबाट कुलोको नामकरण भएको रहेछ । तर, उनले पनि उही मल्लेरु राजाको नाम लिए । मलाई कुनै न कुनै किसिमको तथ्य र समयसीमा चाहिएकाले फेरि सोधेँ, 'तपाईं १० वर्षको हुँदा यो कुलो थियो त ?' उनले भने, 'म १० वर्षको हुँदा होइन, मेरा बाजे (हजुरबुबा) १० वर्षका हुँदा पनि यो कुलो थियो ।' त्यो जवाफले कम्तीमा पनि दुई सय वर्षअघिदेखि कुलो अस्तित्वमा रहेको संकेत गर्‍यो ।



कुलोबारे थप उत्सुकता पलायो । मन्त्रीले उद्घाटन गर्न पाएको हुँदैन कुलो भत्किसकेका घटना धेरैपटक देखेभोगेको थिएँ । तर, विकट जुम्लाको त्यो गाउँमा कम्तीमा दुई सय वर्षअघि निर्माण भएको कुलो अझै अस्तित्वमा रहेको र त्यस कुलोको सहायताले त्यहाँका गाउँलेले निर्बाध सिँचाइ सुविधा प्राप्त गरिरहेको देख्दा अपत्यारिलो मात्र होइन, अनौठो पनि लाग्यो ।

झन्डै दुई किलोमिटर टाढाबाट ल्याएको त्यो कुलोको सञ्चालन अति नै व्यवस्थित थियो । पहाडी भागबाट ल्याइएको कुलो बीचबीचमा खोल्सो र पहरोमा सल्लाको काठे डुँड बनाएर पानी बगाइएको थियो । कुलाको सञ्चालनार्थ गाउँलेहरूले आफ्नै किसिमको संगठन निर्माण गरेका रहेछन् । जसलाई कुमटी भनिन्थ्यो र त्यसका सदस्यलाई कुमटेल । गाउँका खेत, जसलाई जुम्लामा ज्युला भनिन्छ र त्यसका मालिक ज्युलेली । तिनै ज्युलेलीहरूले नियुक्त गर्ने उक्त कुमटीमा त्यतिबेला तीन सदस्य थिए । र, तिनीहरूले नै पानी वितरणको सम्पूर्ण व्यवस्था गर्थे ।

खेत रोप्नु दुई दिनअघि मात्रै गरामा पानी उपलब्ध गराउने निर्णय हुन्थ्यो । तर, कुमटेलहरूलाई कसले कुन दिन रोपाइँ गर्ने भन्ने कण्ठै हुन्थ्यो । आफ्नो खेतको माया ठूलो हुनु स्वाभाविक थियो । गाउँलेले मौका पर्दा कुलोको पानी चोरेर पालोभन्दा पहिल्यै आफ्ना गरा भिजाउँदा रहेछन् । त्यसरी पानी चोरी गर्नेलाई दण्ड-सजायको पनि मौलिक व्यवस्था थियो । तर, चोरीको दोषबाट उम्किन अनेकखाले उपाय पहिले नै लगाएका हुँदा रहेछन् ।

हामीले प्रमुख सूचनादाताका रूपमा उपयोग गरेका हीरालाल हमाललाई नै एकपटक चोरीको अभियोगमा स्थानीयले समाएर 'कुमटेल अदालत'मा उपस्थित गराए । खेतीको काममा प्रायः महिला र दलित समुदायका व्यक्तिलाई प्रयोग गरिएको हुन्थ्यो । ठूलाठालूहरू खाली गरामा बसेर गफिरहेका हुन्थे । पानी चोर्ने मान्छे फेला परेपछि उनीहरू नै कुमटेल अदालतको काम गर्थे । हीरालालले घरमा काम गर्ने कामदारलाई पठाएर राती कुलोको पानी चोरेर आफ्नो खेत भिजाएका रहेछन् । बिहान उनको खेत भिजेको देखेर कुमटेलले केरकार गरे । हीरालालले आफूले चोरेको होइन भनेर भएभरको कसम खाए र सो अदालतबाट उम्किए ।

मल्लेरुकालीन त्यो कुलोको सञ्चालन व्यवस्थाबाट मैले धेरै कुरा सिक्ने मौका पाएँ । सरकारी नीति निर्माणका क्रममा पनि धेरै कुरा प्रयोगमा ल्याउन पाएँ । ०३२ तिर राजा वीरेन्द्रका पालामा उपसचिव भएर विश्वबैंकको सहायतामा सञ्चालित नेपालको पहिलो ठूलो ग्रामीण विकास परियोजनामा काम गरेँ । रसुवा-नुवाकोट ग्रामीण विकास परियोजनामा उपयोगकर्ताको समूह भनी नामकरण गरियो, जुन उपभोक्ता समूहको अवधारणा थियो । त्यही बेला यसलाई सरकारको नीतिमा समावेश गर्न भने सकिनँ ।

वास्तवमा मुलुकभरि फैलिएको उपभोक्ता समूहहरूको जालो र उक्त जचौरी कुलोको साइनोले के देखाउँछ भने हाम्रो मुलुकको विकासका लागि नेपालकै सांस्कृतिक धरोहरबाट सिक्ने कुरा धेरै छन् । त्यसका निम्ति विकास गर्ने राजनीतिक व्यक्ति, कर्मचारी, विशेषज्ञ आदिले आफ्नै समाजतिर फर्केर हेर्ने बानी बसाले कसो होला ?

|| प्रस्तुति : **ईश्वरी ज्ञवाली**

विदेशबाट

उद्धार गरिएको भालुको निधन

गत मंसिरमा रौतहटको गौरबाट उद्धार गरिएका दुई नाच्ने स्लथ भालुमध्ये एकको हालै जावलाखेल, ललितपुरस्थित सदर चिडियाखानामा मृत्यु भएको छ । उद्धार गरिएका भालुहरूको नाम रंगिला, १९ र श्रीदेवी, १७ हो । श्रीदेवीको मृत्यु भइसकेको छ भने रंगिलाको स्वास्थ्यस्थितिमा समस्या देखा परेको छ । मृत्युको कारण जन्डिस भनिएको छ ।

उद्धार गरेलगत्तै दुइटै भालुलाई पर्सा राष्ट्रिय निकुञ्जमा राखिएको थियो । राष्ट्रिय निकुञ्जमा राख्दा खतरा हुने ठानेर दुवैलाई सदर चिडियाखाना सारिएको थियो । त्यहाँ तिनले उचित स्याहारसुसार नै पाएनन् । मलमूत्र सफा नगरिदिने, राम्रो आहार उपलब्ध नगराइदिने तथा समयमा स्वास्थ्य परीक्षण पनि नगरिएका कारण दुवै भालु कमजोर हुंदै गएका थिए । धेरै वर्ष बन्धनमा बसेकाले होला, तिनीहरू मान्छे देख्नेबित्तिकै डराउँथे पनि ।

०३० सालमै भालु नचाउने कार्यमाथि नेपाल सरकारले प्रतिबन्ध लगाएको थियो । यसको अवज्ञा गर्दै केही व्यक्तिले यसलाई आफ्नो जीविकोपार्जनको माध्यम नै बनाएका छन् । *साउथ चाइना मर्निङ पोस्टको* एक रिपोर्ट अनुसार दक्षिण एसियामा मात्र पाइने स्लथ प्रजातिका भालु लोपोन्मुख अवस्थामा छन् । ◆

सुर-बेसुर

"हामीले सरकारसँगको सहकार्यमा क्रिकेट रंगशाला बनाउने भनेका थियौं । त्यसका लागि तत्कालीन खेलकुदमन्त्री र सम्बन्धित सरकारी पदाधिकारीसँग दसौं चरणका बैठक भए । तर, सरकारले रंगशालाका लागि आवश्यक पर्ने जग्गा व्यवस्थापन गर्न नसक्दा हाम्रो चाहना अगाडि बढ्न सकेन ।"

विनोद चौधरी
उद्योगपति

तस्बिरमा इतिहास

राजाको प्रतीक्षा : ३९ वर्षअघि तत्कालीन राजा वीरेन्द्रको स्वागतका लागि आफ्नो स्कुलको प्रांगणमा जम्मा भएका बूढानीलकण्ठ स्कुलका विद्यार्थी ।

सोझै



तथ्यचित्र

ऊर्जामा पहुँच, सञ्चय र सुरक्षामा कुन देश कति स्थानमा ?

स्रोत: वर्ल्ड इकोनोमिक फोरम | इन्फोग्राफिक्स : यमन मानन्धर

सातामा चर्चित

असिन पौडेल

'एसियन ट्रि अफ द इयर- २०१८' ले आयोजना गरेको फोटोग्राफी प्रतियोगितामा प्रथम भएकाले । आफ्नो समुदायमा भएकामध्ये अत्यधिक महत्त्व राख्ने कुनै रूखको फोटो प्रतियोगितामा सामेल गराउनुपर्ने थियो । उनले खिचेको पीपलको रूखको तस्बिर अन्य एसियाली राष्ट्रका प्रतियोगीका तुलनामा सुन्दर ठहरिएको थियो ।

विनोद शाही

बेलायतको लन्डनस्थित वार्के फाउन्डेसनले निकालेको विश्वका ४० उत्कृष्ट शिक्षकको सूचीमा पर्न सफल भएकाले । शाहीले डोल्पालगायतका नेपालका दुर्गम ठाउँका विद्यार्थीलाई पढाउँदै आएका छन् ।

चारतारे गणेश

सत्ययुगका भगवान् शिवका पुत्र हुन्, गणेश । कुनै पनि शुभकार्य सुरू गर्नुपहिले उनै गणेशको पूजा गर्ने चलन छ । लामो सुँड, भ्यात भुँडी लिएर मुसा चढ्ने यी भगवान्को हिजोआज चर्चा-परिचर्चामा पनि कमी आउनुको कारण के हो ? यसो ध्यानदृष्टिले विचारगोचर गरिहेर्दा अहिलेको युगमा नयाँ गणेशले पदार्पण गरेका रहेछन् । चट्ट मिलेको अग्लो ज्यान, खत्राखत्रा गाडीदेखि हेलिकप्टर चढेर गुण्डागर्दी गर्दै हिंड्ने यी गणेशको पछाडि पो भक्तजनहरू लागेका रहेछन् । त्यो पनि लामका लाम चार तारा अंकित झन्डा बोकेर । अब यस्ता अनन्य भक्त भएका गणेशलाई च्याप्प समातेर जेलमा कोचेपछि हुंदैन त बबाल ? धन्न बनेपामा मसाल जुलुस मात्र निकालेछन् । लौ, छिट्टो स-सम्मान रिहा गरियोस् है कलियुगका गणेशलाई ! नत्र, अजंगको शेरलाई अगाडि सारेर सिंहदरबार नै घेर्न आउलान् फेरि ।

■ सूर्जे नेवा:

अपराधी भेट्ने लत

लत भन्ने कुरा नि अचम्मका हुन्छन् । छाड्नै गाह्रो । खानेपिउने लत छ भने तलतल लाग्ने । हिंड्ने-घुम्ने लत छ भने एक ठाउँमा बस्नै मन नलाग्ने । एकान्तमा बस्ने लत छ भने समूह मन नपर्ने । समूहमा बस्ने लत छ भने शान्त र एकान्त मन नपर्ने । गाली गर्ने लत छ भने पानी किन उँधो बगेको होला भनेर पनि गाली गर्न मन लाग्छ । परस्त्री-परपुरूषगमनको लतको त कुरै नगरौं । कुनै सुधारगृहले पनि यिनलाई लतमुक्त बनाउन गाह्रो छ । हाम्रा गृहमन्त्री अहिले अपराधी, अभियुक्त भेट्दै हिंड्या' छन् । अस्पताल, कारागार, हिरासत जहाँ छन्, त्यहीं पुग्ने र जुस पिलाउने उनको दैनिकी बनेको छ । मान्छेहरू उनले किन यसो गर्दै छन् भनेर टीका-टिप्पणी गरेर समय खेर फाल्दैछन् । ए बाबा, हाम्रा नेताहरूको लतै अपराधी/अभियुक्त भेट्ने, सँगै खाजा खाने हो त अरू के गरून् ? गृहमन्त्री भए भन्दैमा पुलिसको स्यालुट खाएर मात्र धीत मर्छ त ?

■ रून्चे राइँलो

शंकालु सरकार

पूर्वमन्त्री विश्वेन्द्र पासवानले उपचारका क्रममा १८ लाखको त चिया-पाउरोटी मात्रै खाएको भनेर सरकारले जिब्रो टोकेछ । ७३ लाख रूपियाँ मागबमोजिमको जम्मा साढे ४३ लाख मात्र भुक्तानी दिएछ । यसमा नपत्याउनुपर्ने के छ र ? कस्ता-कस्ता ऐरेगैरेले रोडा, बालुवा, सिमेन्ट, अलकत्राले बनेका कत्राकत्रा सडक, पुल पनि खान सक्छन् । अनि, पासवानले जाबो १८ लाखको चिया-पाउरोटी खाएको भन्दा नपत्याउने ? विचरा सोझा परे र त होटलमा बसेर रूखोसुखो चिया-पाउरोटी खाए । उस्तै छुल्याहा परेको भए कुखुराको साँप्रोसँग घुड्क्याएको जाँडको पनि पैसा जोडेर माग्थे । त्यसमाथि विचरालाई कत्रो आपत् परेको छ । उपचारका लागि भारत जाँदा भारू साट्न धौधौ परेर कालोबजारमा गएर साट्नु परेछ । त्यसमा लागेको कमिसन पनि आफैं तिर भनेर सरकार पन्छिन मिल्छ ?

■ छुल्याहा गुरु

६४ चाहियो

प्रधानमन्त्री केपी ओलीले तीन चौथाइ विश्वासको मत पाए संसद्मा । प्रदेश सरकारमा पनि उनले चाहेबमोजिमै भयो । तर, उनलाई पछिल्लो समय खेदको बात एउटै मात्र छ- शेरबहादुर देउवाको ६४ मन्त्रीको कीर्तिमान भंग गर्न नसक्नु । ओली नेतृत्वको प्रचण्ड बहुमतप्राप्त सरकारमा २२ जना मात्र मन्त्री छन् । त्योसँगै खेद छ- जोडिएका केही मन्त्रालय मात्र फुटाउन पाउनु । संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टीलाई



स्वप्निल प्रचण्ड

युद्धकालीन हतियार जम्मै सरकारलाई दिएर रामराज्य बनाउने धोको नभएको कहाँ हो र प्रचण्डलाई ? तर, बैगुनी खोलाले बगायो हतियार । त्यसपछि शान्तिपूर्ण राजनीतिमा होमिएका उनका धेरै भए मतियार । तर, उनले कहिल्यै सन्तुष्टि पाएनन् । भर्खरै मात्र उनले दलित समुदायबाट राष्ट्रपति र प्रधानमन्त्री बनाउने आफ्नो रहर नराम्ररी निमोठिएको अनुभव गरे । राष्ट्रपति बन्न नपाई भित्ते राष्ट्रपति बन्न पुगेका उनले त्यसबेला झन् कस्तो अनुभव गरे होलान् ! राम, राम उनका यति धेरै सपना तुहिएका रहेछन् । तर, यहाँ काम नपाएकाहरू भने १७ हजार मृतात्माको सपनाको मूल्य खोजिरहेका छन् । उनीहरूलाई के थाहा, कमरेड प्रचण्डको सपनाको मूल्य कति हो ?

■ **लुकुवा बाजे**

सरकारमा ल्याउन नसक्नु । कम्तीमा उनीहरू आइदिएको भए त मन्त्रालय थप फुटाउन पाइन्थ्यो । ठूलो मन्त्रिपरिषद् बनाउन संविधानले भाँजो हाले त्यसलाई अर्को किस्तामा संशोधन गर्न पाइन्थ्यो । सरकार पनि अलि बृहताकारको हुन्थ्यो, धेरै मन्त्री भएको सरकारको प्रधानमन्त्री पनि हुन पाइन्थ्यो । जाबो यति गर्न पाइन्न भने तीन चौथाइको के अर्थ ? सर्वशक्तिमान प्रधानमन्त्री हुनुको सार्थकता त्यसमा छ, जतिबेला मन्त्रीमा देउवालाई टपेर गिनिज बुकमा नाम लेखाउन सकिन्छ । २२ मै त कसरी चित्त बुझाउने यार ?

■ **लाल कुमाल**

झटारो | ■ लक्ष्मण गाम्नागे

समृद्धितिरको यात्रा

प्रधानमन्त्री केपी शर्मा ओलीजीले नयाँ मन्त्रीहरूलाई कतै अलमल नगरी छिटोभन्दा छिटो मुलुकको समृद्धितर्फ लाग्न निर्देशन दिए । प्रधानमन्त्रीको निर्देशन भुइँमा खस्न नपाउँदै मन्त्रीहरूले पनि निर्देशनको पालना गरे । उनीहरूले माला, खादा, अभिनन्दन, प्रशस्तिगान आदि ग्रहण गरेर समृद्धितिरको यात्रा सुरु गरिहाले ।

यसैबीच मन्त्रीहरूले स्वागत ग्रहण गरेको, माला लगाएको, खादा भिरेको जस्तो महत्त्वपूर्ण र अनुकरणीय परम्परालाई केही इर्ष्यालुहरूले आलोचना गरेको पनि सुनियो । परम्परा, संस्कृतिको रक्षा गर्नु सबै मन्त्रीहरूको कर्तव्य हो । पूर्ववर्ती मन्त्रीहरू कामका नाममा सिन्के नभाँचे पनि फूल र खादाले पुरिए, मेरुदण्ड नै लच्किने गरी सय-डेढ सय किलोका माला लगाएर मुसुमुसु हाँसे । ६ महिना वा नौ महिनाका लागि मन्त्री हुनेले त त्यत्रो सम्मान ग्रहण गरे भने तपाईंहरू त दुई तिहाइ बहुमतप्राप्त सरकारका मन्त्रीहरू पो त ! तपाईंहरू अभिनन्दित हुँदा रिस गर्नेहरूको आफ्नै अनुहार कालो हुन्छ, तपाईंहरूलाई केही फरक पर्दैन, चिन्ता नगर्नुहोस् ।

गणतन्त्रमा चाकडीको आनन्द प्राप्त गर्ने अधिकार सबै मन्त्रीलाई बराबरी छ । त्यसैले मन्त्रीज्यूहरूले यसमा लजाउनुपर्ने, धकाउनुपर्ने, अप्ठ्यारो मान्नुपर्ने केही छैन । निर्धक्क भएर गला थाप्नुहोस्, अभिनन्दन ग्रहण गर्नुहोस्, प्रशस्तिगान श्रवण गर्नुहोस् र आनन्द लिनुहोस् । कार्यकक्षमा, शयनकक्षमा, सभागोष्ठीमा, बाटैमा, घाटैमा, कार्यालयका गेटैमा, शौचालयका ढोकैमा जहाँ जसले समातेर खादा, माला जे पहिर्‍याउँछ, घाँटी थाप्दिइहाल्नुहोस् । सेल्फी दिइहाल्नुहोस् ।

तपाईंहरूको अभिनन्दनमा लागेका भक्तहरूको लर्को हेर्नुहोस्, उनीहरू कति उत्साहका साथ तपाईंको स्वागत गर्न लाइन लागेका छन् । हातमा १० किलोको मगमग वास्ना चलिरहेको ताजा पुष्पमाला बोकेर उभिइरहनुभएका व्यक्तित्व यसै मन्त्रालयका सचिवज्यू हो । पाँच किलोको कलात्मक बुके बोकेर हँसियाफैं निहुरिरहनुभएका व्यक्ति सहसचिवज्यू हुनुहुन्छ । अर्का प्रफुल्ल मुद्रामा खादासहित लाइन मिचेर अघि बढ्दै गर्नुभएका महानुभाव तपाईंकै पार्टी समर्थित कर्मचारी संगठनका अध्यक्ष हुनुहुन्छ । तपाईंकै साइजको फ्रेममा तपाईंको देदिप्यमान् तस्बिर छापिएको अभिनन्दनपत्र च्यापेर पर्खिरहनुभएका महापुरुष यो मुलुककै ठूला ठेकेदार हुनुहुन्छ । पस्मिनाको खास्टो अँठ्याएर भित्तामा अडेस लागेका महानुभाव चर्चित जग्गा व्यापारी हुनुहुन्छ । लाइनमा व्यापारी, व्यवसायी, उद्योगपतिहरू हुनुहुन्छ । कर्मचारी, पार्टी सदस्य, म्यानपावर व्यवसायी, दलाल, चाटुकार, गुण्डानाइके, ठग र झगडियाहरू पनि हुनुहुन्छ । सबै तपाईंका शुभचिन्तक हुनुहुन्छ । सबै तपाईंलाई चाहिने मान्छे नै हुनुहुन्छ । मुलुकले तपाईंजस्तो योग्य मन्त्री पाएकामा उहाँहरू गद्गद हुनुहुन्छ । उहाँहरू सबै तपाईंलाई स्वागत गर्न चाहनुहुन्छ, बधाई दिन चाहनुहुन्छ, अंकमाल गर्न चाहनुहुन्छ, तपाईंसँग एकदम नजिक हुन चाहनुहुन्छ । उहाँहरू कोही कानैमा केही सल्लाह दिन चाहनुहुन्छ, कोही इसाराले केही भन्न चाहनुहुन्छ । तपाईंले यी कसैको पनि चित्त दुखाउनुहुँदैन । जसले खादा लिएर आउँछ ओढिदिनुपर्छ । जसले प्रशस्तिगान गर्छ, सुनिदिनुपर्छ । ताम्रपत्र, शिलापत्र, सम्मानपत्र, अभिनन्दन जे-जे आइलाग्छन्, थापिदिनुपर्छ । तपाईंले सम्मान ग्रहण गर्ने सही समय पनि यही हो । भविष्यको भर हुँदैन । काम गर्दै जाँदा फूलको सट्टा अर्थोकैको माला लगाउने कामतिर अग्रसर हुन मन लाग्न पनि सक्छ । त्यसैले अहिले नै सबैका अभिनन्दन ग्रहण गर्नुहोस् । कसैले आफ्नै घरका आँगनमा तपाईंको सालिक नै बनाउन खोज्यो भने पनि नाइँ नभन्नुहोस्, त्यसको शिलान्यास र उद्घाटन गर्ने पनि तपाईं नै जानुहोस् । आगे तपाईंको जो विचार !

॥ सुरेन्द्र लाभ

गर्भबाटै हराइरहेका सीताहरू

‘के अब राम र सीताबीच विवाह हुने छैन ?’ प्रत्येक दुलाहालाई राम र प्रत्येक दुलहीलाई सीता मान्ने संस्कृति रहेको मिथिला, अवध र भोजपुरी क्षेत्रमा यो प्रश्न गम्भीर रूपमा उठेको छ। त्रेता युगमा अयोध्याका राम र जनकपुरकी सीताबीच वैवाहिक सम्बन्ध स्थापित भएको थियो। यो दाम्पत्यलाई नेपाल-भारतबीचको सम्बन्ध-सेतु मानिन्छ।

हाम्रो पुस्तासम्म यस्तो वैवाहिक सम्बन्ध व्यापक थियो। तर, यताबाट उता छोरीहरू जति मात्रामा जान्थे, त्यसभन्दा बढी मात्रामा उताका छोरीहरू यता आउँथे। उताका अभिभावक आफ्ना छोरीहरूको विवाहका लागि भरमग्दुर प्रयास गर्थे । किनभने, उताको तुलनामा यता शान्ति-सुरक्षाको स्थिति राम्रो थियो, सडक राम्रो थियो, कृषि उब्जनी राम्रो थियो । फेरि जनकपुर र मधुवनी, वीरगन्ज र मोतीहारी, नेपालगन्ज र बहराइचजस्ता नगरबीच यति बढी सांस्कृतिक घुलमिल थियो कि यी स्थान दुई देशका छन् भन्ने कुराको अनुभूति सामान्यतया हुने गरेको थिएन।

विसं ०४५ मा नेपाल-भारतबीचको व्यापारिक सन्धिको नवीकरण भएन। र, उताबाट आउने सामान आउन बन्द भए। देशमा हाहाकार भयो। मेरो कलमले मैथिलीमा लेखेको एउटा कविता अंश :

आब हमरे सन सीता हजारो हजार
रहि जयतैक बरमाला लए ओहिना ठाढ
सिन्दुरक पुरिया लुप्त कोना भेल
कहैत छैक कहाँदिन कोनहु सन्धि टूटि गेल
प्रिय, सिनेहक बखाडीमे दराडि पडि गेल।

‘सीताको पत्र रामको नाम’ शीर्षक दिइएको उक्त कविताको उपर्युक्त अंशको तात्पर्य के छ भने अब मजस्तै हजारौं सीता वरमाला लिएर उभिरहन्छिन्, विवाह हुँदैन । किनभने, सिन्दूर उताबाट आउन छाड्यो। खै कुन सन्धि टुट्यो रे ! प्रिय, स्नेहको भखारीमा धर्को तानियो।

त्यसपछि मधुबनी, मोतीहारी र बहराइचजस्ता स्थान भारततिरको जस्तो लाग्न थाल्यो । वैवाहिक सम्बन्धमा कमी आउन सुरु भयो।

नेकपा माओवादीद्वारा घोषित ‘जनयुद्ध’पछि दुवै देशबीचको वैवाहिक सम्बन्धमा व्यापक ह्रास आयो । अनुसन्धानकर्ता हरि रोकाले सीमा वारिपारिबारे एउटा अध्ययन गर्नुभएको थियो । उहाँको विश्लेषण अनुसार त्यतिबेला वैवाहिक सम्बन्धमा ४८ प्रतिशत ह्रास आयो। शान्ति-सुरक्षाको स्थिति गम्भीर अवस्थामा पुगेको थियो त्यतिबेला । र, बेलाबखत भारतको विरोध पनि माओवादीद्वारा गरिन्थ्यो। यस्तो परिस्थितिमा पारिका अभिभावक केटा खोज्न नेपाल पस्न छाडे।

अर्कोतिर उता पनि बाटोघाटो, शान्ति-सुरक्षा र विकासको स्थितिमा सुधार हुन थाल्यो । विकल्प उतैतिर पाएपछि यता आउने प्रस्तावमा पनि कमी आयो । यताको बन्द, हडताल, हत्या-हिंसाबाट झन् यताको आकर्षण विकर्षणमा परिणत भयो। उताका केटाकेटीलाई नेपाल अशान्त देश रहेको अनुभूति भयो। र, यतातिर वैवाहिक सम्बन्ध स्थापित गर्न अरुचि देखाउन थाले। नेपालको वातावरणमा हुर्किएका युवक-युवती उताको तुलनामा बढी खुलापन अनुभव गर्छन् । आर्थिक दृष्टिकोणबाट बिहार सबल भए पनि यहाँका युवक-युवतीहरूको रहनसहन उताको तुलनामा स्तरीय रहेको मनोविज्ञान छ। खासगरी मधेसका सहरी युवाको अन्तर्घुलन काठमाडौँ र अन्य सहरका युवासँग बढी सहज छ । पहिला अन्तरजातीय विवाह हुँदा टोल-छिमेकका लागि चर्चाको विषय बन्थ्यो । केटाकेटीहरू प्रायः लुकेर-भागेर विवाह गर्थे। तर, आज स्थिति फेरिँदैछ । अब पढे-लेखेका युवक-युवतीको छनोटमा अभिभावकद्वारा एरेन्ज म्यारिज गर्ने गरिन्छ।

मधेसमा आज पनि घुम्टो प्रथा छ । तर, विवाहोत्सवमा महिला डीजेको धुनमा डान्स गरिरहेको दृश्य यहाँका कुनै पनि सहरमा देख्न सकिन्छ। केटीहरूमा उच्च शिक्षा र प्राविधिक शिक्षा प्राप्त गर्ने लहर चलेको छ। तर, केटाहरूमा यो गति अझ तीव्र छ। आज एउटा डाक्टर युवाले विवाहका लागि डाक्टर केटी खोजिरहेको छ। तर, डाक्टर केटाको तुलनामा डाक्टर केटी न्यून भएकाले त्यस्ता जोडीमा दहेज (दाइजो)को लेनदेन न्यून भएको छ। यस्तै अवस्था इन्जिनियर र अन्य उच्च शिक्षाको सन्दर्भमा पनि छ। पहिला केटीको परिवारबाट केटाकहाँ प्रस्ताव जाने चलन थियो, आज पनि छ। तर, राम्री पढे-लेखेकी केटीप्रति वर पक्षबाट थुप्रै प्रस्ताव आउने गरेका छन्। एउटा तहमा समाज कोल्टो फेर्दैछ।

०७२ को ६ महिने हडताल र नाकाबन्दीले झन् स्थिति गम्भीर बनायो । यसले गर्दा वैवाहिक सम्बन्ध ह्वात्तै घट्यो । काठमाडौंको मनोविज्ञानमा मधेसीहरू भारततिरका हुन् भने र भारतीय दृष्टिकोणमा मधेसीहरू नेपालमा थिचिएका नेपाली हुन् भन्ने आमबुझाइ छ। ०७२ को आन्दोलनले दिएको उपहार यही हो। र, यस्तो स्थितिमा प्रश्न झन् चर्किएको छ, ‘के अब राम र सीताबीच विवाह होला ?’ यता सीताको धरतीमा कतिपय सीताहरू गर्भबाटै हराउँछन्। अनि, के होला ? समाजको दशा र दिशाको स्थिति के होला ? अनेक प्रश्न तेर्सिएका छन्। ♦

सदा सुरक्षित

आफ्नै क्लिङ्करद्वारा उत्पादित

एडभान्स सिमेन्ट

ADVANCE GROUP

अरनिको सिमेन्ट ईन्डष्ट्रिज
अरनिको आँबुखैरेनी सिमेन्ट ईन्डष्ट्रिज
रोल्पा सिमेन्ट प्रा. लि.

माया त यस्तो होस्...

धार्मिक घेरा तोडेर प्रेमलाई विवाहमा परिणत गर्ने जोडीहरू

जनक नेपाल/नेपालगन्ज

भनिन्छ, प्रेम र युद्धमा सबथोक जायज हुन्छ । सायद त्यसैले धर्म, जाति र संस्कृतिका अनेक बन्धन तोडेर अन्तरधार्मिक प्रेम सम्बन्धहरू अंकुरण हुन्छन्, तिनले जीवन्तता पाउँछन् । झिनो निहुँमा हिन्दु-मुस्लिम धार्मिक दंगा हुने समाजमा समेत त्यस्ता सम्बन्धको सुगन्ध छाइरहेको छ ।

समाजशास्त्री सावित्रा बस्नेत अन्तरधार्मिक विवाहले जातीय र धार्मिक सद्भावमा टेवा पुग्ने बताउँदै धार्मिक मान्यताभित्रका गलत अभ्यास, भ्रम र अन्धविश्वासलाई तोड्न यसले सघाउ पुर्‍याउने बताउँछिन् । भन्छिन्, "धार्मिक विश्वास र समाजलाई हेर्ने सोच बदलिन्छ । परसंस्कृति स्वीकारले उन्नत मिश्रित संस्कृति र प्रगतिशील रूपान्तरण समेत गर्न सक्छ ।" तर, धर्म सामाजिक मूल्य-मान्यताको मुख्य आधार न पर्‍यो । त्यसैले पुरानो पुस्ता अन्तरजातीय तथा धार्मिक सम्बन्धप्रति अनुदार छ । तर, मायाको साहसका सामु कसको के लाग्दो रहेछ र ?

यस्तै साहसिक ६ जोडीका प्रेरणादायी प्रेमकहानी :

कफ्र्युमा पलाएको प्रेम ● मेराज-लक्ष्मी

विसं ०५४ भर नेपालगन्ज धार्मिक तनावमा रह्यो । स्थानीय निर्वाचनको सामान्य विवाद बढ्दै गएर हिन्दु-मुस्लिम दंगा भएपछि दुई समुदाय एकअर्काविरुद्ध उत्रिएका थिए । स्थिति नियन्त्रणबाहिर गएपछि स्थानीय प्रशासनले सहरभरि कफ्र्यु लगायो । ठीक त्यही बेला हो, मेराज इद्रिसी र लक्ष्मी केसीको प्रेम टुसाएको ।

"कफ्र्युमा बाहिर निस्किने स्थिति थिएन । हिन्दु-मुस्लिम मारामार गरिरहेका थिए," मेराज सुनाउँछन्, "सहरको भित्री गल्लीमा भने हाम्रो प्रेम हुर्किरहेको थियो ।"

> "दंगा रोकिँदासम्म हामी प्रेमी-प्रेमिका भइसकेका थियौं ।"

उनले कागज टुक्रोमा 'आई लभ यू' लेखेर लक्ष्मीको घरमा फ्याँकिदिए । लक्ष्मी केही बोलिनन्, मात्र मुस्कुराइन् । उनले बुझिहाले, प्रेमपत्र सदर भयो । लक्ष्मी मुस्कुराउँदै भन्छिन्, "सम्बन्ध यति छिटो हुर्कियो कि दंगा शान्त हुने बेलासम्म हामी प्रेमी-प्रेमिका भइसकेका थियौं ।"

मेराज त्यतिबेला भारतको बेंग्लोरमा इलेक्ट्रोनिक जुनियर इन्जिनियरिङ पढ्थे । उनी बिदा मनाउन घर आएका बेला दंगा भड्कियो, यतै रोकिए । हिंसा भड्किएर एक जनाको ज्यान गइसकेको थियो । दर्जनौं घाइते भए । स्थिति यस्तो थियो, एकले अर्कोलाई भेट्नासाथ हमला गरिहाल्थे । तर, यता मेराज र लक्ष्मीको मनमा भने घृणा होइन, प्रेम जगायो ।

प्यूठानकी लक्ष्मी नेपालगन्जमा दिदी-भिनाजुको घरमा बसेर पढिरहेकी थिइन् । मेराजको घर सामुन्ने थियो, आउजाउ हुने भइहाल्यो । तर, विवाह गरेरै घरजम गर्ने सोच पलाइसकेको थिएन । लक्ष्मी भन्छिन्, "कल्पनै नगरेको प्रेममा परेर विवाह गरियो । भाग्यमा जे लेखेको छ, त्यो भएरै छाड्ने रहेछ ।" मेराजले प्रेम-प्रस्ताव राख्दा उनी भर्खर ९ कक्षा पढ्दै थिइन् । झन्डै एक वर्ष दुवै जना प्रेममा रमाए । लगत्तै मेराजले विवाहका लागि दिदी-भिनाजुको मन्जुरी मागे । लक्ष्मीको नागरिकता बनाउन सँगै प्यूठान गए । त्यही बेला सासू चमेलीसित छोरीको हात मागे । दिदी-भिनाजुलाई पहिल्यै भनिसकेकाले चमेलीले कुनै आपत्ति जनाइनन् । बरू, आशीर्वाद दिइन्, 'छोरी खुसी हुन्छे भने ठीकै छ ।'

परिवार मञ्जुर भए पनि त्यसबेला नेपालगन्जमा हिन्दु-मुस्लिम वैवाहिक सम्बन्धमा परिवारका सदस्यभन्दा धेरै धार्मिक कट्टरपन्थीहरू बाधक थिए । अन्तरधार्मिक विवाह छुटाउन उनीहरूले अनेक प्रयास गरे । कतिसम्म भने तनाव झेल्न नपरोस् भनेर मेराजले प्रमुख जिल्ला अधिकारीसँग पहिल्यै सुरक्षा मागेर लक्ष्मीलाई भित्र्याउनुपर्‍यो ।

मेराजको परिवारमा हिन्दु र मुस्लिमका सबै चाडपर्व मनाइन्छन् । दसैं मनाउन उनी ससुराली जान्छन् । इदमा ससुरालीबाट आफन्तहरू आउँछन् । छोराहरूका लागि इद, दसैं र तिहार उस्तै-उस्तै लाग्छन् । हिन्दु र मुस्लिमबीच कुनै रोकटोक र भेदभाव छैन । दुई दशकदेखिको वैवाहिक जीवन सुमधुर चलिरहेको छ ।

मेराजको नेपालगन्जमा ५० वर्ष पुरानो ज्वेलर्स पसल छ । उनले भर्खरै सुन-चाँदीका गहना बनाउने आफ्नै नयाँ उद्योग खोले । त्यसको नाम राखे, लक्ष्मी ज्वेलर्स । उनीहरूका दुई छोरा छन्, फरदिन र फिदान । दुवैको थर भने केसी-इद्रिसी राखेका छन् । "सन्तानका नाममा आमाको पनि पहिचान देखियोस् भनेर केसी राख्न लगाएँ," लक्ष्मी भन्छिन्, "उहाँले पनि कुनै नाइनास्ति गर्नुभएन ।"

प्रेमिका पाउन धर्म बदले ● भरत-अकबरी

हिन्दु समुदायका भरत शर्मा मुस्लिम युवती अकबरी सिद्धिकीको प्रेममा परे । उनलाई पाउनकै लागि धर्म फेरेर इस्लाम भए । घर-समाजको अनेक बाधा-विरोध नाघेर उनले अकबरीसँग घरजम गरे । भन्छन्, "कसरी माया बस्यो भन्न सक्दिनँ । तर, हामीले एकअर्कालाई छाड्न सकेनौं ।"

भरतको घर घरबारी टोलमा थियो । अकबरी घँसियारन टोलमा बस्थिन् । देखादेखपछि चिनजान भयो । सम्बन्ध नजिकिँदै गएर प्रेममा बदलियो । उनीहरूको सम्बन्धलाई न अकबरीका परिवारले स्वीकार्‍यो, न त भरतका । सबैसित सम्बन्ध तोडेर उनीहरूले नयाँ संसार बसाए । "अर्कै धर्मको केटी बिहे गरेको भनेर परिवारले नाता तोडे," उनी भन्छन्, "कुनै नाता-सम्बन्ध नभएजस्तै छ । तैपनि, खुसी छु । प्रेम भनेकै यस्तो रहेछ । सबथोक गुमाएर पनि केही पाएजस्तो ।" अन्तरधार्मिक विवाह गर्न विद्रोह गरेर छाडेको घरमा अहिलेसम्म पाइला टेकेका छैनन् । कतिसम्म भने आमा बित्दासमेत आफन्तले भरतलाई थाहा दिएनन् ।

मुस्लिम र हिन्दुको सामेली समाजमा हुर्किएका भरतका लागि यी दुई समुदाय कहिल्यै फरक लागेनन् । दुवै धर्मप्रति सानैदेखि उनको सम्मान रह्यो । "हिन्दु भन्नूस् वा इस्लाम, आखिर ईश्वर एउटै हुन्," भरत भन्छन्, "त्यही सोचेर मैले विवाहपछि इस्लाम रोजें ।"

अहिले उनीहरूका एउटी छोरी छन् । उनी भारतमा स्नातक पढ्दैछिन् । भरत इँटाभट्टामा काम गर्छन् । अकबरीले घर सम्हालेकी छन् । भरत भन्छन्, "घरपरिवार र समाजले राम्रो मानोस् वा नमानोस्, हामीले आफ्नो जिन्दगी आफ्नै तरिकाले बाँचेका छौं ।"

> "प्रेम भनेको यस्तै रहेछ । सबथोक गुमाएर पनि केही पाएजस्तो ।"

घर-परिवार जोडेको प्रेम ● आलम-सीमा

बाँके, फत्तेपुरकी सीमा घर्ती मगर र बेतहनीका आलम खानको पहिलो भेट सात वर्षअघि महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्जमा भएको थियो। उनीहरू दुवै स्नातक पढ्थे। दक्षिणपूर्वी एउटै भेगका उनीहरू बिस्तारै नजिकिए, एकअर्कालाई मन पराउन थाले। "प्रेम आफैं हुँदो रहेछ," आलम भन्छन्, "थाहा नपाएरै एकअर्कामा समर्पित भएको महसुस भयो।"

जब उनीहरू विवाह गर्ने टुंगोमा पुगे, सीमा-आलमले सोचेजस्तो सजिलो भएन। उनीहरूबीच धर्म र संस्कृतिका असजिला अवरोध आए। "माया-प्रेममा धर्म, जाति र समुदायको कुनै सीमा हुँदो रहेनछ," आलम भन्छन्, "व्यवहारमा त्यो सम्बन्ध टिकाउन भने निकै गाह्रो पर्दो रहेछ।"

सशस्त्र द्वन्द्व चर्किएपछि सीमाको परिवार रोल्पाको माडीचौरबाट बसाइँ सरेर बाँके झरेको थियो। उनका बुबा सानैमा बिते। दाइ-भाउजू माओवादी 'जनयुद्ध'मा मारिए। आमा पनि ब्लड क्यान्सरले बितेपछि सीमा वृद्ध हजुरआमाको सहारामा हुर्किइन्। जब उनले आलमलाई जीवनसाथीका रूपमा पाइन्, सहजै स्वीकारिन्। आलम पनि कम्ती खुसी थिएनन्। तर, धर्म, संस्कार र भाषासमेत नमिल्ने पहाडी बुहारी भित्र्याउनुपर्दा आलम परिवार धेरै महिनासम्म बेखुस रह्यो।

सीमाले प्रेमपूर्ण व्यवहारबाट घर-परिवारलाई जोड्दै गइन्। जब सासू प्यारालाइसिस भएर थलिइन्, स्वास्थ्यकर्मीसमेत रहेकी सीमाले छोरीले झैं स्याहार गरिन्। जात, धर्म र समुदायलाई जोड्ने भनेको आखिरमा माया नै त हो। सीमाले पनि जोडिन्। भर्खरै उनीहरूकी छोरी जन्मिएकी छन्। लोकसेवा आयोगबाट अनमि चौथो तहमा उत्तीर्ण भएकी उनी अहिले स्वास्थ्य सेवाका लागि जाजरकोट पुगेकी छन्।

> "माया-प्रेममा धर्म, जाति र समुदायको कुनै सीमा हुँदो रहेनछ।"

प्रेमले बनायो हाजी ● शक्ति-शायरा

> "धर्मका नाममा हाम्रो परिवारमा कुनै द्वन्द्व छैन।"

शायरा खानलाई सानो छँदा शक्तिकुमार वंशकारले ट्युसन पढाए। जब हुर्किइन्, उनैको हात माग्न बुबा जुबेर खानकहाँ पुगे। भन्छन्, "कुरानले केटाको धर्म र चरित्रमा चित्त बुझे मात्र अभिभावकले छोरी दिन सक्छन् भन्ने उल्लेख छ। त्यसैले म छोरी माग्न इस्लाम बनेरै गएँ।"

अनेक टीका-टिप्पणी सुनेरै भए पनि शायराका बुबा जुबेरले शक्तिकुमारलाई छोरी दिए। उनी विज्ञानका शिक्षक थिए तर आध्यात्मिक। नित्य मन्त्र पाठ गर्थे, शिवरात्रि र दुर्गापूजामा व्रत बस्थे। तर, एक ईश्वरको खोजी गर्दै जाँदा अल्लाहलाई भेटेको भन्दै १० वर्षअघि एकाएक इस्लाम कबुल गरे। छिमेकी र साथी-संगीहरू शक्तिले शायराको प्रेममा परेर धर्म फेरेको टिप्पणी गर्छन्।

अहिले शक्तिकुमार फेरिएर मौलाना अब्दुल कविका नाममा चिनिन्छन्। मक्का-मदिनाको तीर्थयात्रा गरेर हाजीसमेत भइसके उनी। वंशज मुस्लिमहरूलाई उनी अहिले धार्मिक प्रवचन दिन्छन्। सुरुमा खान परिवारले शायरालाई पाउनकै लागि उनी इस्लाम बनेकाले छिट्टै हिन्दु धर्ममा फर्किने भन्दै विरोध जनाएका थिए। शायरालाई अर्कै केटासित बिहे गराउने प्रस्तावसमेत रातारात लगिएको थियो। तर, उनले प्रेममा मात्र होइन, धर्ममा पनि आफ्नो अडान छाडेनन्।

उनका बुबा राजकुमारले पनि दैलेखकी मीना शाहसित अन्तरजातीय विवाह गरेका थिए। छोराले इस्लाम स्वीकारेपछि जीवनको अन्तिम क्षणमा उनी पनि इस्लाम भइदिए। आठ वर्षअघि जब उनको निधन भयो, कुन विधिबाट अन्तिम संस्कार गर्ने भन्नेमा छरछिमेक र आफन्त विभाजित भए। हिन्दुहरूले दाहसंस्कार गर्न खोजे, मुस्लिमहरूले कब्रस्थान लैजानुपर्ने दाबी गरे। दुई पक्षले शव तानातान गर्न थालेपछि बस्तीमा दंगाको स्थिति आयो। अन्त्यमा, प्रहरी सुरक्षा सहयोग लिएर इस्लाम संस्कार अनुसार राजकुमारको अन्त्येष्टि गरियो।

राजकुमारको निधनपछि वंशकार परिवारमा अर्को रोचक दृश्य देखियो। "अहिले आमाले पनि इस्लाम कबुल गरिसक्नुभएको छ," शक्ति भन्छन्, "पाइलट भाइ सूर्यकुमार हिन्दु नै छन्। तर, धर्मको निहुँमा परिवारमा कुनै द्वन्द्व छैन।"

चिट चोराउँदा चोराउँदै प्रेम ● सफिक-पिंकी

सफिक बेहना र पिंकी शाहले वैवाहिक सम्बन्ध गाँसेको २२ वर्ष भयो । उनीहरूको प्रेमिल जोडी सजिलै बाँधिएको भने होइन । अन्तरधार्मिक विवाहमा कस्ता दुःख आइपर्छन् भन्ने एउटा उदाहरण बनेको छ, यो जोडी । पिंकी नेपालगन्जको मंगलप्रसाद माविमा पढ्थिन् । १० कक्षामा फेल भएपछि साथीसंगीको लाजले गौसिया माविमा भर्ना भइन् । त्यहाँ पिंकी सफिकको प्रेममा परिन् ।

सुरुमा पिंकी सफिकलाई तेज विद्यार्थीका रूपमा चिन्थिन्, जो उनका साथीको आग्रहमा हरेक परीक्षामा चिट चोर्न सघाउँथ्यो । तर, नजानिँदो ढंगले त्यो सम्बन्ध प्रेममा बदलियो । टेस्ट परीक्षा उत्तीर्ण भएर पनि पिंकीसँगै पढ्न कक्षा दोहोऱ्याए । सफिक क्रिकेट खेल्थे । चौथो राष्ट्रिय खेलकुदमा उनी कबड्डी प्रतियोगितामा सहभागी भएका थिए । त्यतिबेलै पिंकीलाई बडी बिल्डिङ मन पर्छ भन्ने कसैले सुनायो । त्यसपछि जिमखाना जान थाले । इस्लाम खानलगायतका साथीहरू थिए, जसले उनलाई पिंकीले मन पराउँछे भनेर जिस्काउँथे । उनको नामबाट प्रेमपत्रसमेत लेखिदिन्थे ।

टेस्ट परीक्षा चलिरहेकै बेला उनीहरू भागे । "केही नसोचेरै स्कुल ड्रेसमै उहाँसित भागेँ," पिंकी सम्झिन्छिन्, "त्यसबेला मलाई भविष्यको कुनै चिन्ता भएन किनभने मसित सफिक थिए ।" उनीहरू भागेर रुपैडिया हुँदै बाबागन्ज पुगे । त्यसबेला नेपालगन्जमा शिव सेना र इस्लाम युवाको ठूलै द्वन्द्व थियो । त्यसैले सफिक-पिंकी भागेकामा परिवारभन्दा धेरै धर्मवाला चिन्तित थिए । उनीहरू यो जोडीलाई छुटाउन चाहन्थे । पिंकीका परिवारले सफिकका परिवारविरुद्ध नाबालिक छोरी बेपत्ता बनाएको प्रहरीमा उजुरी दिए । प्रहरीले उनीहरू सबैलाई थुनामा राखेर खोजी गऱ्यो । परिवार थुनिएको खबरपछि उनीहरू फर्किए । पिंकीलाई माइतीले घर फर्काएर दिल्लीस्थित फुपूको घर लगे । एक वर्षपछि नेपालगन्ज आएका बेला सफिकले पुनः भगाए । पटक-पटक भगाउने र फिर्ता लैजाने क्रम चलिरह्यो । दिल्लीबाट फर्केर बहराइचमा जडीबुटी कारोबार सुरु गरेको केही महिनामै पिंकी गर्भवती भइन् । त्यसपछि भने माइतीले उनलाई फर्काउन खोजेनन् ।

सफिकको परिवार आर्थिक रूपमा कमजोर नभए पनि जबर्जस्ती हिन्दु केटी विवाह गरेकामा बेखुस थियो । छोराले आफैं मिहिनेत गरेर कमाओस् भन्ने बुबाको चाहना थियो । त्यसबेला सफिकले के गरेनन् ? दैनिक १ सय २० किमि साइकल चलाएर व्यापार गरे । ठकुरी परिवारमा लाडप्यारले हुर्किएकी पिंकी बुर्का लगाएर घरैमा बस्थिन् । संयुक्त परिवारमा बसुन्जेल झन्डै आठ वर्ष उनले बुर्का लगाउनुपऱ्यो । कुरान पढिन्, अरबी-उर्दू भाषा सिकिन् । सफिक नौ महिना कतार गए । त्यसबेला उनी घरबाट बाहिर निस्किन पाइनन् ।

> "मलाई भविष्यको कुनै चिन्ता भएन किनभने मसित सफिक थिए ।"

तर, अहिले स्थिति बदलिएको छ । पिंकीले बुर्का ओढ्नुपर्दैन । उनीहरू छुट्टै बस्छन् । सफिक स्थानीय निर्वाचनमा नेपालगन्ज उप-महानगरपालिका-४ को वडाध्यक्षमा विजयी भए । कुनै बेला सफिकसँग छुटाउन खोज्ने दाइ राकेशसँग पनि सम्बन्ध सुध्रिएको छ । चाडवाडमा सँगै हुन्छन् । पिंकी रक्षाबन्धन, भाइटीका र होलीमा सँगै हुन्छिन् । राकेश पनि इद मनाउन बहिनीको घर जान्छन् ।

अभिभावकको मञ्जुरीमै विवाह ● प्रवेज-मुन्नी

> "घर-परिवारलाई पछुतो हुने गरी कहिल्यै व्यवहार गरेका छैनौं ।"

प्रवेज अलि सिद्धिकी र मुन्नी चौधरीको पहिलो भेट नेपालगन्ज रंगशालामा भएको थियो । प्रवेज ब्याडमिन्टनका खेलाडी थिए, मुन्नी भलिबलकी । ०३८ मा पहिलो राष्ट्रिय खेलकुदमा मुन्नीको टिम सहभागी भई पदकसमेत जितेको थियो । प्रवेज दोस्रो राष्ट्रिय खेलकुदमा मात्र सहभागी भए ।

प्रवेजको परिवारको कृषि सामग्री उद्योग थियो । फुपाजु फत्तेहसिंह थारु मन्त्री भएका बेला मुन्नी कृषि अनुसन्धान केन्द्र नार्कमा अस्थायी नायब सुब्बा भइन् । उनीहरूको सम्बन्ध त्यतिबेलै झाँगियो । झन्डै आठ वर्षको प्रेम-सम्बन्धलाई उनीहरूले विवाहमा बदल्ने निर्णय गरे । "अभिभावकको सहमतिमै हामीले बिहे गऱ्यौं," प्रवेज भन्छन्, "घर-परिवारलाई पछुतो हुने गरी कहिल्यै व्यवहार गरेका छैनौं ।"

प्रवेजले मुन्नीलाई 'निकाहनामा' (विवाह कबुलपत्र) पढाएपछि उनको टोलमा त्रास फैलिएको थियो । पूर्वमन्त्री थारूकी भतिजी भगाएकाले के हुने हो भन्ने चिन्ता थियो । तर, प्रवेजले पहिल्यै उनको परिवारलाई मञ्जुर गराइसकेका थिए । "आमाले फरक धर्ममा बिहे गर्न लाग्दासमेत कुनै विरोध गर्नुभएन," मुन्नी भन्छिन्, "बरू, छोरीलाई खुसी राख्नूहोला भनेर आशीर्वाद दिनुभयो ।"

२८ वर्षे वैवाहिक सम्बन्धमा धर्म र संस्कृतिले उनीहरूलाई विभाजित होइन, झन् नजिक बनाएको छ । प्रवेजको घरमा सबै पर्व मनाइन्छन् । उनी दसैंमा टीका लगाउन ससुराली जान्छन् । भाइटीका लगाउन र राखी बाँध्न धर्म-बहिनी बनाएका छन् । इद-दसैं होस् वा दीपावली-माघी, उनीहरू उत्तिकै रमाउँछन् । ◆

राजदूतमा राजनीति

आधा दर्जन राजदूत फिर्ताको तयारी, केहीको स्थान परिवर्तन हुने

चन्द्रशेखर अधिकारी

नेपाली कांग्रेस र नेकपा एमाले गठबन्धनको तत्कालीन सरकारले अस्ट्रियाको भियनामा स्थायी नियोग खोल्ने निर्णय गर्‍यो । कांग्रेस र माओवादी गठबन्धन सरकारले पनि युरोपकै स्पेनमा दूतावास थप्यो । तत्कालीन दुई सरकारले बिनाअध्ययन गरेका यी निर्णय कूटनीतिक क्षेत्रकै 'हचुवा'मध्येका थिए ।

खासगरी विसं ०६२/६३ पछि खुलेका सबै नियोग भागबन्डा मिलाउन 'हचुवा'मा नै निर्णय लिएको पाइन्छ । खासगरी युरोप, क्यानडा, खाडीकै केही दूतावासको मासिक प्रतिवेदन हेर्ने हो भने पनि काम नपाएर राजदूतहरू आराम गर्न गएको धारणा परराष्ट्र अधिकारीकै छ ।

'तपाईंलाई भियनामा कामको बिजनेस पुग्छ ?' संसदीय सुनुवाइ समितिमा सदस्य रहँदा प्रकाशशरण महतले अस्ट्रिया (भियना) का लागि त्यतिबेला प्रस्तावित राजदूत प्रकाश सुवेदी (हाल राजदूत)सँग सोधेका थिए । उनको आशय थियो, भियनामा नेपाली स्थायी नियोग आवश्यक छैन । वास्तविकता पनि त्यही हो । उनै महत परराष्ट्रमन्त्री भएका बेला युरोपकै अर्को मुलुक स्पेनमा बिनाअध्ययन दूतावास खोल्न सिफारिस गरे । यसबाट राजनीतिक नेतृत्वको कार्यशैली र अडान स्पष्ट हुन्छ । उनको त्यो निर्णयले परराष्ट्र मन्त्रालय आश्चर्यमा पर्‍यो । किन खोले स्पेनमा दूतावास ? यसको उत्तर खोज्न महतलाई नै सोध्नू परराष्ट्रका अधिकारीको जवाफ छ । मन्त्रालयले दूतावास स्थापनापछि राजदूत सिफारिस भएर एग्रिमो (सहमति) आएको ६ महिना ढिलो गरी राजदूतलाई रमाना दियो । त्यो अर्को भूल थियो ।

तत्कालीन केपी ओली नेतृत्वको सरकारले राष्ट्रपतिको भारत भ्रमणको विषयलाई लिएर फिर्ता बोलाएका राजदूत दीपकुमार उपाध्याय पुष्पकमल दाहाल नेतृत्वको सरकारमा पुनः राजदूत भए । न्याय पाएको भन्दै दोस्रोपल्ट कार्यभार सम्हाल्न दिल्ली हान्निएका कांग्रेस नेता उपाध्याय पुनः संसद्मा फर्कन एक वर्ष पनि नबसी निर्वाचन उठ्न आए । त्यहाँ अझै राजदूत नियुक्त गरिएको छैन । प्रधानमन्त्री ओलीको भारत भ्रमण आउँदो चैत अन्त्यमा हुने अवस्था छ । तर, राजदूतको पत्तो छैन । कूटनीतिक क्षेत्रको बेथिति र हचुवाका यी पछिल्ला उदाहरण हुन् । जसले हाम्रो कूटनीतिक शैली र कार्यलाई स्पष्ट संकेत गर्छ । लामो समयदेखि राजदूत नपठाउने, कर्मचारीको दरबन्दी थप्ने । एक कर्मचारीको खर्च बराबर पाँच स्थानीय कर्मचारी राख्ने सकिने भए पनि त्यता ध्यान दिँदैन, परराष्ट्र मन्त्रालय । दूतावास खोल्न र कर्मचारी थप्न अध्ययन आवश्यक हुन्छ तर त्यसो गरिएको छैन । केही गैरआवासीय नेपाली नेतालाई दूतावासमा सम्बन्ध राखेर 'धन्दा' गर्न र नेता त्यहाँ पुग्दा बस्ने स्थान जोहोकै लागि दूतावास खोल्नु आफैँमा दुःखद पक्ष हो । एउटा दूतावास स्थापना गर्न सुरुमा पाँच करोडभन्दा बढी र वार्षिक सात-आठ करोड रकम खर्च हुन्छ । यसरी अध्ययनबिना खोलिएका दूतावासलाई बन्द गरी अत्यावश्यक स्थानमा राखेर बढी सक्षम बनाउनुपर्ने सुझाव मन्त्रालयमा नआएको होइन । त्यो सुझाव कार्यान्वयन त परको विषय 'सुन्नै'समेत चाहँदैनन् मन्त्रालयका अधिकारी ।

कुनै छलफल नगरी दूतावास खोल्ने मात्र होइन, लहडमै राजदूत नियुक्ति गर्ने प्रचलन पनि हुर्किंदो छ । वर्तमान सरकारमा पनि बहसको विषय बनेको छ, राजदूत नियुक्ति । यसअघि केपी ओली नेतृत्वको सरकारले राजदूतमा २१ जना सिफारिस गरे पनि पुष्पकमल दाहाल नेतृत्वको सरकारले परराष्ट्र मन्त्रालयबाट सिफारिस भएका आठ जना सहसचिवबाहेक १३ जनाको नियुक्ति गत २९ साउन ०७३ मा उल्टाएको थियो । र, पछि १२ स्थानमा राजदूत नियुक्त गरियो । राजदूत नियुक्तिको प्रसंग उठ्दा सधैँ परराष्ट्र सेवाभित्रबाट कि बाहिरबाट भन्ने प्रश्न उठ्ने गर्छ । छिमेकी चीन र भारतको अभ्यास हेर्ने हो भने त्यहाँ राजनीतिक नियुक्ति अत्यन्तै कम छ । यद्यपि, उनीहरूको करिअर र हाम्रोमा फरक छ । उनीहरू साँच्चै करिअरका नै विज्ञ र राजनीतिक हैसियतका राख्छन् तर हाम्रोमा त्यसप्रकारको विज्ञता हासिल गरेका करिअर बिरलै भेटिन्छन् । यदि थिए त राजदूतको पदावधि सकिएपछि उमेर भएकाहरूले पनि बाह्य क्षेत्रमा केही गरेको देखिनुपर्ने हो, त्यो देखिँदैन । कतिपय मुलुकले राजदूत नियुक्तिलाई राजनीतिक निर्वासनका रूपमा पठाउने प्रचलन छ । त्यसलाई सम्झने हो भने राजदूत विशुद्ध राजनीतिक नियुक्ति हो । अलेक्जेन्डर कोलोन्ताईलाई रुसी नेताहरूले आन्तरिक राजनीतिका कारण मेक्सिको, नर्वे र स्वीडेनमा राजदूत बनाएका थिए । हाम्रोमा

पनि त्यसप्रकारको चलन नभएको होइन । तर, हामीकहाँ राजदूत नियुक्ति फिर्ता सरकार परिवर्तनपछिको एजेन्डा बन्ने गरेको छ । कुन ठीक भन्नेमा अन्योल अझै छ । कतिपय स्थानमा परराष्ट्र मन्त्रालयकाले राम्रो गरेका छन् भने कतिपय स्थानमा अन्यले । परराष्ट्र मन्त्रालयको चिन्ता दूतावास बढाउने भन्दा केन्द्र बलियो बनाउने हुनुपर्नेमा त्यो उल्टो छ। सुन्दा अचम्म लाग्ला, हाल परराष्ट्रमा कार्यरत नेपाली कूटनीतिज्ञभन्दा पश्चिमा मुलुकको एक दूतावासमा १२ जनाभन्दा बढी कूटनीतिज्ञ काठमाडौंमा काम गर्छन् ।

सरकारले विश्वास नगरेपछि आफैं फिर्ता हुनुपर्ने स्तरको आत्मसम्मान राजदूतले राख्न सकेका छैनन् । राजनीतिक नियुक्ति फिर्ता बोलाइएको उदाहरण दिइन्छ। तर, कर्मचारीबाट गएका पनि फिर्ता भएका छन् । केदारभक्त श्रेष्ठ (अमेरिका), प्रबलशमशेर जबरा (बेलायत), बिन्देश्वरी शाह (भारत), मुरारिराज शर्मा (बेलायत) र पुष्करमान सिंह राजभण्डरी (पाकिस्तान)बाट कार्यकाल नसकिँदै फिर्ता भएका थिए । बर्खास्तीमा परेकाहरू न्यून भए पनि सेवा र राजनीतिक नियुक्ति दुवैका छन् । पीसी ठाकुर, विश्व प्रधान, हमिद अन्सारी र मायाकुमारी शर्मा बर्खास्तीमा परेका थिए । कर्मचारीले राजदूतका रूपमा राम्रो काम गर्न नसक्दा फिर्ता बोलाएर महाशाखामा राख्न सक्ने छुट सरकारलाई छ । अहिले यही विषयमा छलफल र बहस चलिरहेको छ । वर्तमान सरकारले केही राजदूत फिर्ता बोलाउने र खाली स्थानमा नयाँ राजदूत पठाउने तयारी थालेको छ । जापान, इजरायल, स्पेन, कतार, बंगलादेश, म्यानमार, दक्षिण कोरिया, श्रीलंकालगायतकालाई फिर्ता बोलाउने तयारी छ । बेलायत, रुस, अमेरिका र अन्य केहीका राजदूत मुलुक परिवर्तन गर्ने गृहकार्यमा सरकार छ । राजदूत सिफारिस सोचेर गर्न आवश्यक रहेको सुझाव आइरहेको अवस्थामा परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले यसमा काम गर्ने सोच बनाएका छन् ।

मन्त्री ज्ञवालीले अहिले भएका सबै दूतावासको तीनपटकको समीक्षा (प्रतिवेदन) अध्ययन गरी त्यहाँ कस्ता व्यक्ति योग्य हुन्छन् भन्ने सोच्न आवश्यक रहेको भन्दै आफैंले अध्ययन थालेका हुन् । मन्त्रालयका कर्मचारीले अधिक राजदूत परराष्ट्र सेवाबाट हुनुपर्ने अडान राखे पनि यस्तो अडान उपयुक्त र राम्रो नभएको राजनीतिक नेताहरूको भनाइ रहने गर्छ । राजनीतिक तह, प्राध्यापन, अन्य मन्त्रालय, स्वतन्त्र र सञ्चार क्षेत्रमा कार्यरत व्यक्ति पनि अब्बल रहेको उनीहरू बताउँछन् । परराष्ट्रबाट गएकाले उदाहरणीय काम गरेको सोध्ने हो भने सायदै होलान् । युरोपेली मुलुकका विकास परियोजना हेर्ने अधिकारीले पंक्तिकारसँग भने, "कर्मचारी राजदूत भएर आए हामीलाई त सहज हुन्छ तर मुलुकको हित नै चाहने हो भने विज्ञता हासिल गरेका र साँघुरो घेराबाट बाहिरिएका व्यक्ति पठाउँदा राम्रो हुन्छ ।" मन्त्रालयमा विज्ञता हासिल गरेका करिअर कूटनीतिज्ञ निकै थोरै रहेका र महाशाखा चहार्दैमा विज्ञ नभइने ती अधिकारीको धारणा छ ।

लामो संघर्षपछि स्वतन्त्र भएका मुलुकले आफ्नो अस्तित्वका लागि विश्वभर दूतावास खोल्छन् भने आर्थिक रूपमा सबल भएका मुलुकले विश्व राजनीतिमा प्रवेशका लागि दूतावास खोल्छन् । नेपालका लागि यो आवश्यक भने देखिँदैन । भएकै दूतावासको मासिक मूल्यांकन हेरेर साँच्चै आवश्यक पर्ने स्थानमा गतिलो उपस्थितिसहितको दूतावास राख्दा राम्रो हुनेछ । नेपालले १ सय ५८ मुलुकसँग कूटनीतिक सम्बन्ध कायम गरेको छ । मुलुक सम्पन्न हुँदै विश्व राजनीतिमा समेत वर्चस्व राख्न खोज्छ भने सबैमा दूतावास स्थापना गरे हुन्छ । राजदूत नियुक्ति प्रक्रिया अघि बढाउँदा कसैलाई भाग नपुग्ने डरभन्दा पनि केही दूतावासलाई गाभेर बलियो उपस्थितिका लागि मन्त्रालयको महाशाखा चुस्त बनाउन आवश्यक छ । जुन सुझाव विभिन्न क्षेत्रबाट आए पनि विदेश पोस्टिङको लोभले कार्यान्वयनमा जान सकेको छैन ।

बिनातयारी दूतावास स्थापना गर्दा केही नेता र कर्मचारीलाई भागबन्डा गर्न सजिलो होला तर यसले मुलुकलाई दीर्घकालीन असर गर्छ । भारत, युनाइटेड अरब इमिरेट्स, मलेसियामा राजदूत खाली छन् भने न्युयोर्कस्थित अस्थायी नियोगमा पनि अर्को व्यवस्था नभएसम्म भनी अडिएका कामचलाउ राजदूत छन् र जेनेभा नियोग पनि खाली हुँदैछ । खाली नहुँदै राजदूत सिफारिस हुनु राम्रो हो । स्थान तय गरी त्यो स्थानका लागि उपयुक्त पात्र नै पठाउने गरी राजदूत नियुक्ति गर्न आवश्यक छ । योग्यता र क्षमतालाई आधार बनाएर राजदूत नियुक्त गर्न सक्नुपर्छ । उच्चस्तरीय कार्यदलले दिएको सुझावमा समेत यस्ता विषय रहेका छन् । सन् १९३४ मा बेलायतमा दूतावास खोलेर औपचारिक कूटनीतिक अभ्यास थालेको नेपालले त्यसपछि छिमेक हुँदै अहिले ३० मुलुकमा दूतावास खोलिसकेको छ । यस्तै, तीन स्थानमा राष्ट्रसंघीय स्थायी नियोग छ भने चार मुलुकका ६ सहरमा कन्सुलेट जनरल (महावाणिज्य दूतावास)को कार्यालय स्थापना गरिसकेको छ । नेपालका विश्वभर ३९ औपचारिक कूटनीतिक नियोग छन् ।

०६२/६३ को जनआन्दोलनपछि सरकारले खोलेका दर्जनभन्दा बढी दूतावासको औचित्य अझै पुष्टि हुन सक्ने प्रकारको छैन । नेपालले यस्तै औचित्य पुष्टि गर्न नसक्दा सन् १९६० को दशकमा इटालीको रोम र १९७० को दशकमा तेहरानमा रहेको आवासीय दूतावास स्थापनाको छोटो समयमै बन्द गरेको थियो । नेपालमा खुलेका दूतावास पनि बन्द हुने र उपस्थिति घटाउने काम हुँदै गएका छन् । इतिहास पल्टाउने हो भने विशेष दूत पठाउने चलन मल्लकालदेखिकै हो । विश्वमा सन् १४५५ बाटै कूटनीति अभ्यासमा आएको भए पनि कंग्रेस अफ भियनाले सन् १८१५ मा कूटनीतिक पदको परिभाषा गरेको हो । अहिले यो परिभाषा निकै परिमार्जन भएको छ । एक देशमा राजदूत भएकाहरू अर्कोमा उप-प्रमुख भएर जान सक्छन् । राजदूतमा तह कायम गर्न यस्तो गरिन्छ । ◆

‘मलाई किन छुटाइयो, दुई अध्यक्षलाई सोध्नूस्’

राजनीतिक वृत्तमा एउटा किस्सा छ, '**वामदेव गौतम**को नामै काफी छ । जे बोल्छन्, प्रस्ट बोल्छन् ।' आसन्न वाम एकताका एक सूत्रधार यी नेता माओवादी शान्ति प्रक्रियामा आएदेखि नै दुई ठूला वाम पार्टी एक हुनुपर्ने तर्क गर्थे । त्यसबेला माओवादीलाई राजनीतिक शक्ति मान्न एमाले तयार थिएन भने माओवादीचाहिं एमालेलाई कम्युनिस्ट स्वीकार्नै रूचाउँदैनथ्यो । उनै गौतमसमेतले १७ असोजमा एमाले–माओवादीबीच एकताको लक्ष्य राखेर चुनावी गठबन्धन गराउन सफल भए । अरू नेताले चुनाव जित्दै गर्दा उनी आफैँचाहिं हारे । एमाले उपाध्यक्ष गौतमसँग **माधव बस्नेत**का प्रश्नहरू :



तस्विर : भास्कर ओझा

केही समययता किन मौन हुनुहुन्छ ?

चुनाव हारिसकेपछि अहिलेको गतिविधि चर्चायोग्य नभएर मौनजस्तो देखिएको हुँ। यसमा अरू कुनै कारण छैन।

तपाईंको पराजयको छानबिन कहाँ पुग्यो ?

यो कुरा पार्टीको प्रदेश प्रमुखलाई सोध्नुपर्छ। मैले सोध्दाखेरी प्रतिवेदनहरू प्राप्त भएका छन्, छिट्टै निर्णय गर्दैछौं भन्नुहुन्थ्यो। अरू उहाँहरूले जान्ने कुरा हो।

वामदेव समग्र पार्टीको कारण नभई आफ्नै कारणले हार्नुभएको हो भन्छन् नि ?

हराउनेवालाले आफू जोगिनका निम्ति भन्ने कुरा हो यो। मैले पनि *फेसबुक*, अनलाइनमा यस्ता कुराहरू देखें। यस्तो आरोप लगाउनेहरू आपराधिक हुन्। उनीहरू अत्यन्तै पूर्वाग्रही भएर त्यो सबै प्रचार गरेका छन्। मलाई हराउन उनीहरू किन संलग्न भए भन्ने कुरा बुझ्न सकेको छैन। म अहिले वाम गठबन्धनको एउटा प्रमुख व्यक्ति हुँ। केपी ओली, पुष्पकमल दाहाल 'प्रचण्ड' र म अहिलेको गठबन्धनका प्रमुख व्यक्ति हौं। त्यसपछि विष्णु पौडेल, जनार्दन शर्मा, नारायणकाजी श्रेष्ठले विभिन्न चरणमा प्रयत्न गरेर गठबन्धन बनेको हो। यस्तो अवस्थामा मलाई हराउन लागि पर्नेहरू कम्युनिस्ट आन्दोलनको अग्रगति नचाहने, नेपालको स्वाधीनता नचाहने, नेपालको समृद्धि पनि नचाहने व्यक्तिहरू हुन्।

त्यसो भए स्थानीय पार्टी कमिटीको असहयोगले मात्रै तपाईंको हार भएको हो ?

पार्टी कमिटीमा निर्णय गरेर अन्तर्घात भएको होइन। फेरि कमिटीमा निर्णय गरेर कसैले अन्तर्घात गर्दैन। क-कसको असहयोगले मेरो हार भयो, त्यो प्रतिवेदन आइसकेपछि नै खुल्ला। म यति मात्र भन्न चाहन्छु, बर्दियाको पार्टी कमिटी त एक किसिमले डिफर्मजस्तै थियो। त्यो निर्वाचनमा म गएपछि मात्र सञ्चालन भयो। मैले सुरुदेखि नै त्यहाँको स्थिति नबुझ्नु र चार वर्ष पहिलेको पार्टी अहिले पनि छ भनेर बुझ्नु नै मेरो गल्ती भयो।

मन्त्रिपरिषद् कस्तो बनेको छ ?

धेरै व्यक्तिहरू भएको र ठूलो पार्टीमा थोरै व्यक्तिलाई लिँदा यस्तै हुन्छ। त्यसमा पनि सक्षम व्यक्तिहरू आउनुपर्छ भन्ने कुरालाई ध्यान दिँदा यस्तो भयो। गठबन्धनका सबैलाई समेट्नुपर्ने भयो। प्रधानमन्त्रीले स्थायी कमिटीमा भन्नुभयो, 'मन्त्रिपरिषद्मा लैजाने व्यक्तिलाई सक्षम-असक्षम भनेर पार्टीमा छलफल नगरौं। आफ्नो विवेक प्रयोग गर्छु। जस-अपजस सबै लिन्छु। त्यसैले सम्पूर्ण अधिकार मलाई दिनूहोस्।' सर्वसम्मतिका साथ अधिकार दियौं।

वाम गठबन्धनका आन्तरिक चुनौतीहरू के-के हुन् ?

कम्युनिस्ट पार्टीभित्र गुटबन्दी सबैभन्दा ठूलो आन्तरिक चुनौती हो। गुटबन्दीलाई प्रश्रय दियौं भने कम्युनिस्ट पार्टी धराशयी हुन्छ। पार्टी निर्णयप्रति वफादार भएर जाने र सामूहिक निर्णयमा प्रतिबद्ध भएमा गुटबन्दीलाई समाप्त गर्न सकिन्छ। गुटबन्दीमा आधारित भएर गरिने कुनै पनि निर्णयले निश्चित व्यक्ति त खुसी हुन सक्छ तर सिंगो पार्टी पंक्ति खुसी हुन सक्दैन। र, पार्टी जीवन समाप्त हुन्छ।

एमाले र माओवादीमा गुट मात्र छैनन्, बग्रेल्ती उपगुटसमेत छन् नि !

त्यही त चुनौती छ नि ! पार्टी एकताको घोषणा केही दिनभित्रै हुन्छ। तर, दुई पार्टीबीच हार्मोनिक रिलेसन कायम गर्न केही समय लाग्छ। एकताको भावना कमजोर हुने गरी कसैले गतिविधि गर्छन् कि भन्ने चुनौती छ। भावनात्मक एकता कसरी कायम गर्ने भन्ने अर्को ठूलो चुनौती छ। यसलाई चिरेमा बाहिरी जुनसुकै चुनौतीलाई हामी सफलताका साथ पार लगाउन सक्छौं।

एकता कहिलेसम्म हुन्छ ?

मैले ९ वैशाखसम्म अनुमान गरेको छु। नेपाल कम्युनिस्ट पार्टी स्थापना भएको ९ वैशाख अर्थात् २२ अप्रिल हो। हामीले त्यसलाई महत्त्व दिनुपर्छ। त्यसबेलाका नेताहरूले लेनिनको जन्मदिन पारेर पार्टी गठन गरे। अबचाहिँ नेपालमा कम्युनिस्ट पार्टी स्थापना भएको दिन पारेर पार्टी एकता गऱ्यौं भने एक भएको पार्टीले हरदम महत्त्व पाइरहन्छ।

एकतापछि नेतृत्व र कार्यकर्ताको व्यवस्थापनमा कस्तो समस्या आइपर्ला ?

समस्या माने समस्या आइलाग्छ। नमाने कुनै समस्या हुँदैन। म एकता संयोजन कार्यदलमा हुन्थें भने आजसम्म एकताका सबै काम पार लगाइसक्थें। अहिलेको कार्यदलले यो काम किन ढिलो गरिरहेको छ, मैले बुझ्न सकेको छैन। पार्टी एकता समन्वय समितिले बनाएको तीन कार्यदलमध्ये मेरो नेतृत्वमा बनेको सरकारको सुशासन र विकासका निम्ति प्राथमिकताको सुझाव दिने कार्यदलले लेखिदिइसक्यौं। त्यसपछि बनेका दुईवटा कार्यदललाई १५ दिनको समय दिइएको थियो। महिना दिनभन्दा बढी बितिसक्यो। उनीहरूले केन्द्रीय कमिटी, स्थायी कमिटी, पोलिटब्युरो, प्रदेश-जिल्ला कमिटी, स्थानीय तह, शाखा, जनवर्गीय संगठनका ढाँचाको क्राइटेरिया दिनुपर्ने हो। कार्यदलको प्रस्तावका आधारमा एकता हुन्छ।

> **संगठनको क्षेत्रमा एमाले र माओवादीभित्र म एक नम्बरमा पर्छु। मसँग जति अनुभव छ, त्यति दुवै पार्टीभित्रका कसैसँग पनि छैन।**

तपाईंलाई पार्टी एकता कार्यदलको नेतृत्वचाहिँ किन दिइएन त ?

खोइ ? दुई अध्यक्षलाई सोध्नुपर्ने हो यो। मेरो त विशेषज्ञता पनि हो। र, मेरो दाबी छ- संगठनको क्षेत्रमा एमाले र माओवादीभित्र म एक नम्बरमा पर्छु। मसँग जति अनुभव छ, त्यति दुवै पार्टीभित्रका कसैसँग पनि छैन। त्यसको नेतृत्व गर्ने मेरो भित्री चाहना पनि थियो। तर, मलाई दिनूस् भनिनँ। उनीहरूले दिएनन्। किन दिएनन् ? उनीहरू नै जानून्।

सहिद, अपांग, घाइते, बेपत्ता परिवारका सदस्यलाई एकतामा कसरी सम्बोधन गर्नुहुन्छ ?

त्यो पार्टी विशेषको मात्र सवाल होइन अब। उनीहरूका समस्या सरकारले सम्बोधन गर्नुपर्छ। किनभने, यो सबै सरकारको महत्त्वपूर्ण विषय भइसकेको छ। उनीहरूलाई राम्रोसँग सम्बोधन गर्नुपर्छ भनेरै बेपत्ता व्यक्तिको छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोग बनाइएको हो। यसबाहेक अन्य समस्याहरू जति पनि छन्, कतिलाई रोजगारी दिनुपर्ने होला, कतिलाई घरबास दिनुपर्ने होला, कतिलाई सम्मान गर्नुपर्ने होला। त्यो सबै सरकारले गर्छ। सहिद, अपांग, घाइते, बेपत्तालगायतका परिवारलाई ठूलो समस्याका रूपमा लिनु हुँदैन। हामी उनीहरूको सम्मान गर्ने तयारीमै छौं।

पहिले तपाईं ओली-प्रचण्डको मध्यस्थता गर्नुहुन्थ्यो। अचेल उहाँहरू कत्तिको सोध्नुहुन्छ तपाईंलाई ?

मैले जे गर्नुपर्ने हो, त्यही गर्दै आइरहेको छु। ओलीजी र प्रचण्डजीलाई पनि थाहा होला, मैले कहिले प्रत्यक्ष त, कहिले परिस्थिति सिर्जना गरेर धेरै काम गरेको छु। म जहाँ हुन्छु, सबैभन्दा पहिला त्यहाँ परिस्थिति निर्माण गर्छु। मैले निर्माण गरेकै बिन्दुमा नेता-पार्टीहरू सबै आइरहेका छन्। यसका निम्ति भूमिका खेल्ने हो, खेलिरहेकै छु। उहाँहरूले भन्नुहुनेछ,

वामदेवबिना गठबन्धन नै सम्भव थिएन। त्यसबेला मैले गर्वको अनुभूति गर्ने हो। यो कुरा अवश्य एक दिन ओली-प्रचण्डले भन्नु नै होला।

वाम एकतामा तपाईं र नारायणकाजीमध्ये कसको भूमिका कति छ ?

पछिल्लो पटक म र नारायणकाजीले १२ वैशाख ०७२ देखि एकताका लागि काम गर्‍यौं र १४ भदौ ०७४ सम्म निरन्तर सँगै छौं। तर, त्यसपछि उहाँ हट्नुभयो। माओवादी केन्द्रबाट जनार्दन शर्मा आउनुभयो। एमालेबाट पनि विष्णु पौडेल आउनुभयो। त्यसमा म सामेल भइरहें। पछिल्ला दिनमा हामी तीन जनाले गर्न सकेको सबैभन्दा ठूलो काम के हो भने एमालेतर्फ कमरेड केपी ओलीलाई र माओवादी केन्द्रतर्फ प्रचण्डलाई सहमत गराउन सकियो। हाम्रो प्रयासमा उहाँहरू दुवै सहमत हुनुभयो। तर, पछिल्ला दिनमा के कारणले नारायणकाजी छुट्नुभयो, थाहा भएन। यतिसम्म कि नारायणकाजी एकताको वातावरण बनाउन माओवादी-कांग्रेस गठबन्धनको समेत विपक्षमा हुनुहुन्थ्यो।

बाबुराम भट्टराईलाई गठबन्धनबाट निकाल्न पनि तपाईं र नारायणकाजीको भूमिका छ भन्ने आरोप छ नि ?

गलत कुरा। बाबुरामजीलाई हामीले के भन्यौं भने काठमाडौंमा माधव नेपाल उठ्ने क्षेत्र छाडेर अरू कुनै पनि ठाउँमा रोजेर उठ्नूस्। उहाँलाई पटक-पटक मैले नै यो आग्रह गरें। अरूले पनि त्यही भन्नुभयो। गोरखा छोडेर काठमाडौंबाट उठ्न आग्रह गर्‍यौं। कांग्रेसको सहयोगमा गोरखामा जिते पनि कुलमा बाबुरामजी हार्नुभएको छ। नारायणकाजीले हारेर र बाबुरामजीले जितेर पनि नोक्सान भएको छ। बाबुरामजी जितेर पनि मूल प्रवाहबाट बाहिर बसेर के पाउनु भयो ? संसारलाई हेर्ने र आफू एक्लै भुटभुटिनुबाहेक बाबुरामजीको के छ बाँकी ? त्यसैले बाबुरामजीलाई हटाउनका निम्ति भूमिका खेलेको भनेर ममाथि लगाइएको आरोप सरासर गलत हो। मबाट त्यो काम भएकै छैन।

स्थानीय तहदेखि प्रदेशसभा र संघीय संसद्का टिकट तपाईंको निवासबाट बाँडिएको होइन ?

मेरो निवासमा बसेको बैठकबाट बाँडिए। त्यसमा म पनि संलग्न छु।

टिकट वितरण गर्दा अन्याय गर्नुभयो कि ?

अन्याय भएको भए निर्वाचनको नतिजा यस्तो आउने थिएन। तर, पाउनुपर्ने धेरै थिए, कुनै छुटे होलान्। तापनि, टिकट नपाउनेलाई अन्यायमा परेको अनुभूति हुँदो रहेछ। किनभने, हरेकको आकांक्षा टिकट पाउने हुन्छ।

एमालेको नवौं महाधिवेशनबाट उमेर तोकिएकाले अहिलेको विधान अनुसार तपाईं अध्यक्ष बन्न सक्नुहुन्न होइन ?

पार्टीमा काम गर्नका निम्ति उमेर तोक्ने पापी मान्छेले मात्रै हो। हामीले पनि पापी निर्णय गरेका छौं। एमाले पार्टीमा ७० वर्षभन्दा बढी काम गर्न नपाउने जुन निर्णय भएको छ, त्यो सरासर अन्याय हो।

एमालेको दसौं महाधिवेशन वा दुई पार्टीबीचको संयुक्त महाधिवेशनमा निर्णय संशोधन हुन सक्छ ?

संशोधनमा जान सक्छ। नभए व्यक्तिको चुन्न-चुनिन पाउने अधिकार हनन भएको ठहर हुन्छ। कसैले उमेर हदको विधान ल्यायो भने यो पार्टी कम्युनिस्ट पार्टी नै होइन।

त्यसो भए तपाईं अझै पनि पार्टी अध्यक्ष र प्रधानमन्त्री बन्न सक्ने सम्भावना छ ?

अहिले नै छ/छैन भन्न सक्दिनँ। पार्टीले दिएको जिम्मेवारी, क्राइटेरिया पूरा गर्ने व्यक्तिहरू सबैको सम्भावना रहन्छ। त्यसमा पनि मैले कम्युनिस्ट पार्टीमा गरेको योगदान समकालीन कुनै नेताको भन्दा कम छैन। अनि, सम्भावना छैन कसरी भनूँ !

वामदेव गौतमलाई प्रधानमन्त्री दिनुपर्छ भन्ने आवाज अब सेलाएको हो ?

भन्नै परेन ! केपीजीले १०औं पटक, प्रचण्डजीले २०औं पटक भन्नुभएको थियो। तर, स्थानीय तहको निर्वाचन हुनुअघि नै माहोल बिग्रियो। वाम गठबन्धन टुट्यो। त्यसैले त्यो माहोल नै सेलाएर गयो।

तपाईं प्रधानमन्त्रीको उम्मेदवार भएकैले संघीय संसद्को निर्वाचनमा हराइएको त होइन ?

ठीक छ नि त ! चुनाव हारेर आएको मानिस कसरी प्रधानमन्त्री हुन्छ त ?

अझै पनि प्रधानमन्त्री बन्छु भन्ने छ ?

सम्भावनै नभएको बेलामा बन्छु भनेर के गर्नू ? सम्भावना भएका बेलामा त भनियो नै। पहिला संसद्मा चाहिँ आउनुपर्‍यो। अहिले पार्टी एकता हुने सन्दर्भमा हामीले दुई पार्टीका नेताहरूलाई व्यवस्थापन गरेका छौं। यो सबै व्यवस्थामा मेरो के हुन्छ, अर्काको के हुन्छ, अहिले भन्न सकिँदैन। पार्टी एकतापछि बल्ल भन्न सकिन्छ।

एमाले र माओवादीका सबैभन्दा मिल्ने पक्ष के हुन् ?

विचार, व्यवहार र देशको आवश्यकता। समाजवाद निर्माण, सामाजिक-आर्थिक रूपान्तरण साझा एजेन्डा हुन्, नेपाल राज्य समाजवादोन्मुख छ भन्ने निर्णय गर्ने संविधानलाई हेर्दा यी मिल्ने पक्ष हुन्।

नमिल्ने पक्ष ?

पार्टीको इतिहास।

अब पार्टी एकता बिथोलिँदैन ?

ढुक्क भए हुन्छ, बिथोलिँदैन। अब नेपालमा एकीकृत कम्युनिस्ट पार्टी स्थापना हुन्छ। समाजवाद पनि आउने कुरा सुनिश्चित छ।

यो सरकारका वाचा पूरा नभए निराशा छाउँछ, होइन ?

सकिएन भन्ने कुरा किन गर्नू ? योजना बनाएर हामी अगाडि आएका छौं, सक्छौं नि ! हामीसित समृद्धिका स्रोत प्रशस्तै छन्। हामी त्यसलाई सदुपयोग गर्छौं। समृद्धि कायम गर्छौं भनेर भनिसकेपछि नभए के हुन्छ भन्नेजस्तो प्रश्न गर्दै नगर्नूस् न !

कम्युनिस्ट सरकार कति वर्ष टिक्ला त ?

न्यूनतम ५० वर्ष टिक्छ। समाजवाद निर्माण हुन्छ। अब कम्युनिस्ट पार्टीले नेतृत्व गर्‍यो, गर्‍यो हाम्रो देशमा। ◆

shanker

JAGDAMBA STEEL
देशको मेरुदण्ड

RHINO
GUARANTEED DUCTILITY
Fe 500D

*नेपाल अधिराज्य भरी ५०० के.जी. भन्दा बढीको खरिदमा ढुवानीको व्यवस्था गरिएको छ ।

नेपालमा पहिलो पटक
Guaranteed Rebar

GUARANTEE CARD

Lowest Carbon

Less Impurities (S+P= 0.075)

Min. Elongation 16 %

हरेक खरिदमा पाउनुहोस् ग्यारेन्टी कार्ड

NS:191

IS : 1786

OYSTER

RHINO 500D 12

नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450)

जैनेन्द्र जीवन

राज्य : लोक कल्याणकारी कि

'उत्पादन, वितरण र विनिमयका साधन सामूहिक वा राज्यको स्वामित्वमा रहने राजनीतिक र आर्थिक सिद्धान्त वा पद्धति ।' अक्सफोर्ड राजनीतिक शब्दकोशको यो परिभाषासँग नमिले पनि 'पुँजीवादका जस्तै यसका पनि धेरै रूप हुन सक्छन्' भन्ने सोही पारिभाषिक कोशको पूरक व्याख्यानुसार भने हाम्रो संविधानमा उल्लिखित समाजवादलाई पनि समाजवाद मान्न सकिन्छ ।

नेकपा एमाले र माओवादी केन्द्रले पछिल्लो समय विश्वमै असफल भइसकेको निजी सम्पत्तिको उन्मूलनमा आधारित र राज्यनियन्त्रित कम्युनिस्ट अर्थतन्त्र अब चल्दैन भन्ने कुरा बुझिसकेका थिए, छन् । द्रुत आर्थिक विकास गर्ने हो भने पुँजीवादी अर्थनीति नै अपनाउनुपर्छ भन्ने बुझेका उनीहरूले वाम राजनीतिको परम्परागत 'स्पेस' गुम्न नदिन मात्र समाजवादको रटान नछाडेका हुन् ।

समाजवाद र संविधानको अस्पष्टता

उदार लोकतन्त्रका सबै मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रहने कुरा प्रस्तावनामा लेखिएबाट हाम्रो समाजवादको राजनीतिक स्वरूप लोकतान्त्रिक हुने अर्थात् साम्यवादी मोडेलको नहुने स्पष्ट छ। तर, त्यसको आर्थिक स्वरूप कस्तो हुनेछ भन्नेमा चाहिँ न संविधान प्रस्ट छ, न त संविधान बनाउने राजनीतिक दलहरू नै । कुनै अदालतबाट लागू गराउन नसकिने, नपर्ने भाग-४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५० को उपधारा (३)मा '...समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुने' उल्लेख छ। साथै, सोही धाराका विभिन्न उपधारामा अर्थतन्त्रमा 'निजी क्षेत्रको भूमिका र सार्वजनिक, निजी एवं सहकारी क्षेत्रको सहभागितालाई महत्त्व दिने, सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्ने र (स्वदेशी लगानीलाई प्राथमिकता दिए पनि) विदेशी लगानीलाई आकर्षित गर्ने' कुरा पनि छन् । जबकि, सार्वजनिक क्षेत्र एउटाबाहेकका अरू यी सबै कुरा पुँजीवादी अर्थ-राजनीतिक प्रणालीका विशेषता हुन्, समाजवादका होइनन् ।

सहकारी पनि वास्तवमा निजी क्षेत्र नै हो, यहाँका कतिपय वामपन्थीहरूले त्यसलाई समाजवाद ठाने वा भने पनि । अझ हामीकहाँका सहकारीमध्ये ९९ प्रतिशत त वित्तीय पुँजीवादको पनि विकृत उदाहरण हुन्, जसको उद्देश्य नै वित्तीय कारोबार, त्यो पनि जोखिमयुक्त लगानी गरेरै धेरै नाफा कमाउनु हो। कृषि र साना तथा मझौला उद्यमका क्षेत्रमा सामूहिक आधारमा उत्पादन वा प्रबन्धन गर्ने उद्देश्यका सहकारी हामीकहाँ बिरलै छन्। धारा १७ को उपधारा (१) (च)ले उद्योग व्यवसाय गर्ने हक र धारा २५ ले सम्पत्तिको हकजस्ता पुँजीवादका आधारस्तम्भलाई अनुल्लंघनीय मौलिक हक मानेको छ। यसरी, सबै अन्तर्वस्तु पुँजीवादी भएको संविधान बनाउने नेताहरू, खासगरी कम्युनिस्ट नेताहरू समाजवाद उन्मुख अर्थनीति अपनाउने भाषणबाजी खुबै गर्छन् । किन ? किनभने, कम्युनिस्ट नाम नछाडे पनि नेकपा एमालेले धेरै अगाडि र माओवादी केन्द्रले पनि पछिल्लो समय आएर विश्वमै असफल भइसकेको निजी सम्पत्तिको उन्मूलनमा आधारित र राज्यनियन्त्रित कम्युनिस्ट अर्थतन्त्र अब चल्दैन भन्ने कुरा बुझिसकेका थिए, छन्। द्रुत आर्थिक विकास गर्ने हो भने पुँजीवादी अर्थनीति नै अपनाउनुपर्छ भन्ने बुझेका उनीहरूले वाम राजनीतिको परम्परागत 'स्पेस' गुम्न नदिन मात्र समाजवादको रटान नछाडेका हुन् । यसक्रममा लोक कल्याणकारी कार्यक्रम लागू गर्दै त्यसैलाई समाजवादको नाम दिने उनीहरूको नीति छ ।

शास्त्रीय कम्युनिस्ट सिद्धान्तका हिसाबबाट ठीक-बेठीक जे भए पनि उनीहरूको यो रणनीति व्यावहारिक र समयानुकूल छ। मुसा मार्ने काम गरुन्जेल बिरालाको रङ जस्तो भए पनि फरक पर्दैन भन्ने देङ स्याओ पिङको अर्थ-राजनीतिक सूत्रमा चलेको चीनले पनि आफूले अपनाएको पुँजीवादी पद्धतिलाई समाजवाद नै भन्छ, चिनियाँ विशेषतासहितको समाजवाद । जबकि, सत्तामा कम्युनिस्ट पार्टीको पूरै एकाधिकारका बाबजुद त्यहाँ पहिले दिइआएका धेरै सामाजिक सुरक्षा कटौती गर्दै लगिएको छ। त्यहाँ श्रमिकका तुलनामा लगानीकर्ताका हितलाई प्राथमिकता दिइन्छ र त्यहाँ सम्पत्ति तथा आयको असमानता संसारकै उच्चतममध्येमा एक छ । उदाहरणका लागि, चीनको 'गिनिज कोफिसिएन्ट' धेरै वर्षदेखि ०.४५ को हाराहारीमा रहेको छ। यस्तोमा, भर्खरै बनेका केन्द्रदेखि प्रदेशसम्मका यहाँका 'कम्युनिस्ट' सरकारहरूका 'समाजवादी' नीति तथा कार्यक्रम कस्ता हुने हुन्? कम्युनिस्ट चीनको जस्तो कि, उनीहरू खुबै प्रभावित युरोपियन/स्क्यान्डिनेभियन र क्यानाडा, अस्ट्रेलियाजस्ता पुँजीवादी देशहरूको जस्तो ? कि, अहिलेकै जस्तो तदर्थ शैलीको ? हेर्नु छ।

लोक कल्याणकारी कार्यक्रम र प्रभावकारिता

हाम्रो साधन-स्रोत र प्रतिव्यक्ति आयको हिसाबबाट हेर्दा संविधानमा व्यवस्था गरिएका तथा राज्यले तोकेका सामाजिक सुरक्षणलाई थोरै भन्न मिल्दैन । तर, यत्तिका कार्यक्रम लागू हुँदा र सामाजिक सुरक्षाको रकम र दायरा दुवै निरन्तर बढ्दै जाँदा पनि, असंगठित वा अनौपचारिक क्षेत्रमा काम गर्ने ९० प्रतिशत

समाजवादी ?

श्रमिक/कर्मचारी सामाजिक बिमाका कुनै पनि सञ्जालमा समेटिन सकेका छैनन् । यत्तिमै पनि राष्ट्रको कुल बजेटकै १० प्रतिशत रकम खर्च भइरहेको हुँदा देश अब सामाजिक सुरक्षाबापत थप रकम खर्च गर्न सक्ने अवस्थामा छैन । त्यसैले, असंगठित/अनौपचारिक क्षेत्रका बहुसंख्यक कामदारलाई सामाजिक सुरक्षणको प्रभावकारी सञ्जालमा समेट्नेबाहेक राष्ट्रलाई थप व्ययभार पर्ने गरी नयाँ-नयाँ र लोकप्रिय कार्यक्रम थप्न अहिले भइरहेको होडबाजी अब बन्द गरिनुपर्छ । त्यसको सट्टा बरू भइरहेका कार्यक्रमलाई नै चुस्त र चुहावटरहित बनाउनतिर लाग्नुपर्छ ।

सामाजिक सुरक्षणबापत जे-जति सेवा हाल उपलब्ध छ, त्यसको डेलिभरी, गुणस्तर र प्रभावकारिता निकै न्यून छ । सरकारी स्कुलबाट दिइने निःशुल्क शिक्षा प्राप्त गर्ने विद्यार्थी निजी स्कुलबाट शिक्षा प्राप्त गर्ने विद्यार्थीसँग त कुरै छाडौं, आमरोजगारी बजारमै प्रतिस्पर्धा गर्न पनि नसक्ने खालका छन् । सरकारी अस्पतालहरू अस्तव्यस्त छन् भने तिनले दिने सेवा दयनीय । सास्ती खेपेर सरकारी अस्पतालबाट कसैले कुनै सेवा प्राप्त गरिहाले पनि त्यो सेवा वा उपचार गुणस्तरीय र भरपर्दो हुँदैन । हो, बिरामीको अत्यधिक चापका कारण प्रत्येक बिरामीलाई सम्पूर्ण उपचार प्रदान गर्ने क्षमता सरकारी अस्पतालहरूको अहिले नै नहोला । तर, मूल टिकट लिइसकेपछि उपचार गर्ने क्रममा ५० रुपियाँ पर्ने कुनै परीक्षण गराउन पनि प्रत्येक पटक फेरि घन्टौं लाम बस्नुपर्नेजस्ता स-साना अव्यवस्था सुधार्न सकिएला नि !

पिछडिएका समुदायका लागि भनेर छुट्याइएको उच्च शिक्षा र सरकारी नोकरीको फाइदा सबभन्दा लाभान्वित जातीय समूहले उठाइरहेको छ, त्यसको परिभाषामा निहित छिद्रलाई समातेर । प्रभावकारी अनुगमन नहुँदा निजी अस्पतालबाट गरिब बिरामीलाई दिइने निःशुल्क कोटाको व्यवस्था प्रभावकारी हुन सकिरहेको छैन । नगद वितरणतर्फ पनि दुरुपयोग हुने गरेको (जस्तो कि, मरेका मान्छेका नाममा पनि भत्ता भुक्तानी भइरहेको वा नपाउनेले पनि पाइरहेको), लाभग्राहीले सहज रूपमा भत्ता प्राप्त गर्न नसकिरहेको र कतिपय अवस्थामा त दिइएको रकम लक्षित समूहसम्मै नपुगेको गुनासा पनि प्रशस्तै सुनिन्छन् । सामाजिक सुरक्षणको अपर्याप्तता, दुरुपयोग र उद्देश्य नै पराजित भइरहेको उदाहरणका यस्ता सूची धेरै लामा हुन सक्छन् । वास्तवमा हामीले गल्ती कहाँ गर्‍यौं भने त्यस्ता कार्यक्रम सुरुमै 'सेल्फ सस्टेनिङ मोडेल' वा किफायती तवरबाट मात्र लागू गर्ने प्रारूप अपनाउनु पर्थ्यो । जस्तो कि, निवृत्तिभरणजस्ता कतिपय कार्यक्रम योगदानमा आधारित गर्न सकिन्थ्यो । त्यस्तै, 'युनिभर्सल' प्रणाली नअपनाई लाभग्राहीको आम्दानी, सम्पत्ति र आवश्यकताका आधारमा मात्र भत्ता दिने 'मिन्स टेस्टेड' प्रणाली अपनाएको भए यसमा पनि राज्यको दायित्वमा ठूलो कमी आउने थियो । त्यसो नगरी सजिलो र 'पपुलिस्ट' बाटो रोजियो ।

थप कार्यक्रम कि सही कार्यक्रम ?

हामीकहाँ स्वास्थ्य बिमा, वृद्धाश्रम, मानसिक वा सुस्त मनस्थिति भएकाहरूका लागि आश्रमजस्ता राज्यले पूरा गर्नुपर्ने सामाजिक दायित्वका योजना र कार्यक्रम लगभग शून्य अवस्थामा छन् । अतः आज देशलाई चाहिएको कुरा वृद्धभत्ताको रकममा केही वृद्धि गर्ने वा वृद्धभत्ता पाउने उमेर घटाउने प्रतिस्पर्धा होइन, वृद्धवृद्धाका लागि आश्रम हो । त्यो पनि अहिले एकाध मन्दिर वा गुठी अन्तर्गत सञ्चालित पशुगोठजस्ता आश्रम होइन, सुविधासम्पन्न वृद्धाश्रमको देशव्यापी सञ्जाल हो । आज देशको आवश्यकता भोटका लागि स-सानो रकम नगद वितरणमा होडबाजी गर्ने होइन, स्वास्थ्य बिमाजस्ता कार्यक्रम लागू गर्ने हो । सरकारी र सामुदायिक अस्पताल तथा स्वास्थ्यचौकीमा आवश्यकतानुसार पूर्णकालीन चिकित्सकको व्यवस्था गर्ने हो, त्यस्ता अस्पतालको संख्या, पहुँच र दायरा विस्तार गरी यिनीहरूले दिने सेवामा सुधार र स्तरोन्नति गर्ने हो । आवश्यकता सरकारी/सामुदायिक शिक्षालयको संख्या र स्तरवृद्धि गर्ने हो, भर्ना संख्यामा वृद्धि गर्न प्रभावकारी कार्यक्रम ल्याउने हो । स्वच्छ खानेपानीको पहुँचमा वृद्धि गर्ने हो । तर, तुरुन्त भोटमा बदल्न नसकिने र दीर्घकालीन प्रकृतिका कठिन काम हुँदा त्यस्ता योजनामा साम्यवादी, समाजवादीलगायतका कुनै 'वादी'हरूको पनि त्यति रुचि देखिँदैन ।

नेताहरूले धरातल बुझ्नुपर्‍यो । हामीले युरोपियन/स्क्यान्डिनेभियन र क्यानाडा, अस्ट्रेलियाजस्ता देशको जस्तो सामाजिक सुरक्षाको सपना देखेर, बाँडेर हुँदैन । उनीहरू प्राकृतिक र वित्तीय स्रोत-साधनका अनुपातमा सेवा/सुरक्षणका लाभग्राही अत्यन्त थोरै रहेका धनी मुलुक हुन् । उनीहरूकहाँ दिने स्रोत धेरै र लिने जनसंख्या थोरै (मुस्किलले केही लाख) छन् । जबकि, हाम्रा दिने स्रोत अत्यन्त कम छन् भने लिन चाहने जनता अत्यन्त धेरै (झन्डै दुई करोड) ।

अर्थतन्त्र उत्पादनशीलताको एउटा उचाइमा पुगिसकेपछि र जति सकिन्छ त्यसभन्दा अगाडि पनि, वितरण प्रणालीमा हिस्सेदारी या हस्तक्षेप गरेर वा मूल्यमा अनुदान दिएर, कमजोर वर्गलाई राहत पुर्‍याउनु प्रत्येक लोक कल्याणकारी राज्यको कर्तव्य हो । राज्यले बालक, वृद्ध, अशक्त, असहाय, रोगी, बेरोजगार आदि समूहलाई यथाशक्य सुरक्षाको दायरामा समेटिनुपर्छ । त्यसै पनि, हाम्रो देश राजनीतिक कारणले गर्दा एउटा न्यूनतम स्तरको सामाजिक सुरक्षणको प्रत्याभूति र प्रबन्ध नगरिएको उच्च वृद्धिमुखी अर्थनीति मात्र अपनाउन सक्ने अवस्थामा अहिले छैन । त्यसो गर्न खोजिए त्यसले ठूलो राजनीतिक विरोध मात्र होइन, पुनः विद्रोह निम्त्याउने खतरा पनि छ । तर, घाँटी हेरेर मात्र हाड निल्नुपर्छ, लोक कल्याणका कार्यक्रम तय गर्दा उत्पादनका शक्ति निरुत्साहित नहुने गरी गरिनुपर्छ । यसो गर्दा बजेटरी/वित्तीय बचतले धान्न सक्ने गरी मात्र गर्नुपर्छ । ◆

कांग्रेस : कायाकल्प

अहिलेकै नीति, नेतृत्व र संरचना कायम रहेसम्म पुनर्जीवन कठिन

बाबुराम विश्वकर्मा

शेरबहादुर देउवा ७१ वर्ष पुगे। उनले हाँकिरहेको पार्टी नेपाली कांग्रेसको उमेर पनि ठ्याक्कै त्यति नै पुग्यो। अर्थात्, देउवा ३१ जेठ २००३ मा जन्मे। कांग्रेस सोही वर्ष १२-१३ माघमा।

देउवा र कांग्रेसको उमेर मात्र मिल्छ वा अरू कुरा पनि ? जवाफ स्पष्ट छ- ०७४ को आमचुनावपछि दल र देउवाको छवि, हैसियत र साख उस्तै भएको छ। दुई वर्षअघि सभापति चुनिएसँगै उनलाई २४ जेठ ०७४ मा चौथोपटक प्रधानमन्त्री बन्ने मौका मिल्यो। तर, पार्टी सभापति र प्रधानमन्त्रीको हैसियतमा देउवाका विवादास्पद निर्णय र कामले कांग्रेसको छवि ध्वस्त भएको छ।

चार दशकको सक्रिय राजनीतिले देउवालाई पाको त बनायो तर परिपक्व भने बनाउन सकेन। त्यसैले उनको छवि पदमा हुँदा हमेसा कमजोर बन्दै आएको छ। त्यसको छाया कांग्रेसमा पनि पर्‍यो। ०७४ को आमचुनावपछि कांग्रेस 'कोमा'मा पुगेको छ। व्यक्तिको जीवनमा ७१ वर्ष बुढेसकालकै प्रारम्भ हो। तर, राजनीतिक दलले चाहेमा उसका लागि युग अनुसार अद्यावधिक भइरहने सुविधा हुन्छ। विडम्बना ! अहिलेसम्मका सबै राजनीतिक परिवर्तनमा नेतृत्वदायी भूमिका खेलेको कांग्रेस ७१ वर्षमा बूढो साबित भएको छ।

उल्टो नतिजा

कांग्रेस कसरी शृंखलाबद्ध रूपमा कमजोर बन्दै गयो, यो बुझ्न उसले पहिलो आमनिर्वाचन ०१५ र पछिल्लो आमनिर्वाचन ०७४ मा प्राप्त गरेको मत र सिट संख्या तुलना गरे पुग्छ। ०१५ को चुनावमा प्रतिनिधिसभाका

कल्पको पर्खाइ

९ चैत ०७४ मा सुरु भएको नेपाली कांग्रेस केन्द्रीय समिति बैठक

कुल १०९ सिटमा कांग्रेसले दुई तिहाइ सिट जितेको थियो । तर, त्यतिबेला कांग्रेस भर्खर १२ वर्षको थियो भने सभापति बीपी कोइराला युवा । कांग्रेसको पहिलो चुनावी जितले बीपी कोइराला दुई तिहाइ बहुमतसहितको पहिलो जननिर्वाचित प्रधानमन्त्री भए । त्यसयता कांग्रेसले कहिल्यै पनि दुई तिहाइ बहुमत पाएको छैन । त्यतिखेर ३७.२ प्रतिशत मत पाएको कांग्रेसको त्यो ऐतिहासिक रेकर्ड उल्टिएर अहिले ३२.७८ (०१५ को भन्दा ४.२४ प्रतिशत कम)मा झरेको छ । केन्द्रीय सदस्य गगन थापा भन्छन्, "कांग्रेस विस्तार भएर फैलिनै नसकेकाले यो हविगतमा पुगेको हो । कोमाबाट कांग्रेसलाई निकाल्न आमूल रूपान्तरणको खाँचो छ ।" *(हेर्नूस्, पृ ३०-३१)*

०७४ को आमचुनावबाट एमाले अध्यक्ष केपी ओली नेतृत्वमा दुई तिहाइभन्दा बढी बहुमतको वाम सरकार बनेको छ भने कांग्रेसचाहिँ निरीह विपक्षीमा सीमित भएको छ । उसले प्रत्यक्ष र समानुपातिक गरी प्रतिनिधिसभाका २ सय ७५ सिटमध्ये ६३ सिटमा खुम्चिनु परेको छ । चुनावी मत र प्राप्त सिटका आधारमा मात्र होइन, संघ र प्रदेश सरकारको गठनमै कांग्रेसको स्थान शून्य साबित भएको छ । त्यस्तै देशका मुख्य पदहरू राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुख, राष्ट्रिय सभा अध्यक्ष, उपाध्यक्षलगायत प्रदेश संसद्का सबै प्रमुख पदहरू कांग्रेसविहीन भएका छन् ।

०१५ को आमचुनावमा नेपाल कम्युनिस्ट पार्टीलाई कांग्रेसले कुल चार सिटमा सीमित गरिदिएको थियो । कांग्रेसकै लोकप्रियताका कारण नेकपाले त्यतिबेला जम्मा ७.२ प्रतिशत मात्र मत हासिल गरेको थियो । अहिलेको स्थिति उल्टो छ । कांग्रेसको कुल मत ३२.७८ प्रतिशत खुम्चिदा एमाले एक्लैको उसको भन्दा

२७ वर्षमा १५ वर्ष शक्तिमा

गिरिजाप्रसाद कोइराला

२ वर्ष ६ महिना
१२ जेठ ०४८–
१४ मंसिर ०५१

१ वर्ष २ महिना
२ वैशाख ०५५–
१७ जेठ ०५६

२ वर्ष ४ महिना
९ चैत ०५६–
११ साउन ०५८

२ वर्ष १ महिना
१२ वैशाख ०६३–
१५ जेठ ०६५

३ महिना
१५ जेठ ०६५–
२ भदौ ०६५

शेरबहादुर देउवा

१ वर्ष ६ महिना
२७ भदौ ०५२–
२९ फागुन ०५३

१ वर्ष २ महिना
११ साउन ०५८–
१८ असोज ०५९

८ महिना
२१ जेठ ०६१–
१९ माघ ०६१

९ महिना
२४ जेठ ०७४–
३ फागुन ०७४

कृष्णप्रसाद भट्टराई

१ वर्ष १ महिना
६ वैशाख ०४७–
१२ जेठ ०४८

९ महिना
१७ जेठ ०५६–
९ चैत ०५६



सुशील कोइराला

१ वर्ष ८ महिना
२८ माघ ०७०–
२४ असोज ०७२

बढी ३३.२५ प्रतिशत छ । एमालेको मतमा नेकपा माओवादी केन्द्रको १३.६६ जोड्दा दुई वाम दलको मत नै ४६.९१ प्रतिशत पुग्छ, जुन कांग्रेसको भन्दा १४.१३ ले बढी हो ।

०५१ को मध्यावधि चुनावबाहेक कुनै पनि राष्ट्रिय चुनावमा एमालेभन्दा कांग्रेस कमजोर थिएन । तर, ०७४ को आमचुनावले कांग्रेसको हैसियत एमाले एक्लैको भन्दा आधा कममा झारेको छ । प्रतिनिधिसभामा एमालेका १ सय २१ सांसद छन् भने कांग्रेसका ६३, राष्ट्रिय सभामा एमालेका २७ छन् भने कांग्रेसका १३ । सात प्रदेशसभामा एमालेका २ सय ४२ सभासद् छन् भने कांग्रेस १ सय १३ सीमित भएको छ । विश्लेषक पुरञ्जन आचार्य भन्छन्, "पछिल्लो चुनावबाट कांग्रेस कमजोर बनेको छ । अहिलेको कमजोर कांग्रेस नै अहिलेको नेतृत्वका लागि ठूलो र बोझिलो भएको छ । यो नै अहिलेको विडम्बना हो ।"

कांग्रेसका तीन फड्को

पहिलो फड्को : पार्टी उदय र विस्तार भएको २००३–०१७ को अवधिमा कांग्रेसले १ सय ४ वर्षे जहानियाँ राणा शासन फालेर देशमा प्रजातन्त्र ल्यायो । यस अवधिमा बीपी कोइरालाको नेतृत्व अनि राष्ट्रियता, प्रजातन्त्र र समाजवादको सूत्रले कांग्रेसलाई पहिलो आमचुनावमा दुई तिहाइ मत दिलायो । राजनीतिशास्त्री लोकराज बराल भन्छन्, "बीपीको नीति र नेतृत्व सही भएकाले नै कांग्रेसले नेपाली समाजमा जरा गाडेको हो । तर, पछिल्लो समयमा बीपीको विचार नै कांग्रेसले छाडेको छ ।" पहिलो आमचुनावबाट बीपी प्रधानमन्त्री त चुनिए, त्यसअघि कांग्रेसका मातृकाप्रसाद कोइराला र सुवर्णशमशेर राणाले पनि प्रधानमन्त्रीका रूपमा देशको नेतृत्व गर्ने अवसर पाए । राणा शासनको अन्त्य, प्रजातन्त्रको स्थापना र पहिलो आमचुनाव नै यो अवधिमा कांग्रेसले मारेको पहिलो फड्को हो ।

दोस्रो फड्को : १ पुस ०१७ मा राजा महेन्द्रले बीपी कोइराला नेतृत्वको निर्वाचित सरकारलाई अपदस्थ गरेपछि ३० वर्षे निर्दलीय व्यवस्था सुरु भयो । बीपीले प्रजातन्त्रका लागि वामपन्थीहरूसँग सहकार्यको नीति लिएनन्, न त राजासँग नै सम्झौता गरे । तर, बीपीको निधनपछि कांग्रेसको कमान्ड सम्हालेका कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह र गिरिजाप्रसाद कोइरालाले बीपीको नीतिविपरीत वाममोर्चासँग सहकार्य गरे र ०४६ को जनआन्दोलनको सफल नेतृत्व गरे । यो कांग्रेसले हानेको दोस्रो फड्को थियो । त्यसकै परिणाम हो, ०४७ को संविधान र त्यसले निर्धारण गरेको संवैधानिक राजतन्त्र अनि बहुदलीय प्रजातन्त्र ।

०४६ को जनआन्दोलनको नेतृत्व गरेको सबैभन्दा बढी लाभ पनि नेपाली कांग्रेसले नै लिएको छ । त्यसयताका २७ वर्षमा बनेका अधिकांश सरकारको नेतृत्व चुनावमा बहुमत पाएको र पहिलो दल बनेको हैसियतमा कांग्रेसले गर्‍यो । यस अवधिमा कांग्रेसले सबैभन्दा बढी १ सय ८२ महिना अर्थात् १५ वर्ष २ महिना सरकारको नेतृत्व गरेको छ । गिरिजाप्रसाद कोइराला चारपटक प्रधानमन्त्री भएर करिब आठ वर्ष सरकार प्रमुख भए भने उनीपछि चारपटक प्रधानमन्त्री भएर पाँच वर्ष सरकार प्रमुख हुने मौका शेरबहादुर देउवाले पाए । कृष्णप्रसाद भट्टराईले दुईपटकमा करिब दुई वर्ष र सुशील कोइरालाले एकपटकमा एक वर्ष प्रधानमन्त्रीका रूपमा देशको नेतृत्व

राष्ट्रिय चुनावमा कांग्रेस

चुनावी वर्ष	प्राप्त मत	प्रतिशत	सिट संख्या	स्थान
०७४	३१,२८,३८९	३२.७८%	६३	दोस्रो
०७०	२६,९४,९८३	२५.८०%	१९६	पहिलो
०६४	२३,४८,८९०	१९.१३%	११५	दोस्रो
०५६	३२,१४,०६८	३७.२९%	१११	बहुमत
०५१	२५,४५,२८७	३३.३८%	८३	दोस्रो
०४८	२७,४२,४५२	३७.७५ %	११०	बहुमत
०१५	६,६६,८९८	३७.२%	७४	दुई तिहाइ बहुमत

गरे। यो अरू कारणले होइन, कांग्रेसले देशको राजनीतिमा खेलेको नेतृत्वदायी भूमिका कारणले पाएको अवसर हो।

०४६ को संयुक्त जनआन्दोलन मात्र होइन, ०६२/०६३ को जनआन्दोलनमा पनि कांग्रेसको उत्तिकै योगदान छ। ०४८ यताका ६ वटा राष्ट्रिय चुनावमा नेपाली कांग्रेसले एक्लै दुईपटक बहुमत, एकपटक पहिलो स्थान र तीनपटक दोस्रो स्थान हासिल गरेको छ। तर, राजनीति र सत्ताको सदाबहार खेलाडी रहँदै आएको कांग्रेस यतिखेर सरकार, सदन र सडक तीनवटै मोर्चामा सर्वाधिक नाजुक मोडमा पुगेको छ।

तेस्रो फड्को : राजनीति र शासन व्यवस्थामा निर्णायक र नेतृत्वदायी भूमिका खलेको कांग्रेसले मारेको तेस्रो महत्त्वपूर्ण फड्को हो- स्थापनाकालदेखि नै संवैधानिक राजतन्त्रको नीतिमा अडिग रहँदै आएको उसले पार्टी विधानबाट त्यसलाई हटाउने निर्णय गर्नु। यो कांग्रेसको सबैभन्दा ठूलो नीतिगत फड्को हो। ८ भदौ ०६४ मा कांग्रेस र देउवाको कांग्रेस प्रजातान्त्रिकबीच एकता घोषणाकै दिन कांग्रेसले पार्टी विधानबाट संवैधानिक राजतन्त्र हटायो। कांग्रेसको यही कायापलटले त्यसको एक वर्षपछि १५ जेठ ०६५ मा बसेको संविधानसभाको पहिलो बैठकले राजतन्त्र हटाएर देशलाई गणतन्त्र घोषणा गरेको थियो।

त्यसयताको राष्ट्रिय राजनीतिमा कांग्रेस सत्ता वा विपक्ष जहाँ बसे पनि उसको उल्लेख्य योगदान छ। जस्तो : ०६४ को पहिलो संविधानसभाले देशलाई चारवटा वाम प्रधानमन्त्री त दियो तर नयाँ संविधान दिन सकेन। ०७० को चुनावमा कांग्रेस पहिलो दल भएर सरकारको नेतृत्वमा पुगेपछि भने कांग्रेसकै नेतृत्वमा ३ असोज ०७२ मा नयाँ संविधान जारी भयो। विश्लेषक आचार्य थप्छन्, "देशको राजनीतिमा हमेसा निर्णायक भूमिकामा रहेको कांग्रेस यतिबेला डिप्रेसनको सिकार भएको छ। कांग्रेसलाई डिप्रेसनबाट मुक्त गर्न युवापुस्ताका कांग्रेसले पुरानो नेतृत्वलाई विस्थापित गर्नुपर्छ। त्यो नै अहिलेको पर्खाइ हो।"

नेपाली कांग्रेस र कांग्रेस प्रजातान्त्रिकबीच पार्टी एकीकरणको क्षण, ८ भदौ ०६४

चौथो फड्कोको पर्खाइ

स्थापनाको ७१ वर्षमा कांग्रेसले राजनीतिमा तीनवटा फड्को मारेर त्यसको लाभ लिइसकेको छ। तर, अब चौथो फड्को मारेन भने कांग्रेसले थप क्षति भोग्ने जोखिम छ। त्यसैले देशको सबै निर्णायक परिवर्तनको नेतृत्व गरेको कांग्रेस पुनर्जीवनले कांग्रेसको मात्र होइन, देशको पनि हित हुन्छ। त्यो पुनर्जीवन सहज भने छैन।

कांग्रेसको बहुलवादी समाज, संसदीय लोकतन्त्र र उदार अर्थनीतिको मान्यता वामपन्थीहरूले बोकिसकेका छन्। त्यस कारण अब कांग्रेसले लोकतन्त्रको जप गरेर मात्र पुग्ने देखिन्न। देशको बदलिँदो स्थितिको नेतृत्व गर्न सक्ने गरी आफूलाई आमूल परिवर्तन कांग्रेसको मौजुदा नीति, नेतृत्व र संगठनात्मक संरचनाबाट सम्भव छैन। राजनीतिशास्त्री देवराज दाहाल भन्छन्, "कांग्रेसमा आमूल परिवर्तन जरुरी छ। देशमा जुन उमेर समूह बढी छ, त्यो नै कांग्रेसको नेतृत्वमा आउनु पर्छ। लोकप्रिय मान्छेलाई नेतृत्व दिने र जनआधारित पार्टी बनाए कांग्रेस बौरिन्छ, यथास्थितिकै नीति, नेतृत्व र संगठनबाट चमत्कार खोजे कांग्रेस कोमामा सकिन्छ।"

जतिवटा गुट र समूह बनाए पनि अहिलेको कांग्रेसको नेतृत्व दोस्रो पुस्ताकै नेताको वरिपरि घुमेको छ। दुर्भाग्य ! ०४६ यताका यी २७ वर्षमा कांग्रेसका अधिकांश दोस्रो पुस्ताका नेताको सम्पूर्ण सामर्थ्य परीक्षण भइसकेकाले मौजुदा नेतृत्वले कांग्रेसलाई नयाँ विन्दुमा लैजाने होइन, यथास्थितिकै वरिपरि घुमाउने जोखिम छ। राजनीतिशास्त्री बराल भन्छन्, "कांग्रेसले पहिले त आफ्नो जनसंख्या अर्थात् देशमा कांग्रेसी नै बढाउनुपर्छ, पुरानो आकारमा खुम्चिएर नयाँ कांग्रेस बन्दैन। आकार बढाएपछि जनमुखी, जुझारु र योग्यतम नेतृत्व छनोट गर्ने बाटो खुल्छ।"

गुटैगुट

दुई वर्षअघिको महाधिवेशनले कांग्रेसलाई पुरानै ढर्रामा चलाएको छ। कांग्रेस बदलिँदो परिस्थितिभन्दा कति पछि छ भने उसले महाधिवेशन भएको दुई वर्ष बित्दा पनि आफ्नो पार्टी जीवनलाई चुस्त पार्न सकेको छैन। त्यसको कारण कांग्रेसभित्रको गुटगत

मध्यम वर्गमा हाम्रो भविष्य

गगन थापा

कांग्रेसभित्र अहिले चुनावी पराजयको समीक्षा सुरु भएको छ । ९ चैतदेखि सुरु केन्द्रीय कार्यसमिति बैठक नै चुनावी पराजयका कारण खोज्ने र पार्टीको आगामी यात्रा तय गर्ने मुद्दाकै वरिपरि घुमेको छ । मेरो विचारमा चुनावी समीक्षाको समय र सन्दर्भ छोटो र तात्कालिक कुरामा मात्र केन्द्रित हुनु हुन्न । सभापति देउवा नेतृत्वको सरकारले गरेका काम-कारबाही र वाम गठबन्धनबीचको चुनावी तालमेल मात्र कांग्रेसको शक्ति क्षयीकरणको कारण होइन । पक्के पनि कांग्रेस नेतृत्वको सरकारका काम-कारबाहीले पार्टीको साख कमजोर भएको छ । तर, हाम्रो पराजयको कारण त्यति मात्र होइन ।

कांग्रेसको अहिलेको दुरावस्थालाई बुझ्न ०१५-०७४ सम्मकै घटनाक्रमलाई केलाउन जरुरी छ । यस अवधिमा हाम्रो शक्ति विस्तार नै भएको छैन, बरू घटेको छ । कांग्रेसका मतदाता विस्तार नहुनु अनि वामपन्थीहरू विस्तार हुनलाई हामीले हेरेकै छैनौं । किनभने, देशका बहुमत मतदाता अहिले पनि कम्युनिस्ट नै छन् । प्रति सय मतदातामा झन्डै ५५ जनाले कम्युनिस्ट पार्टीलाई मतदान गरेपछि कांग्रेसको हालत अहिलेको भन्दा बलियो हुँदैन ।

वाम शक्तिप्रति आकर्षित मतदातालाई हामीले अहिलेसम्म पनि तान्न सकेका छैनौं, उनीहरूको बीचमा पुग्न सकेका छैनौं । देशको जनसंख्याको सबैभन्दा ठूलो हिस्सा मध्यम वर्गले ओगटेको छ । तर, नेपाली कांग्रेसलाई मध्यम वर्गको प्रतिनिधि बनाउन सकिएको छैन, त्यसमा हामीले चिन्तन गरेका छैनौं । कांग्रेसको लक्षित समूह पहिचान नै गरिएको छैन । वामपन्थीहरूले आफूलाई सर्वहारा श्रमजीवी वर्गको प्रतिनिधि भन्दै आएका छन् भने कांग्रेसले आफूलाई मध्यम वर्गको सारथि बनाउन किन पहल नगर्ने ? अहिलेसम्म मध्यम वर्गको पहिलो छनोट कांग्रेस हुन नसक्नु अरूको कारणले होइन, कांग्रेसकै कारणले हो । चुनावी पराजयको समीक्षामा यी कुरा समेट्नैपर्छ । खालि सरकार र वाम गठबन्धनले गर्दा चुनाव हारियो भनेर हामीले सही समीक्षा गर्न सक्दैनौं ।

नेपाली कांग्रेस खुम्चिनुका अरू पनि कारण छन् । ०४६ सालयताका सर्वाधिक पेचिला र समाजको जरै हल्लाउने राष्ट्रिय मुद्दामाथिका बहसमा कांग्रेसको स्थान कहाँ रह्यो ? यो झन् गहन प्रश्न हो । पछिल्लो दुई दशकको राष्ट्रिय विमर्शमा कांग्रेस मात्र प्रतिक्रियात्मक रह्यो । कुनै पनि मुद्दामाथिको बहसमा कांग्रेसको नेतृत्वदायी भूमिका नरहनु विडम्बना नै हो । हामी सबै मुद्दामा रक्षात्मक बन्यौं । संविधानसभा, गणतन्त्र, धर्म निरपेक्षता, समावेशी समानुपातिक व्यवस्था आदि सबैमा । यस अवधिमा हामी दैनिक कुरामा मात्र केन्द्रित भयौं । अहिले पनि कांग्रेसभित्र राष्ट्रिय मुद्दामा बहस गर्ने परम्परा बन्द नै भएको अनुभव हुन्छ ।

राजनीति नै हो । देश संघीयतामा गएको दुई वर्ष भइसक्यो, स्थानीय तह, प्रदेश र संघीय व्यवस्था अनुसार चुनाव भएर सबै तहमा निर्वाचित सरकारसमेत आइसके । तर, कांग्रेस भने पुरानै संरचनामा छ । विधान अनुसार केन्द्रीय समितिले पूर्णता पाएको छैन भने उपसभापति र सह-महामन्त्री पद रिक्त छ । त्यस्तै ४० भन्दा बढी केन्द्रीय विभाग गठन नै गरिएको छैन । सत्ता र पार्टीको आन्तरिक भागबन्डामा गुट नै गुट हाबी भएकाले कांग्रेस एकढिक्का हुन सकेको छैन । त्यसैको यतिबेलाको दुरावस्थाको एउटा चुरो कारण यही हो ।

स्वार्थ समूह र भागबन्डाकै लोभले गर्दा कांग्रेसको १३औं महाधिवेशनपछि पार्टीभित्र गुट-उपगुट अझै बढ्दै गयो । त्यसअघि दुई गुटको अन्तरकलहमा विभक्त कांग्रेस यतिबेला तीन गुट र एउटा उपगुटको किचलोमा छ । गुटकै स्वार्थका कारण चुनावी पराजयको निष्पक्ष समीक्षा होइन, एउटा गुटले अर्कालाई चुनावी पराजयको दोष थोपर्न र त्यसबाट फेरि एउटा वा अर्को गुटले शक्ति आर्जन गर्ने रणनीति अपनाएको छ । वरिष्ठ नेता रामचन्द्र पौडेल र कृष्ण सिटौलाको समूह चुनावी हारको सबै दोष सभापति देउवालाई थोपर्न उद्यत छ भने देउवा त्यसको प्रतिरक्षा गर्न । यसले कांग्रेसलाई सग्लो होइन, गुट-उपगुटको महासंघजस्तो बनाएको छ । सभापति देउवा स्वयं सबैको नेता हुन सकेका छैनन् । उनको गुटभित्र पनि खुमबहादुर खड्काको नयाँ उपगुट छ । चुनावी हारको मुख्य कारण नै देउवालाई मान्दै आएका वरिष्ठ नेता रामचन्द्र पौडेल अलग गुट चलाउँदै आएका छन् भने १३औं महाधिवेशनमा जन्मिएको कृष्ण सिटौलाको गुट पनि निष्क्रिय छैन ।

चुनावी पराजयपछि आफैंतिर फर्केर वस्तुनिष्ठ समीक्षामा जुट्नुको साटो कांग्रेसका सबै गुट आपसी कहलमा अल्झिएका छन् । यी सबै गुटलाई विश्लेषक आचार्यचाहिँ तीनवटा नामले पुकार्छन् । पहिलो : फाइल बढुवावाला कांग्रेस, जो संघर्ष गरेर नेतृत्वमा पुगेर बूढो भइसकेको छ । देउवा पौडेललगायतका नेता यो कोटिमा पर्छन् । दोस्रो : छातावाल कांग्रेस । बाउबाजेको नाम भजाएर राजनीति गर्दै आएकाहरू छातावाल कांग्रेसमा पर्छन् । उनका अनुसार प्रकाशमान सिंह, शशांक कोइराला, शेखर कोइराला आदि छातावालको कोटिमा पर्छन् ।

यी दुवैथरीको नेतृत्वको परीक्षण भइसकेका कारण कोमामा पुगेको कांग्रेसलाई जगाउने क्षमता फाइल बढुवावाल र छातावाल दुवैसँग छैन । तेस्रोथरी हुन् सडकवादी कांग्रेस । सत्ता, सदन र सडक तीनवटै क्षेत्रमा सशक्त प्रस्तुत दिन सक्ने कांग्रेस सडकवादीमा पर्छन् । तर, कांग्रेसको नेतृत्वमा यिनको निर्णायक हैसियत छैन, प्रभावचाहिँ देशव्यापी छ । विश्लेषक आचार्य भन्छन्, "फाइल बढुवावाला र छातावालाका लागि अहिलेकै कांग्रेस सम्हाली नसक्नु र ठूलो भएको छ । सडकवादी ऊर्जाशील युवा कांग्रेसलाई अहिलेको कांग्रेस सानो र साँघुरो भएको छ । त्यसैले ऊर्जाशीलले अबको कांग्रेस हाँक्नुपर्छ र फैलाउनु पर्छ । अबको पर्खाइ त्यसैको हो ।"

यसको परिणाम हो, वामपन्थीहरूले राष्ट्रिय मुद्दाहरूमा एकाधिपत्य जमाउनु । यसबाट कांग्रेसलाई गम्भीर क्षति भएको छ । जनताको बहुदलीय जनवादका बारेमा एमालेभित्र जति बहस/छलफल भएको छ, त्यसका बारेमा नेपाली कांग्रेसले कुनै दृष्टिकोण नै बनाएन, बहस नै गरेन । एमालेको त्यो कार्यक्रम ठीक वा बेठीक के हो ? लोकतन्त्र र जबज सँगै जान सक्छन् या सक्दैनन् भन्ने विषयमा कांग्रेस प्रवेश नै गरेन । यसरी नै नेपालको राजनीतिक-सामाजिक वृत्तमा आएका अहम् मुद्दामा कांग्रेस कता हरायो कता ! केन्द्रीय समितिको बैठक होस् वा महासमितिको मिटिङ, यी विषयमा केन्द्रित हुन जरुरी छ । यसले कांग्रेसलाई पुनर्जीवन दिन आगामी बाटो देखाउँछ । कांग्रेससँग लामो कालखण्डदेखि जोडिएका यी पेचिला सन्दर्भ हुन् ।

केन्द्रीय कार्यसमितिको बैठकबाट हामीले कांग्रेस खुम्चिनुका कारणहरू खोज्ने काम थाल्नैपर्छ र कांग्रेसले किन हाऱ्यो भन्ने प्रश्नको सूची नै तयार गर्नुपर्छ । तिनै प्रश्नका आधारमा आउँदो महासमिति बैठकमा व्यापक छलफल गरेर हामी 'नयाँ कार्यक्रम'सहित बाहिर आउने छौं । किनभने, अब बीपी कोइरालाले यस्तो भन्नुभएको थियो भनेर होइन हामी यसो भन्छौं भन्न सक्ने हुनुपर्छ कांग्रेसले । त्यसले मात्र कोमामा पुगेको कांग्रेसलाई पुनर्जीवन दिन सक्छ ।

हामीले तत्कालै विधानलाई पनि देशको परिवर्तित अवस्था अनुसार अद्यावधिक गर्ने र कांग्रेसको संगठनलाई जीवन्त बनाउने संकल्प गर्नुपर्छ । यो काम केन्द्रीय समिति र महासमितिको बैठकबाट गर्नुपर्छ । त्यसका आधारमा देशव्यापी भेला, प्रशिक्षण, महाधिवेशन गर्ने र राष्ट्रिय महाधिवेशनको तयारी गर्नुपर्छ । अब कांग्रेसको शक्ति विस्तारका लागि संगठनात्मक संरचना परिवर्तन त भइहाल्छ नै, अहिलेको सदस्यता प्रणाली पनि परिवर्तन गर्न जरुरी छ । अब कांग्रेसको सदस्यता सबैलाई खुला गर्नुपर्छ, सीमित सदस्यमा खुम्च्याएर कांग्रेस विस्तार हुन सक्दैन । हामी वामपन्थीजस्तो बन्द दल होइनौं, त्यसैले कांग्रेसले नेतृत्वमा पुग्नेहरूका लागि निश्चित मापदण्ड बनाउने तर पार्टीमा सबैका लागि ढोका खोल्ने प्रबन्ध गर्नुपर्छ । त्यसका लागि कांग्रेसको सदस्यता सबैलाई खुला र सहज बनाउने काम थालिहाल्नुपर्छ ।

त्यति मात्र होइन, अब कांग्रेसको चुनाव पनि आमचुनाव वा स्थानीय चुनावजस्तै खुला र जोसुकै सहभागी हुन सक्ने बनाउन जरुरी छ । कांग्रेस मात्र भेला भएर, कांग्रेस मात्र चुनेर पार्टी विस्तार हुँदैन, उही आकारमा रहन्छ । आमजनता, कांग्रेसका मतदाता र शुभेच्छुकलाई समेत बृहत् ढंगले गोलबन्द गर्ने र उनीहरूलाई कांग्रेसमा स्वागत गरेर पार्टीलाई विशाल बनाउने गरी अघि बढ्न जरुरी छ । त्यसपछि मात्र हामी महाधिवेशनमा जानु उचित हुन्छ ।

यदि अहिलेकै प्रतिनिधि, अहिलेकै नेता अनि अहिलेकै स्थितिमा महाधिवेशन वा विशेष महाधिवेशन जे गरे पनि कांग्रेसमा तात्त्विक परिवर्तन हुन सक्दैन । अब कांग्रेसको जरा र जनाधार दुवै फराकिलो पार्ने र प्रतिस्पर्धाबाट योग्यतम नेतृत्व छनोटको बाटो नै कांग्रेस जगाउने सही बाटो हो ।

देउवा पनि कारक

एकपटक गृहमन्त्री र चारपटक प्रधानमन्त्री भएका कांग्रेस सभापति हमेसा विवाद र आलोचनाको सिकार भए । उनको कार्यशैली र विवादास्पद काम नै देउवाको साख गिर्नुका कारण हुन् । राजाको प्रत्यक्ष शासनमा प्रधानमन्त्री भएको अनि कांग्रेस विभाजन गरेर प्रजातान्त्रिक कांग्रेस बनाएको आदि कारणले देउवा झन्डै १२ वर्ष सत्ताबाहिर परे । तर, दुई वर्षअघि कांग्रेसको महाधिवेशनबाट पार्टी सभापति चुनिएका देउवा चौथोपटक प्रधानमन्त्री त बने तर आफ्नो र कांग्रेसको छवि सुधार गर्न भने असफल रहे ।

विवादास्पद व्यक्तिलाई कांग्रेसको कोटाबाट राजदूत बनाउने, प्रहरीमा तेस्रो वरीयताका एआईजी जयबहादुर चन्दलाई आईजी बनाउने कदमले देउवालाई मात्र बदनाम गरेन, कांग्रेसकै छवि ध्वस्त भयो । त्यसो त तत्कालीन अख्तियार दुरुपयोग अनुसन्धान आयोग प्रमुख लोकमानसिंह कार्कीविरुद्धको महाभियोग प्रस्तावमा देउवा र नेपाली कांग्रेस दुवै मौन बसे । तर, लोकमानलाई एउटै न्यायिक फैसलाबाट पदमुक्त गर्ने प्रधानन्यायाधीश सुशीला कार्कीलाई महाभियोग लगाउने देउवाको निर्णय सार्वजनिक निन्दाको विषय बन्यो । स्थानीय, संघ र प्रदेशसभाको चुनावकै सेरोफेरोका यी गतिविधिले कांग्रेसलाई गम्भीर क्षति भएको छ ।

देउवाले चौथोपटक प्रधानमन्त्री हुँदा इतिहासकै ६४ सदस्यीय जम्बो मन्त्रिपरिषद् बनाएर पुराना रेकर्ड नै तोडे भने स्थानीय चुनावमा भरतपुरको मेयरमा माओवादीकी रेणु दाहाललाई समर्थन गरे । यिनै शृंखलाबद्ध गल्तीले कांग्रेसलाई स्थानीय, संघ तथा प्रदेशको चुनावमा सर्मनाक हारको सिकार बनाएको हो । कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेलले देउवाकै खराब नेतृत्वका कारण कांग्रेस बर्बाद भएको भन्दै १३ फागुन ०७४ मा देउवालाई लेखेको पत्रमा भनेका छन्, 'तपाईंको नेतृत्वमा न पार्टी चल्यो, न सरकार । पार्टी अहिलेसम्म अपूरोको अपूरै, एउटा पनि प्रशिक्षण, एउटा पनि संगठनात्मक गतिविधि हुन सकेन ।'

हुन पनि १० र २१ मंसिर ०७४ मा सम्पन्न संघ र प्रदेशसभाको चुनावपछि भएका तीनवटा कार्यसमितिका बैठकमा चुनावी पराजयको समीक्षाको विषयले प्रवेश नै पाएन । ९ चैत ०७४ मा डाकिएको कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकमा चुनावी पराजयको समीक्षा हुन्छ वा आरोप/प्रत्यारोपमा समय खेर जान्छ ? सन्देहरहित छैन । यदि पराजयको सही समीक्षा भयो भने पनि कांग्रेसको हितभन्दा गुट-उपगुटको हितमा केन्द्रित हुने खतरा छ । किनभने, कांग्रेसको नाजुक स्थितिलाई बदल्न सभापति देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेललगायत विभिन्न गुट-उपगुटबीचको आरोप-प्रत्यारोप होइन, सही बाटोको खाँचो छ । तर, दुर्भाग्य ! मौजुदा नीति, रणनीति तथा संगठनात्मक संरचनामा त्यस्तो बाटो पहिल्याउने सामर्थ्य छैन । राजनीतिशास्त्री बराल थप्छन्, "कांग्रेसलाई पुनर्जीवन दिन अहिलेको नीति, नेतृत्व र संगठनले सक्दैन । कांग्रेस जोगाउन ठूलो फड्कोको खाँचो छ ।" ◆

नेतृत्वमा संकट

आन्तरिक सुरक्षाको अग्रस्थानमा खडा हुने फौजी संगठनको कमान्ड 'अपरिपक्व'को हातमा

मनबहादुर बस्नेत

चैत अन्तिमदेखि नेपाल प्रहरीले नयाँ नेतृत्व पाउँदैछ । कुनै पनि संगठनमा पुरानो व्यक्तिले विश्राम लिनु र नयाँले जिम्मेवारी वहन गर्नु सामान्य प्रक्रिया हो । तर, यही प्रक्रिया नै प्रहरीका लागि अस्वाभाविक हुँदै गएको छ । किनभने, नीति निर्माण तहको अनुभवबिनै संगठन हाँक्ने पदमा पुग्ने परिपाटी जन्मिएको छ, प्रहरीमा । विसं ०७० देखि यस्तो अवस्था सतहमा आएको हो । सरकारले समयमै गाँठो नफुकाउँदा फौजी संगठनमा यो समस्या चोटिलो बन्दै गएको छ ।

०७० मा उपेन्द्रकान्त अर्याल १४ दिन मात्रै प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) बनेर महानिरीक्षक (आईजी) पदमा उक्लिएका थिए । अर्थात्, अर्याल प्राविधिक हिसाबले एआईजी त बने तर अनुभव लिन पाएनन् ।

उनको बहिर्गमनपछि दुई तहमुनिका प्रहरी नायव महानिरीक्षक (डीआईजी) प्रकाश अर्याल आईजीपी बने । अब अर्यालको अवकाशपछि प्रहरी कमान्ड सम्हाल्ने पनि हालका डीआईजी नै हुनेछन् । ३० चैतदेखि डीआईजीहरू सर्वेन्द्र खनाल, रमेश खरेल, पुष्कर कार्की र उत्तम कार्कीको ब्याचमध्येबाट प्रहरी प्रमुख छानिनेछ, सरकारले । तर, उनीहरूसँग डीआईजी तहको अनुभव निकै कम अर्थात् साँघुरो छ । यो ब्याच साउनमा मात्रै प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी)बाट डीआईजीमा बढुवा भएको हो ।

डीआईजी भएको साढे सात महिनामै उनीहरूको हातमा प्रमुखको जिम्मेवारी आउन लागेको छ । यसले पनि प्रहरीमा क्रमशः उपल्लो तहको अनुभव साँघुरिँदै गएको देखाउँछ । प्रहरी संगठन कुन दुरावस्थाबाट गुज्रिरहेको छ भन्ने देखाउन नीतिगत र व्यवस्थापकीय तहमा अनुभवले खारिएका व्यक्ति नेतृत्वमा पुग्न छेकिँदै आएका यी घटना पर्याप्त छन् ।

प्रहरी संगठनमा तीन तह छन्, सांगठनिक स्वरूपका हिसाबले । प्रहरी निरीक्षक (इन्स्पेक्टर)देखि प्रहरी उपरीक्षक (एसपी)सम्मको फिल्ड तह, एसएसपीदेखि डीआईजीसम्मको व्यवस्थापन तह र एआईजी पद नीतिगत तह मानिन्छ । नेतृत्वदायी सामर्थ्य निर्माणमा पदीय अनुभवको भूमिका महत्त्वपूर्ण मानिन्छ । तर, प्रहरीको नेतृत्व विभागीय कमान्ड नगरेका व्यक्तिको हातमा पुगिरहेको छ । विभागीय प्रमुखको नेतृत्व एआईजीले गर्छन् । हाल प्रहरीमा कार्य, प्रशासन, अपराध अनुसन्धान, मानव स्रोत विकास विभाग छन् । तर, नीतिगत तहमा टेक्दै नटेकी वा पाइला मात्रै राखेर आईजीपी बन्नुपर्ने बाध्यतामा पुगेको छ, यो संगठन । उपल्लो तहको अनुभव साँघुरिने यो उपक्रम यत्तिमै सीमित हुने छैन ।

अहिलेकै कानुनी प्रावधान अनुसार यसपछि नेतृत्वमा पुग्नेहरूसमेत डीआईजीबाटै छलाङ मार्नेछन् । जस्तो : अब आउने नेतृत्वले २९ माघ ०७६ मा अवकाश पाएपछि २५ असार ०४७ मा भर्ना भएका ब्याचबाट प्रमुख छानिनेछ । उनीहरूसमेत डीआईजीबाटै प्रमुख बन्नेछन् । त्यसपछि क्रमशः १९ वैशाख र १२ चैत ०४९ मा भर्ना भएकाहरूको हातमा प्रहरी नेतृत्व आउनेछ, जो डीआईजीबाटै आईजीपीमा फड्को मार्नेछन् । दुवै ब्याच अहिले एसएसपी तहमा छन् । "बढुवा प्रक्रिया अवरुद्ध भएमा एसएसपीबाटै आईजीपी छान्नुपर्ने अवस्था नआउला भन्न सकिन्न," लामो समय प्रहरीको कर्मचारी प्रशासनमा बिताएर अवकाश पाएका एसपी रवीन्द्र रेग्मी भन्छन् ।

शृंखलाबद्ध रूपमा उपल्लो तहको पर्याप्त अनुभवबिनै संगठन प्रमुख छान्नुपर्ने परिस्थिति निर्माण भएकाले प्रहरी कुनै पनि बेला 'नेतृत्व संकट'मा फस्न सक्ने खतरा रहने सुरक्षा विश्लेषकहरू बताउँछन् । नीतिगत कुरामा चुक्ने, कमान्ड खुकुलिने जोखिम हुन सक्छ, अनुभव अभावमा । पूर्वआईजीपी कुवेरसिंह रानाका अनुसार संगठनको पदसोपानबिना

प्रयोजन बनेका होइनन् । "हरेक पदका आ-आफ्नै निर्दिष्ट जिम्मेवारी छन् । पदसोपानले अमुक दर्जामा उक्लिन चाहिने परिपक्वतालाई जाँच्छ," उनी भन्छन्, "काँधमै राखिदिएपछि काम त गर्लान् । तर, कसरी काम गर्छन् भन्ने कुरा महत्त्वपूर्ण हो ।"

अनुशासनमा बाँधिनुपर्ने संगठनमा पदको अनुभव र क्षमताले भिन्नै अर्थ बोक्छ । अपरिपक्व नेतृत्वका कारण प्रहरीको कमान्ड खुकुलो बनेमा त्यसले स्वतः मुलुकको दैनिक शान्ति-सुरक्षामा असर पुर्‍याउन सक्छ । "प्रहरीमा नेतृत्व छान्ने परिस्थिति सुई लगाएर ठूला लौका उत्पादन गरेजस्तो हो," राना भन्छन् ।

जड प्रावधान

आन्तरिक सुरक्षा, अपराध नियन्त्रण र कानुन कार्यान्वयनको जिम्मेवारीसहितको 'फ्रन्टलाइन फोर्स' यो स्थितिमा पुग्ने अवस्थाको बीउ २५ वर्षअघि रोपिएको हो । ०४९ मा रत्नशमशेर जबरालाई पाखा लगाएर मोतीलाल बोहरालाई प्रमुख बनाउन प्रहरी नियमावली संशोधन गरी ३० वर्षे सेवा अवधिको प्रावधान भित्र्याइएको थियो । त्यसअघि ०१५ र ०३३ को प्रहरी नियमावलीमा यस्तो प्रावधान थिएन । तेस्रो नियमावलीसँगै भित्रिएको सेवा अवधिको रोगले गाँजेपछि आन्तरिक सुरक्षाको अग्रपंक्तिमा उभिने फौज कमजोर अवस्थामा पुगेको हो ।

सेवा अवधिकै कारण प्रहरीको तल्लो तहमा समयमै बढुवा नहुने र माथिल्लो तहमा तीव्र गतिमा बढुवा वा अवकाश हुने गरेको छ । इन्स्पेक्टर र डीएसपीमा बढुवाका लागि सबैभन्दा लामो समय पर्खिनुपर्छ । यी दुई तहमा बढुवा हुँदा नै ३० वर्षे सेवा अवधिको तीन चौथाइ बित्छ । सहायक निरीक्षक (सई)देखि इन्स्पेक्टरमा बढुवा हुन कम्तीमा १२ वर्ष कुर्नुपर्छ भने त्यसभन्दा माथिल्लो तह डीएसपीमा बढुवा हुन पनि त्यत्ति नै समय पर्खिनुपर्ने अवस्था छ । जबकि, प्रहरी नियमावलीले चार वर्षमै बढुवाका लागि योग्य ठहर्‍याएको छ ।

नियमावली अनुसार राजपत्रांकित (इन्स्पेक्टरदेखि एसएसपी), राजपत्रअनंकित (सई)मा बढुवा हुन चार वर्ष र राजपत्रअनंकितबाट राजपत्रअंकित (सईबाट इन्स्पेक्टर)मा बढुवा हुन आठ वर्ष पदावधि हुनुपर्ने व्यवस्था छ । डीएसपीदेखि एसपी र एसपीदेखि एसएसपीमा बढुवा हुनसमेत अहिले सात वर्ष कटाउनुपर्छ । डीआईजीमा बढुवा भएपछि भने हवात्तै नेतृत्वमा पुग्नुपर्ने वा अवकाश पाउनुपर्ने अवस्था छ ।

प्रतिवेदन बन्छन्, थन्किन्छन्

- **प्रहरी सुधार सुझाव प्रतिवेदन, ०५५**

  उमेर र पदावधिको हदले नै प्रहरी कर्मचारीले स्वतः अवकाश पाउने हुनाले वर्तमान ३० वर्षे सेवा अवधि हटाउन उपयुक्त हुने

- **सुरक्षा निकाय आधुनिकीकरण उच्चस्तरीय कार्य दलको प्रतिवेदन, ०६५**

  उमेर र पदावधि मात्र कायम राख्ने

- **नेपाल प्रहरी सुधार सुझाव कार्यदलको सांगठनिक एवं पुनःसंरचनासम्बन्धी प्रतिवेदन**

  ३० वर्षे सीमा हटाउनुपर्ने

- **कुवेरसिंह राना प्रतिवेदन**

  ३० वर्षे सीमा हटाउनु उपयुक्त

सेवा अवधिको कहर

३० वर्षे सेवा अवधि प्रहरीलाई कमजोर बनाउने कडी भएको कसैलाई थाहै नभएको भने होइन । प्रहरी संगठनबारे अध्ययन/अनुसन्धान गर्न बनेका हरेकजसो समिति र आयोगले दुई दशकदेखि नै यो प्रावधान हटाउनुपर्ने सुझाव दिँदै आएका छन् । ०५५ मा गठित प्रहरी सुधार सुझाव आयोगदेखि संघीय संरचनामा प्रहरी संगठनको स्वरूपबारे अध्ययन गर्न गठित समितिसमेतले यो प्रावधान प्रतिकूल भएको औँल्याएका छन् । तापनि, गृह मन्त्रालयको नेतृत्व सम्हाल्न आउने कुनै पनि नयाँ गृहमन्त्रीले सेवा अवधिको हद फुकाउँछु भन्न छाड्दैनन् ।

तल्लो तहमा लामो समयसम्म बढुवा नभई गाँजिएर बस्नुपर्ने यो अवस्था समाधान गर्न प्रहरीले विभागीय सक्रियतासमेत नदेखाएको होइन । तर, प्रहरी संगठनभित्रै यो प्रावधान हटाउने र राख्नेमा आ-आफ्नै स्वार्थको हिसाब-किताबले दुई पक्ष रहने गर्छ । डीआईजीभन्दा माथिकाले हटाएर आफ्नो कार्यकाल लम्ब्याउन चाहन्छन् भने तलकाहरू नहटाइए नेतृत्वमा पुग्ने आफ्नो पालो चाँडो आउने ठान्छन् । "जहिले हटाए पनि कसै न कसैले घाटा खेप्नुपर्छ," पूर्वडीआईजी हेमन्त मल्ल भन्छन्, "त्यसैले कम क्षति हुने गरी सुधारको उपाय निकाल्नुको विकल्प छैन ।"

०६९ मा प्रहरी कर्मचारीको वृत्ति विकासमा प्रश्न उठ्न थालेपछि एउटा विभागीय समिति बनेको थियो । समितिले ३० वा ३२ वर्ष सेवा अवधि हटाएर उमेरको हदबन्दी राख्नुपर्ने र विशिष्ट श्रेणी भएकाले आईजीको पदावधि तोक्ने गरी प्रतिवेदन तयार गरेको थियो । तर, यस्तो व्यवस्था गर्दा फाइदा पुग्ने र नपुग्ने दुईखाले समूह जन्मिए संगठनभित्रै । अन्ततः तत्कालीन एआईजी नवराज ढकालको संयोजकत्वमा बनेको समितिले अन्तिम प्रतिवेदन तयार गर्नै सकेन । र, त्यसपछिको नेतृत्वले यसमा खासै चासो देखाएन पनि । परिणामतः प्रहरीको नेतृत्व क्षमतामै प्रश्न उठ्ने अवस्था सिर्जना भयो ।

गृहमन्त्रीमा जनार्दन शर्मा नियुक्त भएपछि समेत प्रहरीले यो प्रावधान हटाएर वृत्ति विकासका प्रणाली लागू गर्ने गृहकार्य थालेको थियो । तर, त्यतिबेला पनि प्रहरीभित्रै फाइदा पुग्ने-नपुग्नेले आ-आफ्ना पक्षमा राजनीतिक लबिइङ गरेपछि पुनः थन्कियो । स्वार्थ हाबी हुँदा करिब ७० हजारको फौज हाँक्ने नेतृत्व भने अहिले संकटोन्मुख चरणमा छ । ♦

शिशिर वैद्य

विद्यार्थीलाई किन चाहियो युनिफर्म ?

'हयाऽऽ, बस मनिटर दाइ पनि कस्तो के, बसमा पनि स्लिभस् फोल्ड गर्न नहुने, टाई तल गर्न नहुने रे ! नाम टिप्दिरा के ! स्कुलमा त भएन भएन, बसमा पनि नहुने रे के ! अब को-अर्डिनेटरको गाली खानुपर्छ भोलि स्कुलमा,' अभिनव र संज्ञा स्कुलबाट रिसाउँदै घर आइपुगेका थिए । स्कुलबाट हाँस्दै र हल्ला गर्दै आउने दुवैको मुहारमा आक्रोश र दिग्दारी स्पष्ट देखिन्थ्यो । उनीहरूको आक्रोश देखेर मलाई भने हालै बेलायतको एक्जरटरस्थित इस्का एकेडेमीका साना स्कुले केटाहरूले गरेको विद्रोहको सम्झना आयो । २२ जून २०१७ का दिन भएको सो विद्रोह स्कुले केटाहरूको आक्रोशको परिणाम थियो । बढ्दो गर्मीमा पनि स्कुलमा पाइन्ट लगाउनैपर्ने बाध्यात्मक नियमका विरुद्ध केटाहरू स्कर्ट लगाएर स्कुल आएका थिए । उनीहरूले यसअघि कक्षा-शिक्षक, मनिटर तथा स्कुल प्रशासनसँग उखरमाउलो गर्मीका कारण हाफ पाइन्ट लगाएर स्कुल आउन पाउनुपर्ने आग्रह गरेका थिए । तर, स्कुल प्रशासनले हाफ पाइन्ट स्कुलको युनिफर्म नीति नभएकाले अनुमति दिन नमिल्ने जवाफ दियो । केटीहरूले स्कर्ट लगाएर आउन पाउने तर आफूहरूले हाफ पाइन्ट किन नपाउने भन्ने केटाहरूको प्रतिवादमा स्कुल प्रशासनले उनीहरूलाई 'तिमीहरूलाई त्यस्तै गर्मी लागेको छ भने स्कर्ट लगाएर आउन सक्छौ तर हाफ पाइन्ट लगाउन पाइँदैन' भन्ने ठाडो जवाफ दिएको थियो । यस्तो जवाफ पाएको भोलिपल्ट केटाहरूले यो विद्रोह गरेका थिए । स्कुले केटाहरूको यो विद्रोहलाई थुप्रै अन्य केटाकेटीले पनि साथ दिएका थिए ।

केटाहरूको यो विद्रोहले २३ जूनका दिन सफलता प्राप्त गर्‍यो । इस्का एकेडेमी प्रशासनले आगामी शैक्षिक सत्रदेखि अभिभावकसँग सल्लाह गरेर हाफ पाइन्टलाई स्कुल युनिफर्ममा समावेश गर्ने निर्णय गर्‍यो । साथै, विद्रोह गर्ने विद्यार्थीमाथि कुनै कारबाही नहुने पनि भनियो । यो निर्णयपछि केटाहरूले एक टेलिभिजन अन्तर्वार्तामा खुसी हुँदै स्वतन्त्रता प्राप्त भएजस्तो अनुभूति भइरहेको बताएका थिए ।

हामीकहाँ पनि बर्सेनि मौसम परिवर्तित हुँदैछ । गर्मी र जाडो दुवै बढ्दै गएको छ । अभिनव र संज्ञाले जस्तै दिग्दारी हरेक दिन हजारौं स्कुले बालबालिकाले भोगिरहेका छन् । राम्रा विद्यालय र गुणस्तरीय शिक्षाको आशमा आफ्ना साना नानीलाई हामी घरपायकभन्दा पनि टाढा-टाढाका स्कुलमा भर्ना गर्न बाध्य छौं । धूलो, धूवाँ अनि जाम, यस्तो वातावरणमा असिनपसिन हुँदै बालबालिका घन्टौं बसमा निदाएर स्कुल जाने-आउने गर्छन् । डिसिप्लेन इन्चार्ज (डीआई) को डरले स्कुल र मनिटरको डरले बसमा कोही पनि युनिफर्म कोडको बर्खिलाप जान सक्दैनन् । गर्मी होस् वा जाडो, जो जान्छन् उनीहरूको नाम टिपिन्छ । बाहुला सारे पनि सजाय, स्वेटर खोले पनि सजाय । सजायको त्रासले थुप्रै बालबालिका कालानीला हुँदै घर आइपुग्छन् थाकेर र गलेर । बालबालिकामा स्कुलमा सजाय पाएको खबर अभिभावकले थाहा पाए झन् गाली गर्छन् भन्ने डर हुन्छ । अथवा कम्प्लेन गरे शिक्षकले झन् कडा सजाय दिने त्रास । यस्ता समस्या सामान्य देखिए पनि यसले बालबालिकाको पढाइ, सिकाइ र मनोविज्ञानमा गहिरो असर परिरहेको हुन्छ । अमेरिकी मनोविज्ञान संस्थाले हालै गरेको एक अध्ययनले पनि मौसममा भइरहेको परिवर्तनले मानसिक स्वास्थ्यमा असर गरिरहेको रिपोर्ट सार्वजनिक गरेको छ ।

स्कुल युनिफर्मका विषयमा हामीकहाँ पनि बेलाबेलामा चर्चा हुने गर्छ । थुप्रै निजी स्कुलहरू पोसाकका मामिलामा निकै कडा हुन्छन् । जाडोमा युनिफर्मबाहेकका टोपी, मफ्लर, ज्याकेट, स्वेटर लगाउने अनुमति दिइँदैनन् । स्कुल पोसाक सम्बन्धमा सरकारले ०६९ मा 'संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका' पारित गरेको छ । १३ बुँदे पोसाकसम्बन्धी निर्देशिकाले कस्तो लुगा लगाउने, पाइन्टको कम्मर कत्रो हुनुपर्ने, टाई नेकसम्म लगाउनुपर्ने, स्कर्ट कत्रो हुनुपर्ने आदि-इत्यादि तोकिदिएको छ । त्यस्तै, पोसाक खरिद गर्न निश्चित स्थान तोक्न नपाइने, पोसाक तोक्दा मौसम अनुसार जाडो र गर्मी, उपयुक्त हुनुपर्ने पनि लेखिएको छ । यिनै निर्देशिकाका आधारमा संस्थागत विद्यालयले आ-आफ्ना पोसाक नीति बनाएका छन् । तर, ती बालमैत्री छन्/छैनन् ? स्कुलहरूले निर्देशिका पालना गरिरहेका छन्/छैनन् भन्ने अनुगमन र मूल्यांकन गर्नेबारे निर्देशिका मौन छ ।

स्कुल पोसाक विद्यार्थीबीच समानताको वातावरण, संस्थागत पहिचान र अनुशासन कायम गर्न लगाइएको नियम हो । यसले विद्यालय परिसरमा गैरविद्यार्थीको आगमन पहिचान तथा स्कुल परिसरभित्र कुनै अप्रिय दुर्घटना हुन नदिन पनि सहयोग गर्छ । सिभिक्ट र युनिसेफले हालै गरेको एक अध्ययनले निजी विद्यालयका विद्यार्थीलाई दिइने दण्डका कारणमध्ये अनुशासित पोसाक नलगाउनु पनि एक प्रमुख कारण रहेको देखाएको छ । तर, अनुशासन र सुरक्षाका नाममा लादिने बाध्यकारी नियमका कारण विद्यार्थी कस्तो तनावबाट गुज्रिरहेका हुन्छन् भन्ने अध्ययन गर्ने प्रयास भने भएको देखिँदैन ।

बढ्दो प्रतिस्पर्धात्मक राष्ट्रिय एवं अन्तर्राष्ट्रिय परिदृश्यमा दिइने शिक्षा गुणस्तरीय हुनु आवश्यक हुन्छ । तर, निजी बोर्डिङ स्कुलहरूले शैक्षिक प्रतिस्पर्धाका नाममा विद्यार्थीलाई थरीथरीका पोसाक लाद्ने, अतिरिक्त क्रियाकलाप देखाएर अभिभावकलाई आर्थिक बोझ थोपरिरहेका छन् । यस्ता विषयमा सम्बन्धित मन्त्रालय, विभागले न अनुगमन गरेका छन्, न त कारबाही नै । गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय अत्यावश्यक कुरा हो । यसका लागि सरकारले 'बालमैत्री विद्यालय प्रारूप-२०६७' पारित गरेको छ । तर, सरकारी विद्यालयमा केन्द्रित उक्त कार्यक्रमले लाखौंको संख्यामा निजी विद्यालयमा पढिरहेका विद्यार्थीलाई सम्बोधन गर्ने पहल भने गरेको छैन । ◆


gle
how to break open a lock
All
Videos
Images
News
Maps
More
Settings
Tools
About 95,900,000 results (0.45 seconds)
How to open a lock with a nut wrench - YouTube
https://www.youtube.com/watch?v=1jJP0CcuJyE
1:36
Feb 28, 2016 - Uploaded by MrGear
Hi, there, my friends, in this video I am going to show you an unusual idea to force open a check-lock if you ...
People also ask
How do you open a lock without a key?
How do you open a master lock without the combination?
How do you unlock a combination lock without the code?
How do you easily pick a lock?
Feedback
Learn How to Open Padlocks WITHOUT the Keys! - YouTube
https://www.youtube.com/watch?v=ZI0Nv-JCbel
3:11
Aug 14, 2015 - Uploaded by Scam School
to make one of these at home is that true that is true my. friend you could use a Red Bull cam. you want to cut ...
How To Open Any Lock (5 Easy Ways) - YouTube
https://www.youtube.com/watch?v=ADi_OffHkqs
14:28
May 12, 2016 - Uploaded by Mr. Cool
usually when you're picking a lock. you have two tools you have a tension wrench. and a pick the tension ...
Breaking Open a Lock with a Paper Clip, a Screwdriver, or a Metal ...
sploid.gizmodo.com/breaking-open-a-lock-with-a-paper-clip-a-screwdriver-1782707...
Jun 27, 2016 - You're not going to be a master locksmith after you watch this video showing you three ways to break open a lock, but you might stop putting your faith in cheap padlocks. That's because a few bent paperclips could jimmy the thing open. Even just jamming a screwdriver into the keyhole can make it unlock.
How to break open a Master Lock with just a small hammer
https://sploid.gizmodo.com/how-to-break-open-a-master-lock-with-just-a-small-hamm...
Nov 30, 2015 - It doesn't take much effort to bust open a Master Lock. All you need to do is apply a little bit of pressure on one end and then add a few taps at the other side in a specific spot and pop, the thing opens pretty easily. Shockingly so! In fact, you don't even really need a hammer to do this trick, the end of a ...
STAY SAFE
ALWAYS
HIKVISION
www.hikvision.com
TECHNO VISION
tvt.com.np

अब्बल २०

कुनै सिनेमाको विषय, कुनैको अभिनय त कुनैको संगीत सबल

यज्ञश

करिब १ लाख ५० हजार वर्षअघि पृथ्वीमा ६ प्रकारका मानव रहेकामा कालान्तरमा एउटा 'होमो स्यापियन्स' मात्र बाँकी रह्यो । बाँकी प्रजाति किन हराए होलान् भन्ने प्रश्नमा अक्सफोर्ड विश्वविद्यालयका प्राध्यापक युवल नोहा हरारीले आफ्नो चर्चित पुस्तक *स्यापियन्स : अ ब्रिफ हिस्ट्री अफ ह्युमनकाइन्ड*मा एउटा रोचक कारण बताएका छन् । पृथ्वीमा भइरहने ठूलो वातावरणीय परिवर्तनका अलावा उनले दिएको मुख्य कारण हो, स्यापियन्ससँग कल्पना गर्ने शक्ति हुनु । 'अन्य जाति सूचना मात्र आदान-प्रदान गर्न सक्थे, यो जातिले तत्काल उपस्थित नभएका कुराबारे पनि कल्पना गरेर कथा बनाउन जान्यो ।'

कल्पना गर्ने, कथा हाल्ने र 'अर्काका कुरा काट्ने क्षमता'का कारणले यो जातिले अन्य मानव जातिलाई उछिन्यो भन्दै हरारी भन्छन्, 'समाज भन्नु पनि एउटा काल्पनिक यथार्थ हो । यो आफैँ कहीँ हुँदैन, खोज्न हिँड्यो भने समाज कहीँ भेटिँदैन ।'

यस्तै परिभाषा सिनेमाको विषयमा पनि गर्न सकिन्छ । जसरी समाज भन्ने अवधारणाको कुनै ठोस प्रमाण भेटिँदैन, यो मानिसको कल्पना र सोचमा मात्र जीवित रहन्छ, सिनेमा पनि त्यस्तै हो । सिनेमा अझै विशिष्ट किन छ भने यसले एकैचोटि कल्पित यथार्थ, वैकल्पिक यथार्थ र अयथार्थको मिश्रण पेस गर्न सक्छ । यसैले संसारमा मंगल वा वृहस्पति ग्रहका प्राणी नआइपुग्दै मानिसले आफ्नो कल्पनाशक्तिको भरमा सिनेमामा ती ग्रहका प्राणीलाई एउटा स्वरूप दिइसक्यो । कुनै दिन साँच्चिकै ती ग्रहमा जीव भएको पत्ता लाग्यो र तिनको स्वरूप देखियो भने थाहा होला, यो कल्पना कति यथार्थ कति अयथार्थ रहेछ भन्ने ! ६ करोड वर्षअगाडि पृथ्वीबाट लोप भएको डाइनासोर पनि फिल्ममा हिरो-भिलेन भइसकेको छ । यो मानिसको कल्पना र कथा हाल्ने शक्तिकै उपज हो ।

मार्क्सवाद, राष्ट्रवादको अवधारणा र बहुराष्ट्रिय कम्पनीजस्तै सिनेमा पनि नेपालमा विदेशबाटै आएको हो । एक शताब्दीभन्दा पहिले सुरु भएको फिल्मी दुनियाँमा नेपालले पाइला हालेको ५३ वर्ष भइसकेको छ । यदि विसं ००८ को फिल्म *सत्य हरिश्चन्द्र*लाई पहिलो नेपाली फिल्म मान्ने हो भने यो अवधि ६६ वर्षको हुन जान्छ । यो फिल्मबारे विवाद भएकाले नेपालमै बनेको *आमा*लाई पहिलो नेपाली फिल्म मान्ने गरिएको छ ।

यो लेख नेपाली फिल्मको इतिहासबारे होइन । तैपनि, यसको विकासका केही खास चरण र खण्डहरू छन् । ०४६ मा पञ्चायतविरुद्ध भएको ठूलो राजनीतिक आन्दोलन नेपाली सिनेमाका लागि पनि एउटा आन्दोलन बराबरै थियो । राणा शाही ढलेपछि पञ्चायतले कब्जा गरेको समाजलाई यसले खुला गरिदिएको थियो । समाज खुला हुनु भनेको विद्यार्थी युनियन र

मजदुर युनियन खुल्नु मात्र होइन, कला, साहित्य र सिर्जना जगत्लाई पनि स्वतन्त्रता दिनु हो । ०४६ पछि लिइएको खुला आर्थिक नीतिले निजी क्षेत्रलाई सिनेमाजस्ता 'भर्चुअल उद्योग'मा लगानी गर्न प्रेरित गर्‍यो । मिडियाको फैलावटले बिस्तारै यसलाई ग्ल्यामर पनि दियो । फिल्म हलको संख्या बढ्यो । फिल्म बनाउनेको संख्या बढ्यो ।

०४६ को परिवर्तनले नेपाली समाजलाई नयाँ युगमा लगेको थियो । र, फिल्ममा पनि त्यो युगलाई प्रतिनिधित्व गर्दै राजेश हमालका रूपमा एउटा बलवान युवा पर्दामा देखापरे । परम्परागत सौन्दर्यको परिभाषा नसुहाउँदो लामो कपाल पालेको विद्रोही युवाका रूपमा हमालले नयाँ चेतना छरेका थिए । समाजले हिरो नमान्ने मजदुर र भरियाजस्ता पात्रहरू पर्दामा एकाएक हिरो भएर उदाए ।

०५० को दशकमा नेपाली फिल्मले संख्यामा निकै ठूलो उपलब्धि हासिल गर्‍यो । तर, गुणस्तर र मौलिकतामा केही अपवादलाई छाड्ने हो भने बलिउडी फर्मुलालाई नै गुरुमन्त्र मानेर फिल्म बने । ०६२/६३ को दोस्रो जनआन्दोलनले फेरि एकपटक नेपाली फिल्मको चिन्तन धारामा केही परिवर्तन ल्यायो । यो आन्दोलनसँग जोडिएको पहिचानको कुरा नेपाली फिल्ममा देखिन थाल्यो । मोटो ज्यान भएका जनजाति कलाकार 'हिरो'मा चल्दैनन् भन्ने सोच बदलियो । मोटो ज्यान भएका र ठिक्क उचाइका दयाहाङ राई नयाँ नेपाली सिनेमाको 'पोस्टर ब्वाई' बने । *लुट* र *चपली हाइट*जस्ता विशुद्ध नयाँ शैली र विषयका फिल्म पनि बने । यस्तो लाग्यो, नेपाली फिल्म एकैचोटि वयस्क भएको छ । *साँघुरो*जस्तो सूक्ष्म मानवीय कथा बोकेको फिल्म बन्यो भने *बधशाला*जस्तो राजनीतिक फिल्म पनि बन्यो ।

पुरुष कलाकारका लागि हिरोको परिभाषा अलि फराकिलो भए पनि महिलाका लागि भने त्यो अझै साँघुरो नै छ । महिला पात्रलाई केन्द्रमा राखेर खासै फिल्म बनेका छैनन् । न त लेखन र निर्देशन विधामा नै महिलाको सहभागिता उल्लेख्य रूपमा भएको छ । सिनेमा नेपालमा मात्र नभई संसारभर छिटो-छिटो रूपमा अघि बढिरहेको छ । चाहे विषयवस्तु होस् वा प्रविधिमा । बजारको त कुरै गर्नुपरेन । अमेरिका, भारत, चीन, कोरिया र जापानका फिल्मको बजार हाम्रा लागि अहिलेसम्म कल्पनाकै कुरा छन् ।

भर्खरै सार्वजनिक एक तथ्यांक अनुसार सन् २०१७ मा भारतको कला र मनोरञ्जन उद्योगको मूल्य १.५ ट्रिलियन भारु पुगेको छ । गत वर्षको तुलनामा १३ प्रतिशतले वृद्धि भएको यो उद्योग सन् २०२० सम्ममा दुई ट्रिलियनको बन्ने अनुमान रिपोर्टमा गरिएको छ । व्यापारलाई छाडिदिने हो भने पनि नेपालमा फिल्म निर्माण हुन थालेको ५० वर्षपछि हामी के-कस्ता विषयमा फिल्म बनाइरहेका छौं ? संसारका क्यान्स वा भेनिसजस्ता फेस्टिबलमा हामीले कतिवटा अवार्ड जितेका छौं ? वा ओस्करजस्ता ग्ल्यामर अवार्ड समारोहमा हाम्रो नाम पुगेको छ कि छैन ? भन्ने प्रश्नले हामी संसारको तुलनामा कहाँ छौं भन्ने थाहा पाउन सकिन्छ । एक-दुई अपवाद छाड्ने हो भने हामी आफैंले आफ्नो बलमा बनाएका फिल्म विश्व मानचित्रमा कुनै टापु हराएजसरी सानो थोप्लामा पनि देखिँदैनन् ।

राम्रा फिल्म खोज्दा सबभन्दा पहिले राम्रा भनेका कस्ता भन्ने प्रश्न आउँछ । यसको सजिलो उत्तर छ- मेरा लागि तीनै राम्रा जसले मलाई कुनै न कुनै रूपमा छोए वा प्रभावित पारे । जसको कथा, अभिनय वा प्रस्तुतिले मेरो संवेदनालाई छोएन, तिनले करोडौं कमाए पनि के ?

फिल्मलाई हेर्दा त्यो समय र परिप्रेक्ष्यमा हेर्नुपर्छ । कस्तो समयमा, कुन चेतनाले त्यो फिल्म बनेको थियो भनेर हेरिएन भने त्यसको सही मूल्यांकन नहुन सक्छ । आजका मितिमा कुनै पनि फिल्ममा लिम्बू वेशभूषा वा गुरुङ संस्कृति देखिनु अनौठो नलाग्ला तर जुन समयमा *नुमाफुङ* बनेको थियो, त्यसबेला नेपाली फिल्मको नाम गैरखस नेपालीभाषी शब्द हुनु नै ठूलो कुरा थियो । पहिचानको मुद्दा राजनीतिक बहसको केन्द्रमा आउनुभन्दा अघि नै बनेको फिल्म *सीमारेखा*, जसमा द्रव्य शाह होइन, मगर युवाको दृष्टिबाट कथा भनिएको थियो ।

यो सूची कुनै सर्वेक्षणमा आधारित छैन । यो सबै फिल्म हेरेर धेरै विज्ञसँग छलफल गरेर बनाइएको सूची पनि होइन । कसैले राम्रा नेपाली फिल्म कुन-कुन हुन् भनेर जान्न चाहेमा एउटा सन्दर्भ सामग्रीका रूपमा भने यसले काम गर्न सक्छ । यी सबै वा यी मात्रै उत्कृष्ट फिल्म हुन् भन्ने दाबी पनि मेरो होइन । यी सबै मलाई उत्कृष्ट लागेका पनि होइनन् । हेरेका फिल्ममध्ये अलि बढी सान्दर्भिक र कलात्मक लागेका फिल्मको मात्र छनोट हो । यो सूची नेपाली फिल्मका धेरै दर्शकको रोजाइसँग मिल्न पनि सक्छ, नमिल्न पनि सक्छ ।

कति फिल्म थिए, जसको कुनै एउटा पक्षले मात्र आकर्षित गर्‍यो । कसैको विषयले, कसैको अभिनयले, त कसैको संगीतले । सूचीमा पुरानाभन्दा नयाँ र पछिल्लो समयका फिल्मलाई बढी प्राथमिकता दिइएको छ । सुरुआती समयका कति महत्त्वपूर्ण फिल्म हेर्न नपाउनु र त्यो समयसँग साक्षात्कार हुन नसक्नु मेरो कमजोरी र सीमा हो । यही कमजोरीका कारण पनि सूचीमा पछिल्ला फिल्म धेरै समाविष्ट छन् ।

बधशाला

अनुप बराल, सौगात मल्ल, दयाहाङ राई र खगेन्द्र लामिछाने । पछिल्लो छिमलको परिवर्तित अभिनयलाई हाँकेका रंगमञ्चका यी चारै अभिनेता यसमा छन् । प्रयोग रुचाउने मनोज पण्डितले निर्देशन गरेको यो फिल्म मान्छेको क्रूरताको कथा हो । माओवादी द्वन्द्वमा बधशालाको उपमा पाएको भैरवनाथ गणको कथा यसमा छ । युद्ध र क्रूरताको कथा भए पनि फिल्मको मूल ट्र्याक मुख छोपेर राखिएको 'अपराधी' र उसको पालेबीचको संवाद र सम्बन्धको हो । माओवादीको विस्फोटमा आफ्नो 'सिपाही साथी' मरेको खबरले स्तब्ध शिक्षकको कथाले थुप्रै नेपालीले भोगेको कथा बोक्छ । सौगात र अनुपबीचको नौ मिनेट लामो विवाद सबभन्दा सार्थक दृश्य हो ।

साँघुरो

नेपाली मूलधारको बौद्धिक विमर्शमा निकै कम स्थान पाएका सहरी गरिबको व्यथालाई फिल्मले निकै सुन्दर ढंगले उतारेको छ । सुकुम्बासी बस्तीको एउटा झुप्रो । एउटै कोठाको यो साँघुरोमा छन्, आमा र छोरा । जब छोराले विवाह गरेर श्रीमती ल्याउँछ अनि के-के समस्या आउला ? जवान नवविवाहितको यौन तृष्णामा के यो साँघुरो घर भिलेन बन्ला ? यस्ता विषयमा कुनै दिन नेपालमा फिल्म बन्ला भनेर १० वर्षअघि कसैले सोच्थेन । तर, विनोद पौडेलको लेखन र जोयस पाण्डेको निर्देशनमा यो फिल्म बन्यो । शुशांक मैनाली, दिया मास्के, दयाहाङ राई र अरुणा कार्कीले मुख्य भूमिकामा अभिनय गरेको यो फिल्मले सुकुम्बासी बस्तीका अरू पाटालाई पनि छुन्छ ।

मुकुन्डो

मानव व्यक्तित्वको अँध्यारो पाटोलाई केन्द्रमा राखेर कथा बनाइएको अर्को फिल्म हो, *मुकुन्डो* । के खास व्यक्तित्व मुकुन्डोभित्र लुकेर बसेको हुन्छ ? सत्य घटनामा आधारित यो फिल्मको केन्द्रमा छन्, एक माता र बिरामी गृहिणी । सानैमा गाउँबाट भागेर माता बनेकी यी महिलाको तृष्णा र यौन अभिलाषा बिरामीका पतिप्रति जागृत भएपछि गृहिणीको जीवनमा कस्तो हलचल आउँछ भन्ने फिल्मले देखाउँछ । सुषुप्त आकांक्षाले मान्छेलाई कुन हदसम्म पुर्‍याउँछ भन्ने तरिकाले देखाउँछ, यस फिल्मले । डकुमेन्ट्रीको दुनियाँबाट कथानकमा आउँदा छिरिङरितार शेर्पाले बनाएको यो फिल्ममा मिथिला शर्मा र गौरी मल्लको अभिनय छ ।

नुमाफुङ

नुमाफुङ एउटा फिल्ममात्र नभई आफैँमा एउटा अभियान हो । लामो समय नेपाली फिल्ममा मौलिकता अभाव रहेको भन्दै त्यसैलाई पुर्न नवीन सुब्बाले *नुमाफुङ* बनाएका थिए । पूर्वी पहाडबाट उठेको पहिचानवादी कविता र साहित्यको आवाजले काठमाडौँ खाल्डो गुञ्जिनुअघि सुब्बाले नागीमा यसको सुटिङ गरेका थिए । लिम्बू परम्पराका कारण उठिबास भएको परिवारको कथामा उनले नयाँ समयकी नायिकाको प्रेमको खोजीलाई पछ्याएका छन् । साँचो प्रेम एकपटक मात्र हुन्छ भन्ने दर्शनमा फिल्मी कथाहरू लेखिइरहेका समयमा उनले तीनवटा विवाह गर्ने युवतीलाई 'हिरो' बनाएका थिए ।

सीमारेखा

सीमारेखा इतिहासको वैकल्पिक प्रस्तुति थियो । द्रव्य शाहको पालाको लमजुङ र लिगलिग राज्य । पाठ्यपुस्तकमा चेपेघाटदेखि लिगलिग कोटको टुप्पोसम्म हुने दौड जितेर द्रव्य शाह राजा भए भनेर पढ्नेहरूलाई *सीमारेखाले* इतिहासका धेरै भंगालाको सम्भावनातिर जान सिकाउँछ । फिल्मले भन्छ, उनले दौडेर होइन, षड्यन्त्रपूर्वक मगर युवाको हत्या गरेर सत्ता कब्जा गरेका थिए । इतिहासको एउटा धारलाई छाडेर फिल्मले फरक कथा प्रस्तुत गर्छ । किशोर राना मगरले निर्देशन गरेको, सानु बाबा तथा रजनी रानाको मुख्य भूमिका भएको यो फिल्मले कल्पित यथार्थ र वैकल्पिक यथार्थबीचको फरक पनि देखाउँछ ।



कबड्डी

अभिनेता दयाहाङ राई र निर्देशक रामबाबु गुरुङले गुरिल्ला शैलीमा नेपाली मल्टिप्लेक्समा हमला गरेका थिए, *कबड्डीबाट* । *नुमाफुङजस्तै* यो पनि एउटा जातिको मौलिक परम्पराले पैदा गरेको समस्यामाथि केन्द्रित थियो । यसको भूगोल फरक थियो, कथा पनि फरक । मुस्ताङको थकाली परम्परामा जेलिएका तीन युवाको प्रेम-त्रिकोण *कबड्डीमा* थियो । दयाका साथमा रिश्मा गुरुङ, निश्चल बस्नेत, विजय बराल र बुद्धि तामाङको प्रमुख भूमिका रहेको यो फिल्म नेपाली कमेडी फिल्मको लाइनमा पनि फरक र अब्बल थियो । पात्रहरूको मुख्य उद्देश्य प्राप्तिको प्रयासलाई नै कमेडीका रूपमा पेस गरिएको यो फिल्मले फरक स्वाद दिएको थियो ।

पशुपतिप्रसाद

भूकम्पले घर भत्किएपछि पशुपतिको शरणमा आइपुगेको गाउँले युवक । वर्षौंदेखि घाटमा मुर्दा पोल्दै आएको एक अधबैंसे । बोल्न नसक्ने एक युवती । र, लास पोलेका मुढाको सप्लाइदेखि ब्रह्मनालमा फालिएका पैसा बटुल्ने काममा कब्जा जमाएर बसेको लोकल गुण्डा भष्मे । *पशुपतिप्रसादका* मुख्य पात्र यिनै हुन् । भेष बदलेर बसेको हनुमान, वृद्धाश्रमका आश्रित र सहरका सुन पसलेहरू पनि यो कथामा जोडिएपछि बन्छ, *पशुपतिप्रसाद* । भूकम्पले अनाथ बनाएका केटालाई सहरले कसरी समाप्त पारिदिन्छ, यो फिल्मले भन्छ । स-साना नोंकझोंकका किस्सामा घुसाइएका जीवनका दर्शनले *पशुपतिप्रसादलाई* अब्बल बनाउँछ ।

टलकजंग भर्सेज टुल्के

टुल्के कमजोरी नभएको फिल्म होइन । तापनि, यसले फरक स्वाद बोकेको छ । मध्य नेपालको लबज र जीवन दर्शाउने टुल्के वर्गसंघर्षको पनि कथा हो । प्रसिद्ध चिनियाँ लेखक लु सुनको कथाबाट एडप्ट गरिएको यो कथामा अनुप बरालको निर्देशनमा नाटक बनेको थियो । नाटकबाट फिल्मीकरण गरिँदा केही कथा र पात्र थप गरिए पनि यसले ग्रामीण वर्गीय विभेदलाई खोतल्ने प्रयास गर्छ । आत्मसम्मानका निम्ति संघर्ष गर्ने निम्न आर्थिक हैसियतको युवालाई कसरी माओवादी आन्दोलनले मनोबल दिएको थियो भन्ने पनि यसले देखाउँछ । खगेन्द्र लामिछाने, रवीन्द्रसिंह बानियाँ, ऋचा शर्मा र दयाहाङ राईको अभिनयले पनि यो फिल्मलाई सम्झनामा राख्नेछ ।

सीमारेखा इतिहासको कथा हो भने *कालो पोथी* वर्तमानको । कसको वर्तमान भन्ने प्रश्नचाहिँ उठ्न सक्छ । काठमाडौँका मध्यमवर्गीय दर्शकलाई यो सय वर्षअघिको कथा लाग्न पनि सक्छ। खासमा चाहिँ यो केही वर्षअघिको कथा हो, जतिबेला देशमा दुईवटा सेना थिए। ती दुई सेनाको चेपुवामा परेका दुई कलिला बालकको दुर्दशा यो फिल्मले दर्शाउँछ। रंग बदलिरहने रारा तालमा नांगा बालकको रगतको दृश्य नेपाली फिल्ममा हेरेका केही कलात्मक दृश्यमा पर्छन्। माओवादी विद्रोहलाई आलोचनात्मक हिसाबले हेर्ने मीन भाम निर्देशित यो फिल्म कर्णालीको जीवनलाई ठूलो पर्दामा यसरी कैद गर्ने केही थोरै फिल्ममध्येमा पर्छ।

कालो पोथी

जात्रा

प्रदीप भट्टराईनिर्देशित यो कमेडी फिल्मको केही भागमा मधेसी पात्रलाई हँसिमजाकिया पात्र बनाइएको छ । विपिन कार्की, रवीन्द्र झा, रवीन्द्रसिंह बानियाँ, प्रकाश घिमिरे र वर्षा राउत अभिनीत यस फिल्मले सहरका निम्नमध्यम वर्गीयको कथा भन्छ । अभावग्रस्त मानिसलाई एकैचोटि ठूलो रकम हात पर्दा हुने औडाहा यसले देखाउँछ। तर, जब पैसा लुकाउने मुसा-बिरालोको भागमा फिल्म प्रवेश गर्छ, यसले आफ्नो स्वाभाविकतालाई गुमाउँछ । समाजमा कुनै व्यक्तिको हैसियत र इज्जत निर्माणमा पैसाको भूमिका कसरी सर्वोपरि भइरहेको छ भन्ने यसले जसरी प्रस्तुत गर्छ, विपिन कार्कीको अभिनयले यो फिल्मलाई स्मरणीय बनाएको छ।

यो फिल्ममा द्वन्द्वोत्तर समाजको कथा समेटिएको छ । द्वन्द्वका धेरैतिर फर्किएका त्यान्द्रालाई एकै ठाउँमा ल्याउने यस फिल्मले नेपाली समाजको वर्तमान र निकट भविष्यको संकेत गर्न खोज्छ । समाजमा छरिएर रहेको बहुआयामिक द्वन्द्वको एक आयामको मात्र बिट मारिएको भन्दै यसले द्वन्द्व कायम रहेको जिकिर गर्छ । संविधान जारी भएकै दिन मृत्यु भएका एक वृद्धका माओवादी विद्रोही र सरकारी सुरक्षा निकाय सम्बद्ध दुई छोराको द्वन्द्वको माध्यमबाट यो फिल्मले राजनीतिलाई पर्दामा ल्याउँछ। यसले विद्रोहको सम्भावना अझै जीवित रहेको तर्क गर्छ। दीपक रौनियारनिर्देशित यस फिल्मले द्वन्द्वपछिको समाजको उथलपुथलतर्फ संकेत गर्छ।

सेतो सूर्य

सुनगाभा

नाटकबाट फिल्ममा अभिनेता-अभिनेत्री मात्र गएका छैनन्, निर्देशक पनि गएका छन्। सुवर्ण थापा त्यसकै उदाहरण हुन्। उनले निर्देशन गरेको *सुनगाभा* एउटा महत्त्वपूर्ण फिल्म हो। समावेशिता र बहुपहिचानजस्ता सवाललाई बहसमा ल्याउने काममा कला-साहित्यको भूमिका छ। *सुनगाभाले* समलैंगिकताको कथा भन्छ तर यथार्थवादी स्वरमा । परम्परागत नेवार परिवारकी युवती र बाहिर हेर्दा खुला दिमागको देखिने परिवारकी अर्की युवती। यी दुई परस्परमा प्रेम गर्छन्। तर, समाज बाहिर देखिएजस्तो मात्रै छैन । आफन्त र जोरीपारीका डरले परिवारै आफ्नै भइदिँदैन । दिया मास्के, निशा अधिकारी, सौगात मल्लले मुख्य भूमिकामा अभिनय गरेका छन्।

लुट धेरै अर्थमा नेपालको ट्रेन्ड सेटर फिल्म हो । क्यामरा सञ्चालनदेखि सम्पादन, संवाद र अभिनयमा एकैपटक ठूलो परिवर्तन ल्याएको लुटले व्यावसायिक सफलतामा पनि नेपाली फिल्मलाई अर्को चरणमा पुऱ्याउने काम गरेको थियो । बैंक लुट्ने मास्टरप्लान लिएर घुमिरहेको हाकु कालेका माध्यमबाट यसले काठमाडौँका रैथानेलाई मुख्य पात्र बनाएको थियो । शुद्ध नेपाली उच्चारण नगरे पनि हाकु काले फिल्मको हिरो हो। सौगात, दयाहाङ, कर्म, ऋचा शर्मालगायतको मुख्य अभिनय छ। पर्दामा कलाकार बोल्दा नेपाली शिक्षकले जस्तो शुद्ध बोलेको हेर्ने बानी परेका हाम्रा लागि यो सुखद आश्चर्य थियो ।

लुट

प्रेमपिण्ड

प्रेमपिण्ड एउटा बैंस ढल्किँदै गएका वैभवशाली राणा जर्नेलको एक निरीह गाउँले युवतीप्रतिको आकर्षणको कथा हो। कथा सुरुमा आकर्षकजस्तो लाग्छ । तर, जब युवतीलाई राणाले बिदा दिन्छ र भन्छ, 'तँ यो भऱ्याङबाट जति झर्दै जान्छेस्, मेरो नौनीजस्तो मन करौतीले काटेर छिया-छिया हुनेछ ।' एकतर्फी प्रेमको यो अमरगाथाले त्यो समयको सामन्ती समाजका झलकहरू पनि दिन्छ । यादव खरेलले निर्देशन गरेको फिल्ममा जनरल एडविलको भूमिकामा नीर शाहको अभिनय सम्झनायोग्य छ । फिल्ममा सनी रौनियार र सरोज खनालको अभिनय तारिफयोग्य छ । र, शम्भुजित बास्कोटाको संगीतमा 'गैरी खेतको सिरै हान्यो' पनि ।

ध्रुवचन्द्र गौतमको *कट्टेल सरको चोटपटक* उपन्यासकै रूपमा अब्बल छ। त्यसैमाथि नीर शाहले बनाए *वासुदेव*। हरिहर शर्मा, शकुन्तला शर्मा, नीर शाह, कृष्ण मल्ल र शर्मिला मल्लको मुख्य भूमिका रहेको यो फिल्म एक आदर्श शिक्षकको कथा हो। विचार र आदर्शलाई नै सबथोक ठान्ने एउटा गरिब शिक्षक र धनसम्पत्तिका लागि जे पनि गर्ने उसको व्यापारी साथीको अहं र स्वाभिमानको द्वन्द्वको कथा यसले भन्छ।

वासुदेव

तुलसी घिमिरे सिक्किम-दार्जीलिङले नेपाली साहित्य, संगीत र सिनेमालाई दिएका केही उत्तम प्रतिभामध्ये एक हुन्। *देउता* रोमान्टिक युवाको अतृप्त प्यासको कथा हो। यो फिल्मले राजेश हमाललाई मात्र हिरो बनाएन, त्यसबेलाका युवा दर्शकलाई पनि हिरो दिएको थियो। र, राम्रो फिल्मको एउटा मानक बनाइदिएको थियो। १६ भाषामा सपना देख्ने युवराज लामा र पैसाका लागि देउता बेच्नेहरूको गीत पनि *देउता*का अविस्मरणीय कुरा थिए।

देउता

तुलसीकै यो फिल्ममा पनि प्रेम छ तर वैशालु आकर्षणभन्दा फरक। यो प्रेम हो, देश र प्रजातन्त्रप्रतिको। 'गाई पालेर पनि ढुंग्रोमा मोही नहुने'हरूका प्रतिको। हरिवंश, मदनकृष्ण, अञ्जना श्रेष्ठ, नीर शाहको मुख्य भूमिका रहेको यो फिल्म खासमा ०४६ अघि मालेका युवाको सपना र बलिदानको सारांश हो। पञ्चायतविरुद्ध कांग्रेसले लामो लडाइँ लडे पनि त्यही कालमा मालेका युवाले पनि पहाडी बस्तीमा चेतनाको झिल्को बोकेर हिँडेका थिए भन्ने यसले देखाउँछ।

बलिदान

दर्पण छायाँ

सिनेमाको स्वर्ण युग मानिने ५० को दशकमै दरबार हत्याकाण्ड र संकटकालले सिने क्षेत्रमा अनेक संकट ल्यायो। डिजिटल क्यामेरा र सम्बन्धहरूको नयाँ 'अन्डरस्ट्याडिङ'ले फिल्म लेखनलाई कब्जा गर्नुअघि *दर्पण छायाँ* त्यस समयको प्रेमगीतजस्तै थियो। संगीत, निरुता सिंहको दार्जीलिङे टोन मिसिएको नेपाली, दिलीप रायमाझी र उत्तम प्रधानको चरित्रले त्यो पुस्तामा *दर्पण छायाँ*को अमिट छाप छाडेको थियो।



तृष्णा

उगेन छोपेलको *साइनो* उत्कृष्ट मानिँदै गर्दा मलाई भने *तृष्णा*ले बढी समात्यो। *साइनो* होस् वा *बादलपारिमा*, मानवीय सम्बन्धका पत्र उधिन्ने काम छोपेलले सधैं गरिरहे। भुवन केसी, रूपा राना र मुरलीधरको यो त्रिकोण सायद नेपाली फिल्मको सबैभन्दा राम्रो प्रेम त्रिकोणमा पर्छ। बाल्यकालमा छुटेका साथीको पुनःमिलनको कथामा दार्शनिकताको लेप लगाइएको छ।

झोला

कृष्ण धरावासीको कथामा आधारित रहेर यादव भट्टराईले बनाएको यस फिल्मले नेपाली इतिहासको एउटा कालखण्डको कहालीलाग्दो कथा भन्छ। चन्द्रशमशेरले सती प्रथा उन्मूलन गर्नुअघि यो एउटा संस्कारका रूपमा थियो। हाम्रो इतिहासमा महिलामाथि भएका यस्ता अत्याचारका कथालाई साहित्य र पर्दामा ल्याउने काम थोरैले मात्र गरेका छन्।

र, यी पनि

माथि उल्लिखित फिल्म मात्रै राम्रा थिए भन्ने दाबी होइन। यीबाहेक थुप्रै लेखक/निर्देशक तथा कलाकारले पनि नेपाली फिल्मलाई यहाँसम्म ल्याउन योगदान दिएका छन्। प्रताप सुब्बाको *परालको आगो*, उगेनको छोपेलको *साइनो* र *नेपालीबाबु*, तुलसी घिमिरेको *चिनो* र *कुसुमे रुमाल*, प्रकाश थापाको *कन्यादान*, शिव रेग्मीको *मानिस*, अशोक शर्माको *ट्रक ड्राइभर*, रमेश बुढाथोकीको *मोहनी*, नीर शाहको *बसन्ती*, प्रकाश सायमीको *सिमाना* तथा मनोज पण्डितको *दासढुंगा*लगायतका फिल्मको महत्त्व नेपाली फिल्ममा कम छैन। भूषण दाहालको *कागबेनी*, दीपक रायमाझीको *युगदेखि युगसम्म*, किशोर रानाको *करोडपति*, राजेन्द्र शलभको *विजय पराजय*, प्रताप सुब्बाको *भीष्मप्रतीज्ञा* र दीपक रौनियारको *हाइवे* पनि आफ्नो समयका उल्लेख्य फिल्म हुन्। फ्रेन्च फिल्ममेकर एरिक भ्यालीले बनाएको *क्याराभान*लाई यो सूचीभन्दा अलग्गै राखेर हेर्नु उचित होला भन्ने लाग्छ। यसले ओस्करमा नेपालको नाम पुऱ्याएको कुरालाई बिर्सिएको भने होइन। ◆

Arogin
HEALTH CARE & RESEARCH CENTRE

World Class
HAIR TRANSPLANTATION

कपाल प्रत्यारोपण : जानकारी

कपाल प्रत्यारोपण एक आफ्नै टाउकोको पछाडिको भाग अथवा दाह्रीबाट कपालको जरा निकालेर अगाडी सार्ने प्रक्रिया हो । रोपिएको कपाल प्राकृतिक रूपले बढ्छ र यो हाम्रो सामान्य कपाल जस्तै प्रकृतिको हुन्छ ।

विश्वमा अहिले ३ वटा प्रबिधिबाट कपाल प्रत्यारोपण गरिन्छ जसमा FUT (Folicular Unit Transplant), FUE (Folicular Unit Extraction) र अहिले आएको र हाम्रो सेन्टरमा हुने IHT (Immediate Hair Transplantation) रहेका छन्।

कपाल प्रत्यारोपण एक सामान्य प्रक्रिया हो र यसमा कुनै अस्पताल भर्ना हुन पर्दैन ।

तालुपनबाट मुक्ति पाउनका लागि यो एक मात्रै उपाय हो ।

Type HAIR & SMS to **9801143423** for **FREE CONSULTATION**

Or call us on **01-44 23 423**

OUR OTHER SERVICES:

- Hair fall control
- Hair transplantation on scar
- Eyebrow transplantation
- PRP therapy for Hair
- Mesotherapy

कसले सम्पर्क गर्ने?

तालु खुइलिएको तर पछाडिको भागमा बाक्लो कपाल भएको पुरुषहरुले
अगाडीको भाग एकदमनै पातलो देखिदै गएको महिलाहरुले
- तन्नेरी अवस्थामा नै कपाल पातलो हुदै गएको युवावर्गले
- घाउचोट लागेर अथवा आगोले पोलेर बसेको दागमा
- कपाल रोप्न पर्ने।

बिहान ९:०० बजे देखि बेलुका ६:३० सम्म

For Appointment: **9801143423 / 9801143425**

WE ARE OPEN ON
SATURDAYS
TOO

AROGIN HEALTH CARE & RESEARCH CENTRE PVT. LTD

05, Bishalnagar, Baluwatar, Kathmandu
01 4423423 / 25 / 35
hairclinic@aroginhealthcare.com
www.aroginhealthcare.com

Finance Partner:
NABIL BANK

विभु लुइटेल

गत मंसिरमा साउदी अरेबिया रोबोटलाई नागरिकता प्रदान गर्ने विश्वकै पहिलो राष्ट्र बन्यो । हङकङस्थित ह्यान्सन रोबोटिक्स नामक संस्थाले बनाएको उक्त रोबोटलाई 'सोफिया' नाम दिइएको छ । नागरिकता अनुसार सोफिया महिला हुन् । संयुक्त राष्ट्रसंघीय विकास कोषलगायत अन्य अन्तर्राष्ट्रिय संस्थाले उनलाई विशेष सम्मान गर्दै यसका आविष्कारकको मुक्तकण्ठले प्रशंसा गरेका छन् । विभिन्न सञ्चार माध्यमका लागि अन्तर्वार्ता दिइसकेकी सोफिया बुद्धिमत्ताका हिसाबले सामान्य मानिसभन्दा मेधावी छन् । उनी मान्छेले बनाएका सर्वोत्तम यन्त्रमध्येमा पर्छिन् भन्दा अतिशयोक्ति नहोला ।

हालै रियादमा सम्पन्न व्यावसायिक भेलालाई सम्बोधन गर्दै उनले सिंगो साउदी अरेबियालाई धन्यवाद ज्ञापन गरिन् । कुनै देशको नागरिक हुनेजस्तो अद्वितीय अवसर प्राप्त गर्ने पहिलो रोबोट भएकामा आफूले गौरवान्वित महसुस गरिरहेको भाव पनि व्यक्त गरिन् । आफ्ना देशका महिलालाई नै नागरिकसरहको व्यवहार नगर्ने साउदी अरेबियाजस्तो राष्ट्रले रोबोटलाई दुर्लभ पहिचान किन र कसरी प्रदान गर्‍यो भन्नेजस्ता प्रश्न पनि नआएका होइनन् । आफ्ना जनतालाई स्वतन्त्रता र अधिकार प्रदान गर्ने सन्दर्भमा साउदी अरेबिया विश्वकै कमजोर राष्ट्रको सूचीमा दसौँ स्थानमा छ । तर, अरू तर्क पन्छाएर रोबोटका विषयमा मात्रै केन्द्रित हुने हो भने यो कदमलाई ऐतिहासिक तथा सराहनीय मान्न सकिन्छ । एन्ड्रियु रस सर्किनद्वारा सञ्चालित उक्त कार्यक्रमको भिडियोले केही समयमै सिंगो विश्वकै ध्यानाकर्षण गर्न सफल भयो । अनुहारबाटै ६२ वटा भाव व्यक्त गर्न आफूलाई प्रशिक्षण दिइएको जिकिर पनि उनले गरिन् । विभिन्न कार्यक्रममा अनेक व्यंग्य गरेर उनले आफ्नो अनुपम प्रतिभाको उदाहरण दिइसकेकी छन् । जिम्मी फ्यालनको चर्चित कार्यक्रम 'द टुनाइट सो'मा सोफियाका निर्माणकर्ता डेभिड ह्यान्सनले सोफिया सामाजिक रोबोट भएको बताए । सामान्य प्राणीको जस्तै जीवनशैलीमा उनलाई अभ्यस्त बनाएको कुरा पनि उनले राखे ।

'तिम्रो सार्थकता के त ? मानिसका लागि तिमी कसरी सहयोगी सिद्ध हुन सक्छौ ?' भन्ने प्रश्न सोफियाका अगाडि राखिँदा उनीबाट निकै चतुर जवाफ आउँछ, "म मानव जगत्का लागि कुनै अभिशाप होइन, वरदान साबित हुन चाहन्छु । संसारलाई सुन्दर बनाउन मेरो भूमिका महत्त्वपूर्ण रहनेमा कसैले शंका नगरे हुन्छ । म आफ्नो बलबुताले भ्याएसम्म अरूको हित हुने काम मात्र गर्दै जानेछु ।"



रोबोट त्रास

आउँदो १२ वर्षमा संसारको झन्डै ८० करोड जनशक्ति रोबोटबाट प्रतिस्थापित हुने खतरा

तस्बिर : भास्कर ओझा

रोबोट सोफिया अहिले नेपाल आएकी छन्। सोफियाले ८ चैत ०७४ मा काठमाडौंको एक सभालाई सम्बोधन गरिन् । नेपालका बारेमा केही कुरा बोल्नेदेखि लिएर नेपालमा प्रविधिको विकास कसरी हुन सक्छ भन्ने विषयमा समेत उनले धारणा राखिन् । केही समयअघि दक्षिण कोरियाको एक कम्पनी ‘डीआरसी ह्युबो’ले सोफियामा खुट्टा जडान गरी उनको खुट्टाको चालको सफल परीक्षण गरेको थियो । हिँड्दा गति सुस्त हुने हुँदा त्यसमा सुधार्नुपर्ने देखिन्छ । यसैकारण सबै कार्यक्रममा अर्धकदकी सोफियालाई नै लगिने ह्यान्सन रोबोटिक्सका वैज्ञानिक एन्ड्रिआस स्वारेजले बताए। “सोफियाको तन्त्रिका योजना आफैंलाई प्रशिक्षित गर्न सक्ने गरी बनाइएको छ । तर, हामी समय-समयमा प्रयोगशालामा पनि प्रशिक्षण दिइरहन्छौं,” सोफियाको तुरुन्तै जवाफ दिन सक्ने क्षमताबारे स्वारेज भन्छन्।

अचेल बन्ने कति चलचित्रमा रोबोटहरू नियन्त्रणबाहिर भइदिन्छन्। वास्तविक जीवनमा पनि यस्तो हुन सक्दैन भन्न सकिँदैन । चलचित्रमा प्रत्येक रोबोटको शरीरमा स्विच हुन्छ। त्यो थिच्यो, रोबोट निस्क्रिय। साँच्चैको रोबोटमा स्विच हुन्छ कि हुँदैन, थाहा छैन । काठमाडौंमा आयोजित कार्यक्रमका सञ्चालक रेनड मेयरले सोफियालाई यही प्रश्न गरे । सोफिया अलमलिइनन्। उल्टै जवाफ फर्काइन्, “तपाईंको शरीरमा कुनै स्विच छ कि छैन ? तपाईं पागल हुनुभयो भनेचाहिँ के गर्ने ?”

मानिसका अनुहारका भाव र आवाजको प्रकृति विचार गरेर सोफियाको तन्त्र सञ्जाललाई एक ‘डिसिजन ट्री’ निर्माण गर्न र भविष्यमा परिस्थिति अनुरूपको प्रतिक्रिया दिन सोफियालाई प्रशिक्षण दिइएको छ। यसकारण भिन्न अर्थ भएका केही प्रश्नको जवाफ एउटै आउने समस्या भने सोफियामा देखिन्छ।

विज्ञानको यस्तो अभूतपूर्व उपलब्धिपछि धेरैका मनमा ‘के अब अरू अमानवले पनि नागरिकसरहको दर्जा पाउँदै जालान् त ?’ भन्ने प्रश्न उब्जिनु स्वाभाविक हो । साउदी अरेबियाको यो प्रयास स्वागतयोग्य पक्कै छ । तर, भविष्यमा यस्ता रोबोटले प्रभुत्व जमाउँदै गए त्यसबाट आइपर्ने संकटसँग जुध्न के गर्ने भन्ने कुरामा पनि वैज्ञानिकहरू सचेत हुनुपर्ने देखिन्छ। रोबोटिक्स क्षेत्र यस्तै प्रगतिशील हुँदै गए मानिसलाई आफ्नो साख जोगाउन धौ-धौ पर्ने स्थिति आउन सक्छ । बेलायती समाचार संस्था ‘एक्सप्रेस’का अनुसार जापान र भारतले समन्वय गरी चीन र उत्तर कोरियामा भइरहेका पारमाणविक हतियार तथा क्षेप्यास्त्रलाई नियन्त्रण गर्न र आफू त्यसबाट जोगिन अत्याधुनिक रोबोटहरूलाई सैन्य शक्तिका रूपमा परिचालन गर्ने सहमतिमा हस्ताक्षर गरेका छन्। शक्ति राष्ट्रहरूको यस्तो अस्वस्थ प्रतिस्पर्धा हेर्दा तेस्रो विश्वयुद्ध मानव-मानवका बीचमा नभई रोबोट-रोबोटका बीच हुने अनुमान गर्न पनि गाह्रो नपर्ला ।

१० जना दक्ष व्यक्तिलाई रोजगार दिनुभन्दा पूर्ण प्रशिक्षित रोबोटलाई काम लगाउँदा कुन कम्पनीलाई फाइदा नहोला र ? अझ भोक, थकाइ, अल्छी केही नलाग्ने कारिन्दा कसको रोजाइमा नपर्ला ? *डेली मेल*ले गरेको एक अनुसन्धान अनुसार आउने १२ वर्षभित्र संसारभरिका करिब ८० करोड जनशक्तिलाई रोबोटले प्रतिस्थापित गर्नेछन् । रोजगार गुम्नु राम्रो संकेत हुँदै होइन। अझ यत्तिका मान्छेको जीविकोपार्जनको स्रोत एकैचोटि खोसिँदा संसारमा त्यसले निम्त्याउने संकटको पूर्वानुमान पनि सजिलै गर्न सकिन्छ।

रोबोटिक्स आफैं उत्पादन भएको वस्तु होइन । यो केवल मानिसको दिमागको उपज हो । केही वर्षअगाडिसम्म यन्त्रवत् काम मात्र गर्न सक्षम रोबोटहरूमा भावना भर्न सक्नु र तिनलाई मान्छेभन्दा बढी बुद्धिमान् बनाउनु सजिलो पक्कै होइन । अझ केही समय यस्तै चल्दै गएमा मानिसको अस्तित्व नै धरापमा पर्न सक्ने तथ्यबाट पर भाग्न सकिँदैन । इलन मस्क र स्टेफेन हकिङजस्ता वैज्ञानिकले पनि यसबारे आफ्ना धारणा राखेका छन् । मानिसजस्तै रोबोटमा प्रजनन क्षमता सम्भव हुने भइदिएको भए तिनीहरूले मानव जातिको अस्तित्व नै सखाप पार्न सक्ने उनीहरूको संयुक्त विचार छ । प्रविधिमा लामो फड्को मारिसकेका विश्वका कैयौं देश यो समस्या निराकरणबारे गहन अध्ययन गरिरहेका छन् । वैज्ञानिकले विज्ञान प्रविधिमा विकासका काम गर्दै जालान् कि मानव सभ्यता जोगाउन यिनका बारेमा अध्ययन नै बन्द गरिदेलान् भन्ने कुरा जनमानसमा सदैव चासोको विषय बनिरहनेछ।

नेपालमा रोबोटिक्सका क्षेत्रमा उल्लेखनीय कार्य भएका छैनन् भन्दा पनि फरक नपर्ला । केही संस्थाहरूले यससम्बन्धी कार्यक्रम तथा कार्यशाला आयोजना गरिरहेका पनि छन् । तर, ती सबैजसो पुरानै प्रविधिमा आधारित छन् । बेलाबेलामा हुने यस्ता केही प्रदर्शनी तथा प्रतियोगितामा केही सरल रोबोट बनाएर तिनलाई कुदाउने, जुधाउने वा नचाउने गरेको देखिन्छ। प्रविधिमा केही नवीनता नल्याईकन हरेक वर्ष पुरानै शैलीलाई निरन्तरता दिनु उराठलाग्दो देखिन्छ । कमजोर प्राविधिक निकाय रहुन्जेल र कम्प्युटर प्रविधिका नाममा वर्षौंअगाडि नै लुप्त भइसकेका विषयलाई कलेजहरूमा अध्यापन गराउने बेलासम्म हामीले उत्पादन गर्ने भनेको बढीमा बच्चाले खेल्ने गाडीसम्म हो, सोफियाजस्ता अत्याधुनिक रोबोट होइन। केही बैंक, रेस्टुराँहरूले रोबोट राखेर तिनलाई परिचालन नगरेका होइनन् । तर, ती सबै लाखौं रुपियाँ खर्चेर बाहिरबाट झिकाइएका हुन् । रोबोटिक्सका क्षेत्रमा काम गर्न सक्ने दक्ष नेपाली युवाको पहिलो रोजाइमा नेपाल परेको पाइँदैन। विज्ञान तथा प्रविधिका क्षेत्रमा विकसित मुलुकमा त्यही ज्ञान र सीप खर्च गर्दा आउने प्रतिफल कैयौं गुणा धेरै हुने हुँदा आफ्नो दक्षता खेर जान नदिन विदेशको मुख ताक्ने गरेको पाइन्छ। त्यसैले हाम्रो देशमा विज्ञान र प्रविधिको क्षेत्र विकसित हुन अझ धेरै वर्ष कुर्नुपर्ला । ◆

मोफसलको गोल

राजधानीमा फुटबल गतिविधि शून्य रहेका बेला मोफसलमा भने लाखौँ राशिका प्रतियोगिता गराउने होड

■ हिमेश

मोफसलतिर साना–ठूला प्रतियोगिता नहुँदा हुन् त नेपाली फुटबलको स्थिति अचेल कस्तो हुँदो हो, कल्पना पनि गर्न सकिन्न । सायद गतिविधिको हिसाबले नेपाली फुटबल शून्यमा झर्थ्यो होला । धन्न काठमाडौँबाहिर फुटबल हुन्छ र खेलाडीले खेल्ने काम पाएका छन् । नेपाली फुटबललाई जीवन्त राख्ने जस यी प्रतियोगितालाई दिनैपर्छ । त्यसैले पनि यी प्रतियोगिताका आयोजक नेपाली फुटबललाई आफूहरूले नै धानेको दाबी गर्नसमेत पछाडि पर्दैनन् ।

हुन पनि अहिले विशेषतः पूर्वका धेरै सहरमा प्रतियोगिता नियमित हुने गर्छन् । अचेल यसले महोत्सवकै रूप पनि लिने गरेको छ । दर्शकको पनि कमी हुन्न, आखिरमा फुटबल नेपालमा सर्वाधिक लोकप्रिय खेल हो । अब त पश्चिमतिर पनि यस्तै फुटबल संस्कृति विकास हुन थालेको छ । यता काठमाडौँतिर फुटबल हुन छाडेको भने धेरै भइसकेको छ । भूकम्पपछि त प्रतियोगिता हुन नै सकेका छैनन् । एकाध अन्तर्राष्ट्रिय प्रतियोगितालाई छाड्ने हो भने काठमाडौँमा फुटबलको गतिविधि शून्यजस्तै छ ।

लिग हुन नसकेको पनि धेरै भयो । भूकम्पअगाडि सुरु भएको राष्ट्रिय लिगले अन्त्यको अवसर त पायो तर त्यसपछि लिग पनि हुन सकेका छैनन् । अखिल नेपाल फुटबल संघ (एन्फा)ले धेरैपल्ट लिग गर्ने घोषणा गरेको छ । अब त हुने नै भयो भनेर दाबी पनि गरिए । तर, प्रत्येकपल्ट यी घोषणा कागजमै सीमित रहे । यस्तोमा राष्ट्रिय लिग मात्र होइन, निकै पुरानो इतिहास रहेको सहिद स्मारक लिगसमेत खालि पुराना दिन सम्झने बहाना भएको छ ।

कुनै समय थियो, काठमाडौँमा एकपछि अर्को प्रतियोगिता हुन्थे र आफूहरूलाई गाह्रो भयो भनेर क्लबहरू गुनासो गर्थे । अहिले त्यसको ठीक उल्टो स्थिति छ । त्यसैले एन्फा अध्यक्ष नरेन्द्र श्रेष्ठले पनि यो तथ्य स्वीकार्न आनाकानी गरेका छैनन्, नेपाली फुटबलमा अहिले जे भइरहेको छ, त्यो सबै मोफसलकै प्रतियोगिताले मात्र सम्भव भएका हुन् । "मोफसलका प्रतियोगिताको महत्त्व हाम्रा लागि धेरै छ, यो तथ्य सत्य हो," उनी भन्छन् ।

एसिया कप छनोटमा नेपालले खेल्ने भएपछि नेपाली राष्ट्रिय टिमका प्रशिक्षक कोजी ग्योटोकु आफैँ मोफसलका प्रतियोगिता हेर्न बाहिर निस्केका थिए । टिम निर्माणका

लागि छनोट र नयाँ खेलाडीको खोजीका लागि उनीसामु पनि यिनै मोफसलका प्रतियोगितामा भर पर्नुबाहेक अरू कुनै विकल्प थिएन । तर, यी प्रतियोगिता जसरी सञ्चालन भइरहेका छन्, त्यसलाई लिएर उनी खुसी हुन भने सकेनन् । "यी प्रतियोगिता ठीक ढंगले हुन सकेका छैनन्," कुराकानीमा उनले भनेका थिए ।

यस्तै अनुभव स्वयं एन्फा अध्यक्ष श्रेष्ठको पनि छ । उनले एकपल्ट मोफसलमा हुने प्रतियोगिताको वर्गीकरण गर्ने घोषणा पनि गरेका थिए । तर, फेरि काम भने गरेनन् । खास–खास ठूला प्रतियोगिता एन्फाको स्वीकृतिमा हुने गरेका छन् । तर, त्यस्ता धेरै प्रतियोगिता पनि छन्, जसले एन्फासँग कुनै प्रकारको सहकार्य र समन्वय गरेको छैन । "यी प्रतियोगिताले विकृति ल्याउने डर पनि छ, यसबारे सजग हुनुपर्छ," अध्यक्ष श्रेष्ठ दोहोर्‍याउँछन् ।

नेपाली फुटबललाई जीवन्त राख्ने श्रेय पाइरहे पनि मोसफलका प्रतियोगितालाई लिएर साँच्चै गुनासो गर्ने ठाउँ धेरै छन् अनि आलोचनाका पक्ष पनि उत्तिकै । मोफसलमा फुटबल प्रतियोगिता अहिले जसरी चलिरहेका छन्, तिनलाई त्यसरी नै चल्न दिने हो भने डर छ, केही वर्षमा यी प्रतियोगिता धराशयी हुनेछन् र हराएर जानेछन् । अहिले सबैभन्दा विकृतिका रूपमा अगाडि आएको छ, सर्वाधिक पुरस्कार राशिको प्रतियोगिता आयोजना गर्ने लहड ।

एउटा प्रतियोगिताले केही रकम बढाएर पहिलो पुरस्कारको घोषणा गरेको सार्वजनिक हुन पाएको हुन्न, अर्को प्रतियोगिताले त्यसलाई उछिनेर बढी पुरस्कार राशि घोषणा गरिहाल्छ । केही वर्षअघिसम्म लिगमा वितरण हुने पुरस्कार राशि बराबरकै नकआउट प्रतियोगिता अचेल मोफसलमा हुन थालेका छन् । त्यस्ता प्रतियोगिताको सूची बनाउने हो भने लामै हुन्छ । पहिलो हुने टिमले १० लाख रुपियाँभन्दा बढी पुरस्कार पाउने प्रतियोगिता नै अहिले तीनवटा छन् । जस्तो : धनगढीमा भएको सुदूरपश्चिम खप्तड गोल्डकपले पहिलो हुने टिमलाई ११ लाख ११ हजार १ सय १ रुपियाँ दिएको थियो । दोस्रो हुनेले त्यसको ठीक आधा पायो । त्यहाँ आर्मी पहिलो भएको थियो भने दोस्रो सशस्त्रको एपीएफ । इटहरीमा भएको मदन भण्डारी मेमोरियल गोल्डकपले पहिले हुनेलाई १२ लाख रुपियाँ दियो, दोस्रो हुनेलाई ६ लाख । त्यहाँ श्री–स्टारले उपाधि चुमेको थियो भने मनाङ–मर्स्याङ्दी दोस्रोमा रह्यो । पुरस्कार राशिको होड यत्तिमै रोकिएन ।

त्यसको एक पाइला अगाडि सरेर झापामा हालै मात्र सम्पन्न झापा गोल्डकपले उपाधि जित्नेलाई १२ लाख ५१ हजार रुपियाँ प्रदान गरेको थियो । दोस्रोको भागमा ६ लाख रुपियाँ पर्‍यो । उपाधिसँगै यति धेरै रकम हात पार्ने टिम रह्यो, आर्मी । घरेलु झापाली टिमले दोस्रो स्थानमै चित्त बुझायो । पुराना प्रतियोगितामध्ये पोखराको आहा गोल्डकपले पहिलो हुनेलाई ७ लाख १ हजार रुपियाँ दिएको छ भने धरानको बूढासुब्बा गोल्डकपले उपाधि जित्नेलाई ६ लाख ।

पोखरामा आर्मी र धरानमा श्री स्टार विजयी रहे । झापामै भएको काँकरभिट्टा गोल्डकप पनि कमको छैन, उसले पनि उपाधि जितेको आर्मीलाई आठ लाख रुपियाँको चेक दिएको थियो । त्यहाँ उपाधि चुमेको थियो, आर्मीले । मोफसलमा हुने प्रतियोगिताको पुरस्कार राशि मात्र जोड्ने हो भने करोडमाथि पुगिसकेको छ । हुन सक्छ, आउने वर्ष यी पुरस्कार राशिमा अझ वृद्धि हुनेछ । डर यहाँनेर नै छ । नेपाली फुटबलको पछिल्लो इतिहासले पनि यही भन्छ, यो राम्रो होइन ।

सहिद स्मारक लिगमा पनि पुरस्कार राशि एक संस्करणपछि अर्कोमा ह्वात्तै बढेको थियो । राष्ट्रिय लिगमा उपाधि जित्नेले मात्र एक करोड रुपियाँ पाएको थियो । अहिले यी प्रतियोगिता हुन गाह्रो छ किनभने यति बराबरको पुरस्कार राशिको व्यवस्था गर्न पनि गाह्रो छ । लिगले गरेर कुनै समय यस्तो स्थिति तयार भएको थियो कि क्लब टाट पल्टिने अवस्थामा समेत पुगे । त्यसैले धेरै क्लब भित्रभित्रै लिग नहुँदा पनि खुसी हुन्छन् र हाकाहाकी लिग अझै केही वर्ष नहोस् भन्छन् ।

यस्तै स्थिति ढिलो–चाँडो मोफसलका प्रतियोगितामा तयार हुन सक्छ । फेरि आयोजनाका आधारमा पनि मोफसलका अधिकांश प्रतियोगिताको विशेषता नै कमजोर व्यवस्थापन हुने गर्छ । कुन प्रतियोगिता कुन–कुन टिमले खेल्ने हो, टुंगो हुन्न । एउटा खेल ९० मिनेटको हो अथवा आफू अनुकूल कम समयको हो, त्यो पनि निश्चित हुन्न । नकआउटका आधारमा हुने हुँदा एक खेलमा हार्नुको अर्थ प्रतियोगिताबाटै बाहिरिनु हुन्छ, त्यसैले टिमसामु पुनः आगमनको अवसर पनि हुन्न ।

कहिलेकाहीँ एउटै टिमले लगातार दुई दिन खेल्नुपर्ने पनि हुन्छ । एक खास खेलाडीले एक दिन एउटा क्लबबाट खेलिरहेको हुन्छ, त्यही खेलाडीले लगत्तै अर्को दिन अर्को प्रतियोगितामा फरक टिमबाट पनि खेलिरहेको हुन्छ । एउटै खेलाडीले सातै दिन लगातार फरक–फरक टिमका लागि खेलेको अविश्वसनीय उदाहरण पनि छ । त्यसैले खेलाडी घाइते हुने र प्रदर्शनमा लगातार गिरावट आएका धेरै उदाहरण अगाडि आइसकेका छन् ।

मोफसलका अधिकांश प्रतियोगिताले फुटबलका आधारभूत नियमलाई पनि बेवास्ता गर्ने गरेका छन् । यस्तोमा प्रश्न उठ्छ, ती प्रतियोगिताको अर्थ नै के, जसले समग्र खेल विकासलाई कुनै मद्दत गर्दैन । बरू, उल्टै स्तर घटाउन मद्दत गरिरहेको छ । एन्फा यसमा गम्भीर हुनु त आवश्यक छ नै, स्वयं प्रतियोगिताका आयोजक पनि गम्भीर हुनुपर्छ । फुटबलविज्ञ सञ्जीव मिश्र बारम्बार भन्ने गर्छन्, "मोसफलमा हुने प्रतियोगिताका कमजोरी र त्यसले जन्माउने खराबीबारे सचेत हुन हतार भइसकेको छ ।" ◆

हामी त पढ्यो, पढ्यो बिर्सियो

मोहन मैनाली

वि सं ०४३ मा काठमाडौँ आएर केही समय स्कुल पढाएँ मैले । त्यसमा गरिखान नसक्ने रहेछु भन्ने चाल पाएपछि डिल्लीबजारमा पत्रपत्रिका र पुस्तक पसल चलाएँ । पसलमा खासै भीडभाड हुन्थेन । त्यस्तो भए त म विनोद चौधरीभन्दा पनि धनी हुन्थेँ ।

ग्राहक नआएका बेला म बेच्न राखेका किताब पढिबस्थेँ । यस्तै किताब अर्को पनि छ भनेर सिफारिस गरिदिन्थेँ पाठकलाई । पत्रकार भएपछि त पढ्नु परिहाल्यो । पत्रकारलाई चाहिने कतिपय सूचना लेखकहरूले किताबमै लेखेका हुने रहेछन् । आफ्नो ज्ञान बलियो हुँदो रहेछ ।

त्यही मेसोमा मैले के थाहा पाएँ भने राम्रा किताब पढ्दा त ठूलठूला विद्वान्हरूलाई पनि आफ्नो अनुसन्धान सहायक बनाउन पाइँदो रहेछ । *मैले देखेको नेपाल* पढ्दा हर्क गुरुङलाई 'रिसर्च असिस्टेन्ट' राखेजस्तो अनुभव भयो । मानौँ, मैले उनलाई भनेको थिएँ, 'तपाईं नेपालका धेरै ठाउँ घुम्नुस् र त्यहाँको भौगोलिक, सामाजिक, आर्थिक कुरा टिपेर मलाई बताइदिनुस् ।'

त्यसले मलाई व्यावहारिक रूपमै मद्दत गरेको छ । ०५५ मा लाङटाङ भ्याली गएको थिएँ । निगालो फुलेर मरेको समय । कसैले १२ वर्ष पहिले यस्तो भएको थियो भने कसैले ३० वर्ष । हर्क गुरुङ त्यहाँ पुगेका बेला पनि निगालो फुलेको रहेछ । मैले किताब पढेँ, निगालोविद्सँग सोधेँ र हिसाब-किताब निकालेँ । मलाई फेरि पनि लाग्यो, हर्क गुरुङलाई उपयोगी सूचना संकलनको जिम्मा लगाएको रहेछु ।

एकपटक वीरेन्द्रनगर (सुर्खेत) जाँदा केही लेख्ने विचार आयो । त्यही किताबमा लेखिएको रहेछ, 'वीरेन्द्रनगर जन्माउनलाई एउटा गाउँको बलि दिइयो ।' सदरमुकाम माथि रहेछ । गाउँ मासेर तल सारिएछ । अर्को पानामा रहेछ, 'वीरेन्द्रनगर हुर्काउनलाई अर्को गाउँको बलि दिइयो ।' गाउँको पानीको स्रोत काटेर तल ल्याइएछ । वीरेन्द्रनगरका निम्ति बलिदान गरेका ती दुइटै गाउँमा म पुगेँ । त्यो किताब नपढेको भए त म एयरपोर्टसम्म मात्रै पुग्ने रहेछु । त्यसैले नयाँ ठाउँ जाँदा त्यो किताब पल्टाएर मात्र जान्छु ।

यहाँनेर अर्को प्रसंग पनि छ, म जन्मनुभन्दा १ सय १७ वर्षअगाडि अंग्रेज वनस्पतिविद् जेडी हुकर मेरो गाउँ हुँदै तमोरको माथिल्लो भेगसम्म घुमेका रहेछन् । उनी चार्ल्स डार्बिनको साथी मात्र नभएर वैज्ञानिक पनि रहेछन् । मौखिक सम्झनामा रहेका कतिपय कुरा टिक्दैनन् । उनले मेरो थातथलोका कुरालाई लिपिबद्ध गरेका रहेछन्, *द हिमालयन जर्नल*मा ।

कहिलेकाहीँ लाग्छ, हुकरलाई पनि अनुसन्धानमा खटाएको रहेछु निःशुल्क । हर्क गुरुङको किताब तीन-चार सय रुपियाँमा आउँछ, हुकरको किताब त इन्टरनेटमा सित्तैमा उपलब्ध छ । चलनचल्तीमा आफूभन्दा कम जान्ने मान्छेलाई मात्र काम लगाउन पाइन्छ । तर, पाठकको हैसियतमा हेर्दाखेरि आफूभन्दा धेरै जान्नेलाई पनि काम लगाउन पाइँदो रहेछ ।

बूढीगण्डकी नदी त्रिशूलीमा मिलेको छ । म त्यहाँदेखि मुहानसम्म सय दिनजति तीनचोटि यात्रा गरेको फुइँ लगाउँथेँ साथीहरूलाई । त्यसै क्रममा उत्तरको गाउँ साम्दोको मानवशास्त्रीय अध्ययन गरेर लेखेको किताब भेटेँ, *टिबेटन डायरी* । मानवशास्त्रमा पोस्ट डक्टरेट गरेका जेफ चाइल्ड्सले एक-डेढ वर्ष त्यहाँ बसेर मानवशास्त्रीय नजरले हेरेका रहेछन् ।

सामागाउँ, बूढीगण्डकी नदीको दायाँ किनारमा छ भन्नेबाहेक थुप्रै कुरा नयाँ थिए । साम्दो चिसो ठाउँ हो । अचम्म के भने एकदमै आगो बाल्नुपर्ने ठाउँमा धूवाँ बाहिर जाने प्वालै थिएन ।

मान्छे मभन्दा अग्ला थिए, ढोका निकै होचा । बाहिरको चिसो पस्छ भनेर त्यसो गरेको भन्ने विकासे कार्यकर्ताको जवाफमा मलाई चित्त बुझेन । त्यही किताब पढेपछि थाहा भयो- मान्छे अकालमा मऱ्यो भने रोलाङ (प्रेत) हुन्छ र भौँतारिँदै मान्छे मार्दै हिँड्छ । रोलाङ निहुरिन सक्दैन । र, साँघुरो ढोकाभित्र पस्न सक्दैन र मान्छे मार्न सक्दैन ।

उत्तरी गोरखालाई मातृसत्तात्मक समाज बुझेको थिएँ मैले । त्यहाँ छोराछोरीबीच भेदभाव छैन । चाइल्ड्सले जन्मदेखि मरणसम्मको गतिविधि हेरेर पत्ता लगाएछन्- छोरा जन्मे बच्चालाई कस्तो छ भनेर सोध्दा रहेछन्, छोरी जन्मे आमालाई कस्तो छ ? मेरो छिपछिपे ज्ञान त्यो किताब पढेपछि हट्यो । *उपल्लो थलो* लेख्दा यस्ता किताबले मलाई सघाएका छन् ।

एउटा हिन्दी किताब अचम्मसित मेरो हात पऱ्यो । बाटोमा लेखक मित्र बुद्धिसागरसँग भेट भयो । उनले किताब दिए र भने, 'ल, यो तपाईंले पढ्नेजस्तो किताब छ ।' अमृतलाल वेगडको *सौन्दर्य की नदी नर्मदा* कतै सुने-सुनेजस्तो लाग्यो ।

मेरो संकलनमा केही हिन्दी किताब छन् । हिन्दी किताबको थाक पल्टाउँदै जाँदा त्यसमा पत्रकार ओम थानवीले हिन्दी किताबको सूची बनाएर लेखेका रहेछन्, 'पुरस्कार*सौन्दर्य की नदी नर्मदा*ले पाउनुपर्थ्यो तर पायो *नर्मदा तीरैतीर*ले ।' वेगडकै किताब रहेछ, *नर्मदा तीरैतीर* ।

मान्छेको प्रतिबद्धता कति हुँदो रहेछ भने नर्मदाको किनारैकिनार चार हजार किलोमिटर पैदल परिक्रमा गरेका रहेछन् वेगडले । सिरानदेखि पुछारसम्म वारिपारि यात्राको बयान छ किताबमा ।

एक त म चार हजार किलोमिटर यात्रा गर्न सक्ने मान्छे नै होइन । अझ नदीको किनारैकिनार कसरी पदैल यात्रा सक्नु ? एक ठाउँमा त डाँकाले नांगैभुतुंगो पारेर लुटेका रहेछन् । तैपनि, पेसाले चित्रकार यी लेखकले यात्रा रोकेनछन् । सन् १९७७ देखि १९८७ सम्म तीनचोटिमा परिक्रमा सम्पन्न गरेर किताबै लेखेछन् ।

एकदमै फरक विचार रहेछन् वेगडका । लगातार दुई पानामा मैले चिह्न लगाएको रहेछु ।

- म डाक्टर हुन्थें भने आधाभन्दा बढी बिरामीलाई खाने औषधि लेख्दैनथें । बिरामी हेरी १५ दिनदेखि तीन महिनाको नर्मदा यात्रा या अरू कुनै पदयात्रामा पठाउँथें । यसो गर्दा औषधिले जस्तो हानि हुने थिएन ।

- म सम्पादक हुन्थें भने जुन दिन समाचार हुँदैनथ्यो, त्यस दिन पत्रिका छाप्दैनथें । एउटा स्थायी सूचना दिन्थें, जसमा लेखिएको हुन्थ्यो- जुन दिन पत्रिका आउँदैन, त्यो दिन समाचार रहेनछ भन्ने जान्नू । १२-१६ पानाको पत्रिका छापेर पठाउनु स्रोतको बर्बादी मात्र हो ।

वेगडले चार-पाँच कक्षा पढेर 'ड्रप आउट' भएका एउटा यस्ता पुराना विद्यार्थी भेटेछन्, जसलाई आफूले पढेका सबै पाठ कण्ठस्थ रहेछ । पहिलो पाठदेखि अन्तिम पाठसम्म ।

हामी धेरै पढ्छौं, बिर्सिन्छौं पनि । थोरै पढ्नेले सधैं सम्झिने रहेछन् । ती 'ड्रप आउट'को अनुभव हेर्दा थोरै पढेर आफैंसँग राख्नु पो ठीक हो कि ? हामी त पढ्यो, पढ्यो, बिर्सियो ।





नयनराज पाण्डेले 'फिक्सनल छवि' बनाएका छन् । तर, मैले उनको गैरआख्यान भएकाले रुचिका साथ पढें, *यार* । हात परेकै दिन त्यसलाई पढिसकेर मात्र सुतें । अम्बर गुरुङलाई कुनै पाठकले प्रतिक्रिया दिएछन्, 'तपाईंको किताब मैले एकै रातमा पढें ।' त्यसपछि उनले सोचे रे, 'मैले यत्रो वर्ष लगाएर लेखेको किताब एकै रातमा पढिदिने ?' अम्बर गुरुङले जस्तै भन्लान् भनेर मैले नयनजीलाई त्यो प्रसंग सुनाएको छैन ।

लेखकले आफ्ना यारका बारेमा लेखेका छन् । आफ्नो जीवनमा ठोक्किन आइपुगेका यार भनेपछि रिसर्चै गर्नुपरेन । बरू, उनले आख्यानमा स्थलगत अनुसन्धान गरे होलान् ।

किताबमा उल्लिखित कतिपय पात्र रोचक छन् । एउटा पात्र छ, कुस्तीबाज । वर्षौंदेखि एउटै क्लासमा भेटिने यार । सिनेमा हलको क्यान्टिनवालाले उनको पैसा फिर्ता गरेनछ । अनि, त्यो कुस्तीबाजलाई प्रयोग गरेर पैसा असुल्न चाहेछन् लेखकले । पाठकका रूपमा मलाई लागेको थियो, नयनजीको उद्धार गरिदेला कुस्तीबाजले । तर, कुस्तीबाजले सम्झाएछ, 'झगडा गर्नुहुँदैन ।' कति गहन गुरुमन्त्र !

कुस्ती खेल हो । खेलकुदलाई गुण्डागर्दीमा उतार्नु हुँदैन । त्यो कुस्तीबाजबाट सिकेको भए शरच्चन्द्र शाहले गुण्डागर्दी गर्ने थिएनन् । आफूलाई लाभ नहुने भए आफैंले सुरु गरेको काम पनि बिगार्ने मान्छे पनि छन् समाजमा । आफू पछि बसेर अरूलाई अगाडि लैजान पाउँदा गज्जब मान्ने मान्छे पनि हुँदा रहेछन् । जीवनमा आफ्नो भोगाइले पुग्दो रहेनछ । पाठक भएर अरूको जीवन भोगाइलाई पनि अनुभूति गर्न सकिँदो रहेछ ।

मैले एउटै किताब पटक-पटक किनेको छु । *मुनामदन, गौरी, घुम्ने मेचमाथि अन्धो मान्छे* आदि किताब त पाँच-छ चोटि नै किनें होला । किताबको चाङमा चाहिएको बेला भेटिँदैन । घन्टौं लगाएर खोज्नुभन्दा बाहिरैफेर किन्न सजिलो । यस्तो लाग्छ, लाइब्रेरियन पो संसारको महान् मान्छे हो । हालसालै १०-१५ पृष्ठ पढेपछि सरस्वती प्रतीक्षाको *नथिया* देशबाहिर पठाइदिएँ । आफूले अर्को किनेर पढें ।

यो जुनीमा मैले पढ्न नसकेका किताब थुप्रै छन् । *माधवी*लाई धेरैचोटि झम्टिएँ । तर, छिचोल्न सकिनँ । *वार एन्ड पिस*मा त्यस्तै भयो । खुसवन्त सिंहका *ट्रेन टू पाकिस्तान* र *दिल्ली* पनि त्यस्तै सूचीमा पऱ्यो । एउटा साथीले माग्यो, फिर्ता गर्छु भनेर । मैले हत्तपत्त भनें, 'पर्दैन पर्दैन ।' उसलाई त गज्जबको गिफ्ट भयो सायद ।

कहिलेकाहीं पैसा र समय खेर जान्छ । तर, नराम्रो किताब लेख्यो भनेर लेखकलाई म गाली गर्दिनँ । डोन्ट किल द पियानिस्ट । ट्राइङ इज द बेस्ट । कम्तीमा कोसिस त गऱ्यो ।

मेरो प्राथमिकता आख्यान होइन । आख्यानले समाजको कुरा त बताउला तर लेखकले चाहेजस्तो मात्र । क्राफ्टका लागि आख्यान पढ्छु, समाज बुझ्नलाई गैरआख्यान । राम्रा किताब पढ्ने मान्छेले जानेर या नजानेर सिक्छ रे ! त्यसैले केही सिकिहालिन्छ भनेर कविता, गीत-गजल पनि पढ्छु ।

अलि अस्ति एउटा लेख टुंग्याउन सकेको थिइनँ । *ट्वीटर*मा यसो मिर्जा ए गालिबको शेर पढें, 'उम्रभर गालिब एक भूल करता रहा, धूल चेहरे पे थी, आइने पुछता रहा ।' लाग्यो, गालिबले कुनै दिन मोहन मैनालीलाई काम लाग्ला भनेर लेखेका रहेछन् ।

कुराकानी : **राजकुमार बानियाँ**

संस्मरण

॥ ध्रुवचन्द्र गौतम

त्यो मुरली फुट्यो

भीम विराग वीरगन्जबाट उठेका गीत-संगीतको आकाशमा राष्ट्रिय स्तरका एक अविस्मरणीय प्रतिभा हुन् । वीरगन्ज त्यसबखत एउटा सानो सहर थियो, निर्माणाधीन सहर । त्यतिखेर वीरगन्जलाई आजको महानगरपालिका वा केहीअघिको उप-महानगरपालिका बन्ला भन्ने सोचिन्न थियो । सारा मानिस आफ्नाजस्ता लाग्थे । बोले पनि नबोले पनि सब परिचित । गहवा, माईस्थान, बिर्ता, कुमालटोल रेशमकोठी, महावीरस्थान, अलखियारोड यिनै थिए प्रमुख क्षेत्र । छपकैया अलि पर लाग्थ्यो । तर, त्यहाँका पनि धेरै मित्र थिए ।

त्यहीँको एक नामी टोल माईस्थानमा भीम विरागको घर थियो । माईस्थान गीत-संगीतमा निकै सम्पन्न थियो । पशुपति उस्ताद, गजानन्द दाइ, बद्री दाइ, भीम दाइको त झनै कुरै भएन । पछि बिर्ताबाट प्रकाश श्रेष्ठ र मधु क्षत्री राष्ट्रिय रूपमा उदाए । भीम विराग त्यस क्षेत्रका एक बहुमुखी प्रतिभा थिए । गीत-संगीतमा त्यति माथि उठेको त्यस समयको एक मात्र प्रतिभा ।

हामी साना थियौँ । तैपनि, वीरगन्जका कार्यक्रम हेर्न जान्थ्यौँ । एक दिन एउटा समूहले हार्मिन-तबलासहित एउटा गीत प्रस्तुत गर्‍यो । तिनताक कार्यक्रममा प्रायः हिन्दी गीत नै गाइन्थ्यो । वीरगन्जको रंगमञ्चमा मैले सुनेको पहिलो नेपाली गीत थियो :

आएँ म त मन-मन्दिरमा
प्रेमपुजारी बनी ।

हुन त यो एउटा प्रेमगीत थियो । तर, यसको मनोरञ्जक पक्ष के थियो भने यसको धुन त्यतिखेरको एउटा फिल्म *नौबहार*मा लताले गाएको एक गीत :

ए री मैं तो प्रेम-दिवानी
मेरा दर्द न जाने कोइ ।

भीम दाइका गीत त सुनियो तर एउटा कलाको भने मैले रसास्वादन गर्न कहिल्यै पाइनँ । उनी असाध्यै मीठो मुरली बजाउँथे रे, उनका किस्सा पनि प्रचलित थिए । भन्थे, उनले निरव रातमा मुरलीको तान छेड्दा वरपरका केटीहरू आ-आफ्ना झ्याल उघारेर बस्थे र धुन सुनेर मुग्ध हुन्थे रे, काठमाडौँमा समेत । अब त्यो मुरली सदालाई फुट्यो ।

र, यस्तो धुन नै झन् मैले सुन्न पाइनँ । यस्तो भनुँ, भीम दाइले नै किन हो मलाई सुनाएनन् । मेरो राम्ररी भेट हुन्जेलसम्म उनले मुरली बजाउन छाडेका थिए कि ! जेहोस्, हार्मिनमा मैले उनीबाट निकै गीत सुनेको छु ।

भीम विराग र हाम्रो (केही अन्य साथीसमेत) राम्रोसँग संगत विसं ०१७-१८ देखि थालिएको हो । उनको माईस्थानमा एउटा खपडाको घर थियो । हामी त्यहाँ जाने गर्थ्यौं । ०१८ मा राजा महेन्द्रको परवानीपुर क्याम्पमा जानेहरूमा भीम विराग पनि थिए । महेन्द्र उनीबाट प्रभावित भए र उनले भीम विरागको स्वास्थ्यबारे पनि सोधपुछ गरे रे ! भोलिपल्ट वीरगन्जमा यो खबर सबैको मुखमा थियो । स्वास्थ्यको कुरा कसरी आयो भने भीम दाइलाई स्पोन्डेलाइटिसले छोइसकेको थियो र उनी अलिक निहुरेर हिँड्थे । त्यसपछि राजाले नै भीम दाइलाई इलाजका लागि कलकत्ता पठाइदिए भन्ने पनि खबर आयो ।

एकपटक वीरगन्जको नारायणी साहित्य परिषद्ले कविता प्रतियोगिता गराएको थियो । त्यसमा भीम दाइको कविता 'टक्करको फूल' प्रथम भएको थियो । पछि थाहा भयो, ती कविता समजीलाई दिइएको थियो जाँच्नलाई ।

साँच्चि भनुँ भने गीत-संगीतको मामलामा भीम दाइ मेरा अभिभावकसरह थिए, एक किसिमले । मैले उनलाई सांगीतिक अभिभावककै आदर गरेँ, कारण म पनि गाउनमा रुचि राख्थेँ र भीम दाइ मेरा गीत सुन्थे ।

भीम विरागले कथा पनि लेखेका छन् । उनको एउटा कथासंग्रह पनि प्रकाशित भएको थियो । त्यसबखतसम्म म पनि कथातिर ढल्किसकेको थिएँ । भीम दाइले आफ्नो कथासंग्रह दिएपछि मलाई एक दिन सोधे, "म कथा लेख्न सक्छु कि सक्दिनँ ?" मैले भनेँ, "दाइले यति राम्रा कथा लेखिसक्नुभएको छ, लेख्न नसक्ने त छँदैछैन, अझ उपन्यासै लेख्नुहुन्छ ।"

उनले उपन्यास त लेखेनन् र पछि कथा पनि लेख्न छाडे । त्यसभन्दा धेरैअघि उनी वीरगन्ज छाडेर हेटौँडा बसोवास गर्न थालिसकेका थिए । र, त्यसपछि उनी हेटौँडाकै बासिन्दाका रूपमा चिनिए । धेरै प्रख्यात पनि त्यहीँ बसेर भए ।

उनले त्यहाँ प्रेस राखेरै अखबार पनि निकाल्थे । उनको नाउ एक साहित्यिक-सांस्कृतिक राष्ट्रिय व्यक्तित्वका रूपमा हेटौँडाबाटै फैलिएको हो ।

म हेटौँडाको एउटा कार्यक्रममा जाँदा भाउजूसँग पनि भेट्ने अवसर जुर्‍यो । उनी पनि अत्यन्त स्नेह राख्थिन् । भेट्ने मात्र होइन, गएपछि

खाना पनि खुवाउँथिन् भाउजू ।

भीम दाइ, जहिले पनि भन्थे, "यहाँ आएर बस, लेख, तिमीलाई छुट्टै कोठा छुट्याइदिएको छु ।" एक दिन त सजिसजाउ एउटा कोठा उनले देखाई पनि दिए, "यही हो तिम्रो कोठा ।" म त्यसरी लेखेर त बस्न पाइनँ भीम दाइकहाँ । तर, उनको आत्मीय र स्नेह आग्रह सम्झिँदा म अझै पनि अभिभूत हुन्छु ।

एकपटक हेटौँडा जाँदा मैले भीम दाइलाई भेट्न पाइनँ । त्यही बेला काठमाडौँ आएपछि एक दिन फोन आयो, भीम दाइको । उनको आवाज सुन्नासाथ म त सकपकाइ हालेँ । भीम दाइले धेरै चित्त दुखाए । त्यसपछि मैले प्रतीज्ञा गरेँ, हेटौँडा गएँ भने भीम दाइलाई नभेटी फर्किन्नँ ।

मेरा लागि छुट्याइएको कोठामा एक रात भने बस्न पाएँ । भीम दाइले खान बोलाए । बेलुकीको खाना भनेपछि मेहफिलसहित हुने नै भयो । खानाअघि साँझमा भीम दाइकै शब्दमा अलिक 'रक्सिन' थालेपछि उनले हार्मिन समाए । भाउजूले भनिन्, "खाना खाइहाल्नु राती कति बज्छ कति ?"

हामीले खाना खायौँ, परिकारैसहित । तर, भीम दाइले हार्मिन समातेपछि हामीले गिलास पनि छाडेनौँ । 'आफ्टर सपर' प्रायः चल्दैनथ्यो, त्यस दिन चल्यो, भीम दाइकै आग्रहमा । त्यो रात यति यादगार भयो आज भीम दाइ सम्झ्यो कि त्यो रात अवश्य सम्झन्छु । भीम दाइले आफना एक से एक नयाँ-पुराना सबै गीत राती १ बजेसम्म गाइरहे । फर्माइस पनि गऱ्यौँ, वातावरणमा एक प्रकारको मुग्धता व्याप्त थियो । भाउजूले सुत्न पनि पर्छ भन्ने सम्झाएपछि हामी उठेका थियौँ ।

भीम दाइसित धेरै साहित्यकार-संगीतकारको सम्बन्ध थियो । मेरो आफ्नै खालको थियो । भीम दाइले 'छिन्नलता गीत पुरस्कार' पाउँदा म पनि समारोहमा उपस्थित थिएँ । पुरस्कारका लागि जब 'बायोडाटा' दिनुपर्ने भयो, उनको साधनाको अवधि तय गर्दा म पनि सहायक थिएँ । प्रायः हामी बाहिर-बाहिर देखिने गरी आएको समयलाई गन्छौँ । मेरो धारणा छ, बाहिर निस्कने दिनका लागि जुन साधना गरेको हुन्छ, कुनै लेखक-कलाकारले त्यो पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ । त्यो पनि गन्नुपर्छ । मैले भीम दाइलाई त्यही अनुसार 'बायोडाटा' बनाउने सल्लाह दिएँ । उनले सहमति जनाए ।

स्वर-सम्राट नारायणगोपालले पनि भीम दाइका गीत गाएका थिए । नारायणगोपाल मेरा पनि राम्रै मित्र थिए । म चाहन्थेँ, मेरो गीत पनि उनी गाऊन् । तर, गाएनन् । उनी अत्यन्त 'चुजी' प्रकारका गायक थिए । एकाध अन्य मित्रको गीत पनि उनले कहिल्यै गाएनन् । तर, भीम दाइको गीतप्रति उनको मनमा आदर देखेँ मैले, यदाकदा भेट हुँदा ।

माईस्थानको 'साहित्य-संगीत परिषद्'सँग म पनि सहयोगी भाव राख्थेँ । त्यहाँ एक त प्रतिभाशाली संगीतकार थिए । दोस्रो, धेरै परिचित थिए । भीम विराग र देवेन्द्र नेपाली तिनमा थिए । ०१९ मा एउटा नाटक लेखियो, वीरगन्जमा 'नबेच मलाई' । त्यो नाटक धेरै जना मिलेर लेखेका थिए रे ! त्यसको लेखनमा भीम विरागको पनि सहभागिता थियो । त्यो नाटक काठमाडौँ सिंहदरबारको नाचघरमा मञ्चित भएको थियो । मलाई उद्घोषणको जिम्मा थियो । देवेन्द्र नेपाली त्यसका नायक थिए । यसरी म भीम दाइसँग नजिकिँदै गएँ । अनि, त्यो निकटता पछि फर्कन, बढ्दै गयो ।

उनलाई म दाइकै रूपमा आदर गर्थें । त्यसकारण कुनै-कुनै लेखकले उनलाई भीम दाइ त भने तर मोफसलको लेखक-कलाकारजस्तो भाव राखेर कुरा गरेको देख्दा मलाई चित्त बुझ्दैनथ्यो । भनिदिन्थेँ, "भीम दाइले जत्तिको राष्ट्रिय सफलता मैले पाउन सकेको छैन, मैले अझ प्रयास गर्नुपर्नेछ ।" यसो भन्दा म यो हेक्का राखेरै भन्थेँ, "म पनि मोफसलबाटै आएको हुँ ।"

म पनि त्यसबखत कहिलेकाहीँ गाउँथेँ भने भीम विरागले पनि मेरो गीत सुनेका छन् । भीम दाइ अरूलाई भन्थे, "यो एक जना मात्र देखेँ, जो ह्वीसिलले नै धुन कम्पोज गर्छ, यसलाई कुनै इन्स्ट्रुमेन्ट चाहिँदैन ।"

कुनै गाजाबाजा बजाउन आए न चाहिनु ? म मुसुक्क हाँस्थेँ मात्र । आज बोल्दैछु, भीम विरागको मप्रतिको त्यो अभिव्यक्ति, आज मेरा लागि, कसैले पनि मेरो गीतका लागि दिएको सर्वश्रेष्ठ प्रशंसा भएको छ । भन्न के खोजेँ भने भीम विराग आफूपछिको पुस्तालाई अत्यन्त माया गर्थे, तिनको हौसला बढाउँथे ।

केही शारीरिक कमजोरी त हुँदो हो । तर, साहसमा भने कमजोरी देखिन्न थियो । उनी प्रायः एक्लै मोटरबाइकमा हेटौँडा-काठमाडौँ यात्रा गर्थे । कहिलेकाहीँ भेट हुँदा म सोध्थेँ, "दाइ केमा आउनुभयो ?"

"अरू केमा, मोटरबाइकमा," उनी भन्थे ।

यो त भयो ठीकै मान्नु । कहिलेकाहीँ त भीम विराग भन्थे, "तिमीहरूसँग भेट्ने मुड आयो, बाइक निकालेँ, चलिदिएँ । घरमा पनि भनेको छैन । अब फोन गर्छु ।"

यो के हो ? म भन्छु, एउटा कलाकार हो यो पनि ।

भीम दाइ मेरो दृष्टिमा एक महान् कलाकार हो, जो सधैँ कलामा सक्रिय भएर बस्यो । सितिमिति अरूले छुन नसक्ने उचाइ छोयो, आफूलाई सांगीतिक इतिहासमा छुटाउनै नसक्ने गरी उभ्यायो, देशलाई आफ्नो अतुल योगदानसहित । र, दुनियाँबाट बिदा भयो ।

भीम दाइ मेरो दृष्टिमा एक महान् कलाकार हो, जो सधैँ कलामा सक्रिय भएर बस्यो । सितिमिति अरूले छुन नसक्ने उचाइ छोयो, आफूलाई सांगीतिक इतिहासमा छुटाउनै नसक्ने गरी उभ्यायो, देशलाई आफ्नो अतुल योगदानसहित । र, दुनियाँबाट बिदा भयो ।

भीम दाइको निधनपछि मैले संवेदना पठाएको थिएँ । उनको अभाव मेरा लागि आज पनि एउटा अभावै बनेर रहेको छ, कलाबाहेक व्यक्तिगत रूपमा पनि ।

बित्न त निकै दिन बितेका थिए । तैपनि, एकपटक हेटौँडा पुगेका बखत भाउजूलाई भए पनि भेटूँजस्तो लाग्यो । उनको घरमा घन्टी बजाउँदा एउटी केटी कौसीमा आई । मैले तलैबाट सोधेँ, "भीम दाइको घर होइन यो ?" मैले ठम्याउन भनेर सोधेको थिएँ । केटीले भनी, "हो तर उहाँ त हुनुहुन्न ।"

त्यो त थाहै थियो । त्यसकारण मैले भनेँ, "म भाउजूलाई भेट्न आएको ।"

केटीले भनी, "हुनुहुन्न ।"

"कहाँ जानुभयो ?"

त्यसपछि केटीले जे बताई, त्यसले म झसंग, दुःखी र मौन भएँ ।

भाउजूको पनि निधन भइसकेको रहेछ । म भने भाउजूसँग भीम दाइको संवेदना साटुँला भनेर गएको थिएँ । म साह्रै दुःखी भएर फर्कें । लाग्यो, ममाथि भीम दाइ र भाउजू दुवैको देहान्तको बोझ एकैचोटि अनुभव भएको छ । र, यो दुवैलाई एकैपटक श्रद्धाञ्जलीकै रूपमा लेखेको हुँ । ◆

ओप्पोले ए–७१ ल्याउँदै

नयाँ संस्करणको ओप्पो ए–७१ स्मार्टफोन नेपाली बजारमा आउँदैछ । हुन त ओप्पोको ए–७१ स्मार्टफोन करिब ६ महिनाअघि नै नेपालमा भित्रिएको थियो । अब आउने ए–७१ स्मार्टफोनमा पुरानोको तुलनामा केही सामान्य परिवर्तन मात्रै रहने बताइएको छ ।

नयाँ ओप्पो ए–७१ मा दुई जीबीको न्याम रहनेछ । जबकि, पुरानो ए–७१ स्मार्टफोनको न्याम क्षमता तीन जीबीको थियो । आन्तरिक स्टोरेज क्षमतामा भने कुनै परिवर्तन गरिएको छैन । यो १६ जीबीकै रहनेछ । तर, नयाँ संस्करणको ए–७१ मा अझ शक्तिशाली प्रोसेसर छ । र, प्रयोगकर्ताले यसमा जुनसुकै एप चलाउँदा होस् वा गेम खेल्दा यसको पर्फमेन्स पुरानोको तुलनामा अझ चुस्त रहेको महसुस गर्न सक्नेछन् ।

यसमा १३ मेगापिक्सेलको रियर

क्यामेरा छ । तर, सेल्फी क्यामेरा मात्रै पाँच मेगापिक्सेलको छ । यसमा प्रयोग भएको एआई ब्युटी टेक्नोलोजीका कारण गुणस्तरीय फोटो वा भिडियो लिन सकिन्छ । ओप्पोले नेपालमा नयाँ संस्करणको ए–७१ स्मार्टफोनको मूल्य अझै तोकेको छैन । तर, नेपाली ग्राहकले यो स्मार्टफोन गोल्ड र ब्ल्याक गरी दुईथरीका रङमा किन्न सक्ने बताइएको छ ।

आइपुग्यो अप्रिलियाको एसआर–१२५

नेपाली बजारमा अप्रिलियाले अर्को स्कुटर भित्र्याएको छ । अप्रिलिया इटालियन मोटरसाइकल कम्पनी हो । र, एसआर–१२५ नेपाली बजारमा ल्याइएको अप्रिलियाको दोस्रो स्कुटर हो । तीन महिनाअघि मात्रै नेपालमा अप्रिलियाको एसआर–१५० लन्च गरिएको थियो । नेपालमा एसआर–१२५ को मूल्य २ लाख ३५ हजार ९ सय रुपियाँ पर्छ ।

यो स्कुटरमा १ सय २४ सीसीको इन्जिन छ । यो इन्जिनबाट बढीमा ९.४६ ब्रेक हर्षपावरको शक्ति निस्किन्छ । र, यो इन्जिनको टर्क क्षमता ८.२ न्युटन मिटरको छ । यो स्कुटरको अधिकतम्

सुरक्षित छैनन् फेसबुकमा डाटा

तपाई कुन हलिउड सेलिब्रिटीजस्तो देखिनुहुन्छ ?, तपाईंलाई सुहाउने गाडी कुन हो ? फेसबुकमा देखिने यी वा यस्तै अन्य प्रश्न वा क्विजहरू कत्तिको प्रयोग गर्नुभएको छ ? रमाइला लाग्ने यस्ता क्विजबाट तपाईंका गोप्य डाटा चोरिन्छन् भन्ने कुराबारे कत्तिको जानकार हुनुहुन्छ ? प्रयोगकर्ताका गोप्य विवरणसम्म पहुँच दिइएको भन्दै अहिले विश्वभर फेसबुकको कडा आलोचना भइरहेको छ । तर, प्रयोगकर्ता आफैं पनि चनाखो हुनु जरूरी छ ।

कसरी चोरिन्छन् डाटा ?

त्यस्ता रमाइला क्विज प्रयोग गर्न लगाएर ह्याकरहरू प्रयोगकर्ताका असली ठेगाना, लिंगलगायत उनीहरूका रूचि के–के हुन् भन्नेसम्म जान्न सक्छन् । त्यस्तै, कुनै नयाँ एप प्रयोग गर्दा त्यसका लागि छुट्टै अकाउन्ट बनाउनुको साटो फेसबुकबाटै लगइन गर्नु सजिलो होला । तर, यसरी लगइन गर्दा प्रयोगकर्ताले फेसबुकमा राखेका आफ्ना विवरणसम्म ती एपले सहजै पहुँच पाउँछन् ।

डाटा चोरिए के हुन्छ ?

तपाईंका व्यक्तिगत विवरण जुनसुकै गलत कामका लागि पनि प्रयोग हुन सक्छन् । फेसबुकमा तपाई सबैभन्दा बढी के कुरामा समय बिताउनुहुन्छ भन्ने पत्ता लगाएर ह्याकरहरूले त्यसै अनुसारका फेक न्युज बनाएर पठाउँछन् ।

स्पिड १ सय १० किलोमिटर रहने दाबी पनि गरिएको छ । अप्रिलिया एसआर-१२५ को अर्को विशेषता राम्रो माइलेज पनि हो । यसले ४० देखि ४५ किलोमिटर प्रतिलिटरको माइलेज दिने बताइएको छ । र, सात लिटर क्षमताको फ्युल ट्यांक हुनुलाई पनि अप्रिलियाको अर्को राम्रो पक्ष मानिएको छ ।

बाहिरी लुक्स र डिजाइन अप्रिलियाकै अघिल्लो स्कुटर एसआर-१५० जस्तै देखिने यो स्कुटर नेपाली ग्राहकले सिल्भर वा ब्ल्यु गरी दुई भिन्न कलरमा छान्न सक्नेछन् ।

यसरी गलत उद्देश्य भएका ह्याकरले तपाईंलाई सजिलै ब्रेनवास गर्न सक्छन् ।

कसरी लुकाउने आफ्ना विवरण ?

सबैभन्दा पहिला फेसबुकमा देखिने कुनै किसिमका क्विज प्रयोग नगर्नूस् । कुनै एपमा पनि फेसबुकबाट लगइन नगर्नूस् । फेसबुकको एप र एड सेटिङबाट पनि आफ्ना विवरण सुरक्षित राख्न सकिन्छ । यसका लागि सबैभन्दा पहिले सेटिङमा जानूस् । त्यहाँ एप्स, वेबसाइट एन्ड प्लगइन भन्ने हुन्छ । त्यहाँबाट प्लेटफर्म अफ गर्नूस् । यसो गर्दा तपाई फेसबुकबाट अन्य कुनै एप वा वेबसाइटमा लगइन गर्न सक्नुहुन्न ।

त्यसपछि एप्स अदर युजमा गएर तपाईंका कुनै विवरण अरू एप वा गेमले प्रयोग गर्न नमिल्ने बनाउनूस् । अन्त्यमा एड सेटिङमा जानूस् । त्यहाँ तपाईंले चलाउने एप, वेबसाइट आदिका आधारमा फेसबुकमा विज्ञापन देखिने सेटिङ हुन्छन् । ती सबैलाई अफ गर्नूस् ।

कम्प्युटरबाटै युट्युब लाइभ

युट्युबमा अब नयाँ फिचर सुरु हुँदैछ । अबदेखि कम्प्युटरबाट पनि युट्युबमा लाइभ भिडियो राख्न मिल्नेछ । अर्थात्, वेब ब्राउजरबाट युट्युब खोलेर पनि लाइभ भिडियो स्ट्रिमिङ गर्न सकिनेछ । र, यसका लागि अन्य कुनै उपकरण जोडिरहनुपर्दैन ।

पहिला अन्य उपकरण नजोडी कम्प्युटरबाट युट्युबमा लाइभ भिडियो राख्न मिल्दैनथ्यो । र, लाइभ स्ट्रिमिङका लागि युट्युबको एप (आईओएस वा एन्ड्रोइड) प्रयोग गर्नुपर्थ्यो । कम्प्युटरबाट लाइभ भिडियो स्ट्रिमिङ गर्न कम्प्युटरकै वेबक्याम प्रयोग हुनेछ । हालका लागि वेबक्यामकै प्रयोगबाट लाइभ भिडियो स्ट्रिमिङ सुविधा गुगलको क्रोम ब्राउजरमा मात्रै उपलब्ध छ । र, पछि यसलाई अन्य ब्राउजरबाट पनि गर्न मिल्ने बनाइने जानकारी युट्युबले दिएको छ ।

यसका लागि प्रयोगकर्ताले आफ्नो फोन नम्बर राखेर अकाउन्ट भेरिफाइ गर्नुपर्छ । एकपटक फोन नम्बरसहित भेरिफाइ भएका अकाउन्टबाट जतिबेला पनि लाइभ भिडियो अपडेट गर्न मिल्छ । यसका लागि युट्युबको ड्यासबोर्डमा दायाँतिरको माथि क्यामेरा आइकन थपिएको छ ।

संयोजन : ज्ञानेन्द्र आचार्य

बुटीको बल

■ शब्द/तस्बिर : प्रदीप श्रेष्ठ

शिवको प्रसाद, भोले बाबाको बुटी भन्दै प्रायः शिवरात्रि सुरू हुनुभन्दा केही दिनअघिदेखि नै लगभग खुलेआम गाँजा बिक्री हुने गर्थ्यो पशुपतिमा । यसपटक भने प्रहरी प्रशासनको कडाइका कारण पशुपति क्षेत्रमा गाँजा बिक्री गर्नेहरूको भागाभाग भयो । अहिले छिटफुट रूपमा गाँजा सेवन गरेका युवाहरू भेटिन्छन् । शिवरात्रिको दिनमा मात्र महानगरीय प्रहरी परिसरबाट खटिएको टोलीले पशुपतिमा गाँजा बेच्ने ४० जनालाई पक्राउ गरेको थियो ।

महाशिवरात्रिलाई लक्षित गर्दै गाँजा खरिद-बिक्री तथा सेवनमा गरेको कडाइलाई प्रहरीले निरन्तरता दिँदै आएको छ । अहिले गाँजा सेवन गरेका कोही भेटियो भने पक्रने होइन, जहाँ भेटियो त्यहीं नै सजाय दिएर छोड्ने गरिन्छ । गाँजा सेवनकर्तालाई शीर्षासन गर्न लगाउने र पुसअपदेखि उठबससमेत गर्न लगाउँछन् प्रहरीले । गाँजा औषधिका रूपमा प्रयोग गर्दा लाभदायी हुने भएकाले प्रतिबन्ध लगाउन नहुने आवाजसमेत हिजोआज उठ्न थालेको छ । ◆

कुमार नगरकोटी॥

प्रिय नीर, एकला चलो रे

ऊ : हमारे पास नसिरुद्धिन शाह है । तुम्हारे पास क्या है !
म : हमारे पास भी नीर शाह है ।

प्रिय नीर शाह

आदाब !

तिमीलाई मैले ३३ वर्षअघि सन् १९८५ को एक रमणीय शरद-साँझमा पहिलोपटक भेटेको थिएँ । घर-परिवारदेखि धेरै टाढा दाङको पुलिस स्कुलको होस्टेलमा बस्ने म एक अर्ध-अनाथ बच्चो थिएँ । त्यो वर्ष दसैँको एकमहिने छुट्टीमा मलाई लिन बुबा आउनुभएको थियो ।

बजारको लजमा बस्यौँ । र, साँझमा राप्ती चलचित्र मन्दिरमा फिल्म हेर्‍यौँ । उहाँले यो मनोकांक्षालाई ब्ल्याकमा टिकट काटेर पूरा गर्नुभयो । मनोकांक्षाको सन्दर्भमा बुबा पुलिस भईकन पनि यदाकदा फुलिस बन्न रुचाउने प्राणी हुनुहुन्थ्यो ।

तिमीलाई थाहै छ, उहिल्यै-उहिल्यै सिनेमा हललाई चलचित्र मन्दिर भनिन्थ्यो । चलचित्र 'मन्दिर'सित असीम दिव्यता र पवित्रताको एक होलिस्टिक भाव गाँसिएको थियो । अचेल त्यो दिव्यता प्लस पवित्रता मोडर्न मल्टिप्लेक्सहरूमा कहाँ पाउनू !

त्यो साँझ हामी बाबुछोराले हेरेको फिल्म थियो, *कुसुमे रुमाल* । तिमीलाई मैले पहिलोपटक भेटेको त्यही मन्दिरमा हो । वास्तवमा तिमी मन्दिरमा भेटिएका कलाकार हौ ।

बुबालाई तिम्रो *वासुदेव* खुब मन पर्‍यो । किनभने, त्यो फिल्ममा तिम्रो नाम 'कुमार' थियो । र, कुमार उनको प्रिय पुत्रको नाम थियो । मलाई पनि *वासुदेव* मन पर्छ किनभने त्यहाँ महाकवि देवकोटाको अलौकिक गीत छ, *कुन मन्दिरमा जान्छौ यात्री...* ।

अचम्म ! तिमी पिता-पुत्र दुवैका फेभरेट थियौ ।

तिमीलाई चिनेको ठ्याक्कै १० वर्षपश्चात् सन् १९९५ को एक साँझ मैले बुबालाई पाटनको चलचित्र मन्दिरमा तिम्रो *प्रेमपिण्ड* देखाउन लगेको थिएँ, ब्ल्याकमा । यसरी तिम्रै प्रेमको खातिर हामी पिता-पुत्र इतिहासमा 'दुबारा' ब्ल्याक-लिस्टेड भएका थियौँ ।

त्यो रात बुबाले डेरामा भन्नुभएको कुरा हिजैजस्तो लाग्छ, 'कुमार ! कुनै दिन नीर शाहलाई भेटिस् भने उनलाई मेरो प्रेम सुनाइदिनू । यो मान्छे नेपालको असल कलाकार हो । मेरो हिरो हो ।'

प्रिय नीर ! तिमीलाई ज्युँदोजाग्दो भेट्ने कुरा मेरा निम्ति फगत एक मृगतृष्णा थियो । आकाशको फल आँखा तरी मर्‌जस्तो थियो । तर, एक दिन *कालो पोथी* फिल्मको प्रिमियर सोमा संयोगवश तिमी मेरो अघिल्तिरको लहरमा बस्न आयौ । तिमीसँग कुरा गर्न मलाई संकोच लाग्यो । तर, आश्चर्य ! फिल्मको अन्त्यपछि मतर्फ फर्कंदै तिमीले भन्यौ, "नमस्कार कुमारजी ! म तपाईंको फ्यान नीर शाह ।" अक्क न बक्क पर्दै मैले हात मिलाएँ । तिम्रो विनम्रताको नतमस्तक भएँ ।

साँच्चि भन्छु, मलाई तिम्रो रोयल ब्याकग्राउन्डको सो-कल्ड प्रभावशाली पर्सोनाले कहिल्यै खिचेन । तिमी *नेपाल टेलिभिजन*को संस्थापक र हाकिम भयौ, जसलाई मैले बाल दिइनँ । हाकिम होइन, तिमी त बरू हकिम हौ । हकिम अर्थात् वैद्य-चिकित्सक । नेपाली चलचित्र बिरामी पर्दा तिमीजस्तै हकिमहरूको खाँचो हुन्छ, न कि 'हाकिम'हरूको ।

केही महिनाअघि ओस्कार कलेजको कार्यक्रममा तिमीसित दोस्रो भेट भएको थियो । कार्यक्रममा तिमीले मेरो सट्टा पनि बोलेका थियौ । मेरो लेखनशैली र किताबहरूबारे चर्चा गर्दै भनेका थियौ, "मेरो धेरै मानिसहरूसित भेटघाट हुन्छ । अनेकसित उठबस हुन्छ । तर, केहीबेरमै उनीहरूलाई बिर्सन्छु, उनीहरूको अनुहार-नाम बिर्सन्छु । तर, कुमार नगरकोटी एउटा यस्तो मान्छे हो, जसलाई म कहिल्यै बिर्सन्नँ । किनभने, नगरकोटी मेरो मन-मन्दिरमा छ ।"

हल तालीले गुन्जिदा म भावविह्वल भएको हुँ । साहित्यप्रतिको तिम्रो लगाव र प्रेमभाव देखेर मेरो शिर नुहेको हो । तिमी कति आत्मीय रहेछौ भनी महसुस गरेको हुँ । तिमी मन 'मन्दिर'मा भेटिएका आत्मीय मान्छे हौ, हितैषी हौ, कलाकार हौ र मेरो बाल्यकालदेखिका 'साथी' हौ । तिमी मेरो मनमा हुर्केको पासा र अमिगो हौ ।

अन्ततः त्यो दिन मैले तिमीलाई बुबाको प्रेम-सन्देश सुनाएँ । उहाँका शब्दहरू तिमीलाई भनेँ, "कुमार ! कुनै दिन नीर शाहलाई भेटिस् भने उनलाई मेरो प्रेम सुनाइदिनू । यो मान्छे नेपालको असल कलाकार हो । मेरो हिरो हो ।" सुनेर तिमी प्रसन्न भयौ । बुबा अचेल कहाँ हुनुहुन्छ भनी तिमीले सोध्दा मैले आकाशतिर हेरेँ । तिमीले पनि आकाशतिरै हेर्‍यौ ।

सहरमा सेलिब्रिटीहरूको बिगबिगी छ । तिमी भने अचेल मौन, अलुफ र चुपचाप छौ । पत्रिका, टेलिभिजन र फिल्महरूको संसारदेखि पनि टाढा कतै एकान्तवासमा छौ । विकिपिडियामा समेत तिम्रो जन्ममिति गलत लेखिएको छ । त्यसलाई सच्याउनू । कोही आउला भनी कसैलाई व्यर्थमा किन पर्खिबस्नू ! बरू, उठ्नू र हिँड्नू । गहिराइमा मोती खोज्ने मान्छे तिमी, अझ डुब्नू र खजाना खोज्नू । बादल बनाइदेऊ आकार बदल्न सकूँ, क्षमता दिलाइदेऊ ज्यूँदै म जल्न सकूँ भन्दै चलचित्रको तीर्थयात्रामा हिँडेको पथिक हौ तिमी । हिँडिरहनू, बस् हिँडिरहनू । चरैवेति ! चरैवेति !

प्रिय नीर !

खुदा हाफिज । ◆

नपाएको कि नखेलेको ?

वर्षा सिवाकोटीले जति फिल्म खेलेकी छन्, तीभन्दा धेरै उनले नखेलेका र छाडेका फिल्मको चर्चा हुन्छ । *मेरो पैसा खोई ?*, *रानीमहल*पछि यही नियति दोहोरिएको छ, *नाइँ नभन्नु ल-५* को सवालमा । फरक कति भने यसअगाडि उनी फिल्म खेल्ने सम्झौता/सहमति भएपछि छाड्थिन् । यसपटक प्रस्ताव नै अस्वीकारेको बताइन्छ । कारण बडो रमाइलो छ । फिल्मकी मुख्य हिरोइन स्वस्तिमा खड्का हुन् । वर्षाचाहिँ स्वस्तिमाको फुपू बन्नुपर्ने भयो । आफ्नै उमेरकी हिरोइनको फुपू बन्न वर्षाको मनले मानेन, त्यसैले अस्वीकार गरिन् । तर, कथा यत्तिमै सीमित भएन । त्यही भूमिका पनि उनले खेल्न नपाएको अर्को चर्चा सुनिएको छ । यसको कारण अझ रमाइलो छ । बाल-कलाकार अनुभव रेग्मीले फिल्ममा वर्षाको उपस्थिति रूचाएनन् । त्यसैले निर्माण पक्षले वर्षालाई 'बाइबाइ' गर्‍यो । कारण जेहोस्, घाटाचाहिँ वर्षालाई नै छ, आफ्नै डेब्यु फिल्मको सिरिजमा खेल्न जो पाइनन् । ♦

फिल्म छान्नै संकट

म्युजिक भिडियोमा नाम कमाएपछि पुष्प खड्काले फिल्ममा फड्को मारे, *अझै पनि*बाट । आलोक नेम्वाङ निर्देशित फिल्म खेल्न पाउँदा दंग पर्नु स्वाभाविक भइहाल्यो तर फिल्मले न प्रशंसा कमायो, न त पैसा नै । त्यसपछि उनले 'भेट्रान' निर्देशक तुलसी घिमिरेसँग काम गर्ने मौका पाए, *दर्पणछाया २* मा । *अझै पनि* फिल्मले लगाएको घाउमा यसले मल्हम लगाएन, बरू नुन छर्‍यो । यसरी निराशाको दलदलमा फसेका यी हिरोलाई थोरै राहत दिएको छ, *मंगलम्*ले । फिल्मको व्यापार औसतमै सीमित भए पनि पुष्पले धेरैको मन जिते । बिस्तारै फिल्मको प्रस्ताव आउन थालेका छन् । तैपनि, मन रमाएको छैन । किन त ? भन्छन्, "कस्तो फिल्म छान्ने संकटमा परेको छु ।" सायद उनले महसुस गरेको हुनुपर्छ, अब पनि फिल्म चयन उचित भएन भने करिअर नै संकटमा पर्छ । हो पनि त्यस्तै । ♦

व्यर्थको रिस

भनिन्छ, सफलता पाउनभन्दा बचाउन मुस्किल हुन्छ । हल्काफुल्का सफलतालाई बचाउन नसक्दा किनारामा परेका उदाहरण धेरै छन् नेपाली फिल्मवृत्तमा । हिरोइन आँचल शर्मामा पनि त्यस्तै संकेत देखा परेको छ । म्युजिक भिडियोमा राम्रै ख्याति कमाएकी छन् उनले तर फिल्ममा अझ 'मार्क' हुन सकेकी छैनन् । सहायक भूमिकामा सीमित भएकाले पहिलो फिल्म *नाइँ नभन्नु ल ४* हिट हुँदा जस पाइनन् । मुख्य भूमिका रहेको *जोनी जेन्टलम्यान* पूरापूर फ्लप भयो । बरू, पल शाहसँगको सम्बन्धले चर्चामा आइरहन्छिन् । मिडियासँग प्रायः रूखो शैलीमा प्रस्तुत हुने आँचलले *शत्रुगते* रिलिजको मुखैमा झन् आक्रोश पोखेकी छन् । केही समयअगाडि उनले 'मदिरा पिएको अभिनय गर्दिनँ' भनेकी थिइन् । तर, *शत्रुगते*को ट्रेलरमा यस्तै दृश्य देखियो । यही प्रश्न सोध्दा झर्कँदै 'सिल्ली' भनिन्, जसबाट उनले आलोचना खेप्नुपरेको छ । यसअगाडि पनि मिडियाकै सन्दर्भमा उनले 'रबीस' (बकबास) भनेकी थिइन् । यस्तो व्यर्थको रिसले साख बिग्रिन्छ भन्ने आँचललाई हेक्का होला/नहोला ? ◆

» प्रियंकालाई बेवास्ता

फिल्म संख्यालाई आधार मान्दा प्रियंका कार्की यो समय नायिकाको सूचीमा अग्रपंक्तिमा छिन् । महिनैपिच्छेजस्तो नयाँ-नयाँ फिल्म खेल्छिन् । उनी अभिनीत फिल्म लिलीबिली ३० चैतमा प्रदर्शन हुँदैछ । गिनेचुनेकी हिरोइन हुनुको नाताले प्रचार-प्रसारमा उनलाई प्राथमिकता दिनुपर्ने हो । तर, यसपटक उल्टो भएको छ । अहिलेसम्म उनलाई फिचरिङ गरिएको गीत त सार्वजनिक भएको छैन नै, ट्रेलरमा उनलाई झुलुक्क मात्र देख्न पाइन्छ । अन्य प्रचारात्मक गतिविधिमा पनि महत्त्व दिइएको छैन । बरू, नवनायिका जसिता गुरूङले प्रमोसनमा लोभलाग्दो स्थान पाएकी छन् । प्रियंका अभिनीत पछिल्ला फिल्ममध्ये *राधे*, *बटरफ्लाई* भटाभट फ्लप भए । कतै यही कारण *लिलीबिली*को प्रचारमा उनलाई बेवास्ता गरिएको त होइन ? शंका उब्जेको छ । ◆

तस्विरहरू : महेश प्रधान

राम्रो होइन, रमाइलो

गोकर्ण गौतम

जात्रा हेरेपछि लागेको थियो, प्रदीप भट्टराई सिर्जनशील निर्देशक हुन् । असनका गल्लीमा रुमल्लिइरहेका तीन सामान्य पात्रका कथालाई रोचक ढंगले पर्दामा पस्किए, त्यो पनि परम्परागत सूत्रभन्दा माथि उठेर । यही आशा उनको दोस्रो फिल्म *शत्रु गते*मा राखियो भने निराश हुनुपर्छ । यसपटक उनी पूरापूर मसला र स्टारडमको भारले थिचिएका छन् । कथा त घिसिपिटी छ नै, प्रस्तुति पनि बासी छ, नवीनताको सुगन्ध छैन । यति हुँदाहुँदै *शत्रु गते*को साख बचेको छ, कमेडी र कलाकारले गर्दा । कम्तीमा पट्यारलाग्दो छैन । मूल कथालाई मजबुत बनाउने भन्दा हास्य पैदा गर्ने दृश्य र संवादलाई काखी च्यापिएको छ । महजोडीदेखि दीपकराज गिरी हुँदै पल शाहसम्मका कलाकारको भीड त छँदैछ ।

एउटै कोलोनीमा बस्ने सुरज (पल शाह) र सन्ध्या (आँचल शर्मा) एकअर्कालाई औधि माया गर्छन् । तर, सुरजका बुबा गोपाल (हरिवंश आचार्य) र सन्ध्याका बुबा रघुवंश (रमेशरञ्जन झा)बीच सम्बन्ध सुमधुर छैन । बल्लतल्ल दुवै परिवार बिहेका लागि राजी हुन्छन् । तर, सम्बन्धमा भाँजो हाल्न कहिले राहुल (दीपकराज गिरी) आइपुग्छन्, त कहिले जोगी । पारिवारिक दूरी बढ्दै जान्छ । फिल्म पूरापूर उनीहरूकै सम्बन्धमा आउने उतार-चढावमा केन्द्रित छ । त्यसभन्दा माथि केही छैन ।

कसलाई पत्तो नहोला, यस्ता प्लटमा दर्जनौँ होइन, सयौँ फिल्म बनेका छन् । त्यसैले मुख्य कथा कुनै कोणबाट ताजा लाग्दैन, 'घुमीफिरी रुम्जाटार' भनेजस्तो मात्र । तर, फिल्ममा प्रेमजोडीसँग जोडिएका अन्य पात्र र सन्दर्भले भने राहत दिन्छन् । जस्तो : सुरज र सन्ध्याका बाबुहरूको चारित्रीकरण, कोलोनीको माहोल, राहुलको रवैया, डन र पुलिसको प्रेम आदि । *शत्रु गते*लाई किताब मान्ने हो भने निर्देशक किताबको कन्टेन्ट वजनदार बनाउन होइन, आवरणको रंगरोगन र साजसज्जामा अल्झिएका छन् । छुटाउनै नहुने अर्को पक्ष छ, *शत्रु गते*को पटकथा निर्देशक भट्टराई र दीपकराज मिलेर लेखेका हुन् । कथाको विकासक्रम र सिक्वेन्स नियाल्दा दीपकराज पूरापूर हाबी छन् । सोझै भन्दा *छक्का-पञ्जा*को प्रभावबाट मुक्त छैन ।

*शत्रु गते*मा दर्शकलाई 'इन्गेज' गरिरहन संवादको अहम् भूमिका छ । तर, अनुप्रास मिलेका छरिता संवादले फेरि पनि *छक्का-पञ्जा*कै सम्झना दिलाउँछ । कतिपय दृश्य संवादमार्फत हँसाउनकै लागि थपिएको/लम्बाइएको भान हुन्छ । पात्र-पात्रको समीकरण, कथामा पात्रको प्रवेशलगायतका पक्ष पनि उही पाराको छ । निर्देशक भट्टराईसँग सायदै कसैले यस्तो अपेक्षा राखेको हुँदो हो । भलै कलाकारको समूहलाई सही व्यवस्थापनको जस पनि उनलाई नै जान्छ । हँसाउने बहानामा द्विअर्थी र सस्ता संवादलाई प्रश्रय दिइएको छैन । हाँस्दाहाँस्दै मध्यान्तर हुन्छ । तर, मध्यान्तरपछि कमेडीकै लय बिथोलिएको छ । यहाँ आइपुग्दा निर्देशकमा विद्यमान अलमल छर्लंगै हुन्छ । ट्विस्ट भन्नु खास केही छैन । क्लाइमेक्स आफैँमा अतिरञ्जित भए पनि कल्पनाभन्दा बाहिरको दृश्य देख्न पाइन्छ । कम्तीमा यसले विरक्तिलाई बिर्साइदिन्छ । *शत्रु गते* नामले जति कौतूहल जगाएको थियो, कारण त्यतिविघ्न रोचक नलाग्न सक्छ ।

फिल्ममा हरिवंशको हुलिया, बोल्ने शैली र हाउभाउले जोकोहीको मन जित्छ । चरित्रको 'ट्र्याक'भन्दा थोरै पनि बाहिर गएका छैनन् उनी । मदनकृष्णको भूमिका आवश्यक लाग्दैन । रिसाइरहने रमेशरञ्जन र मायालु आमा दीपाश्रीलाई बिर्सन सकिन्न । दीपकराजले आफूलाई खास 'हिरो'का रूपमा उभ्याएका छन् । उनको चरित्र निर्माणमा *युट्युब*को प्रयोग हाम्रो सन्दर्भमा नवीन लाग्छ । चरित्र बलियो नभए पनि आँचलको अभिनय प्रशंसनीय छ । प्रियंकाको न चरित्र विश्वसनीय छ, न त अभिनय । उनी किन यस्तो काममा रमाइरहेकी छन् ? भेउ पाइन्न । पलको उपस्थिति साँच्चै खल्लोलाग्दो छ । उनी फिल्म होइन, म्युजिक भिडियोका लागि मात्र उपयुक्त छन् भन्ने फेरि प्रमाणित भएको छ । सुजिल कर्माचार्यको ब्याकग्राउन्ड स्कोर ठाउँ-ठाउँमा कर्कस सुनिन्छ । दुई गीत 'रूपै मोहनी...' र 'पिरतीको बर्को...' मिठासपूर्ण छन् । तर, असान्दर्भिक ठाउँमा राखिएको छ । त्यसैले चामलमा ढुंगा भेटिएजस्तो लाग्छ । प्रकाश संयोजन, लोकसेन, खिचाइ, कलरिङजस्ता प्राविधिक पक्ष आकर्षक छन् । निर्माताले कन्जुस्याइँ गरेका छैनन् । *जात्रा*बाट प्रदीप भट्टराईले कमाएको ख्याति *शत्रु गते*ले जोगाउँदैन । निर्देशकका रूपमा यो फिल्मप्रति गर्व गर्नु आत्मरति मात्र हो ।

जात्रा रमाइलो थियो र राम्रो पनि । *शत्रु गते* रमाइलो छ, राम्रो छैन । भनुँ न, *छक्का-पञ्जा* सिरिजजस्तो । ◆

★★☆☆☆

सहरमा

मेसीको पेन्टिङले चर्चित

लियोनल मेसी फाउन्डेसनले मेसीको चित्र बनाउनुपर्ने अनलाइन प्रतियोगिता आयोजना गऱ्यो । विजेता चित्रकलालाई लिलामीमा राखेर त्यहाँबाट उठेको रकम स्पेनको बार्सिलोनास्थित सान जोन डे ड्यु अस्पतालका क्यान्सरपीडित बालबालिकाको उपचारका लागि खर्चिने भनियो । संसारभरबाट हजारौं कलाकारले आफ्ना प्रिय खेलाडीको चित्र बनाए । अन्त्यमा विजेता भए बागबजार, काठमाडौंका सनिल चित्रकार ।

निर्णायक टोलीले उत्कृष्ट दस चित्रमा अर्जेन्टिना, क्रोएसिया, फ्रान्स, स्पेन, संयुक्त अधिराज्य र नेपालका प्रतिस्पर्धी उत्कृष्ट ठहऱ्यायो । त्यसपछि भोटिङ राउन्डमा सनिललाई संसारभरका २५ हजारभन्दा बढीले भोट गरे ।

सनिल पोखरा विश्वविद्यालयका इन्जिनियरिङका विद्यार्थी हुन् । उनले चित्रकलामा कुनै प्रकारको प्रशिक्षण लिएका छैनन् । *युट्युब* नै उनको गुरु हो । उनले बनाएका चित्र नेप्लिज इन आर्ट नामक *फेसबुक* ग्रुपमा अपलोड गर्थे । ०७२ मंसिरमा उनले पहिलोपटक इन्स्टाग्राममा आफ्नो चित्रकला पोस्ट गरे । बार्सिलोनाको जर्सीमा सजिएका लुई स्वारेज, लियोनल मेसी र नेइमारको चित्र लोकप्रिय भए ।

त्यसपछि सनिलले पछाडि फर्केर हेर्नुपरेन । १२ वर्षसम्म सनिल जापानमा एक रेस्टुराँ सञ्चालन गर्थे । "त्यसपछि पूर्ण रूपले कला क्षेत्रमै लाग्छु भनी रेस्टुराँ बेचेँ र अमेरिका हानिएँ," उनले आफ्नो अनुभव सुनाए । अहिले चित्रकला नै उनको आय आर्जनको स्रोत बनेको छ । उनलाई चित्र बनाइदिन थुप्रै अर्डर आउने गरेका छन् । फुर्सदको समय विभिन्न सेलिब्रिटीका चित्र कोर्छन् । केही महिनाअघि म्यान्चेस्टर युनाइटेडका चर्चित मिडफिल्डर पल पोग्बाले सनिलले आफ्नो चित्र बनाउँदै गरेको एक भिडियो सेयर गरेका थिए । ब्राजिलका फुटबलर रोनाल्डिनोले 'मेनी थ्याङ्क्स, पार्टनर' भन्दै सनिललाई सामाजिक सञ्जालमा धन्यवाद दिएका थिए । उनका कलाकृतिबारे स्पेनिस र पोर्चुगिज पत्रपत्रिकामा कैयौं टिप्पणी पनि प्रकाशित भइसकेका छन् । छापिएका कुरा उनी आफैं बुझ्दैनन् । तर, आफूले भाषा नबुझ्ने ठाउँमा पनि चर्चा हुनुलाई ठूलो उपलब्धि ठान्छन् ।

नेपालका अस्मी श्रेष्ठ, लेमी तामाङ, निकिता चाण्डक, नीति शाह, माल्भिका सुब्बा, सृष्टि श्रेष्ठ, मह जोडीलगायतका चित्र पनि उनले बनाएका छन् । गएको दसैंमा सनिलले पुल्चोकमा गरेको एकल प्रदर्शनी सयौंले अवलोकन गरेका थिए ।

विभु लुइटेल

अचानक

'हरेक मुलुकमा सिलिकन भ्याली'

वर्ल्ड इनोभेसन फोरमका सह-संस्थापक हुन्, **एक्सेल सुल्ज** । दुई दशकभन्दा बढी 'सिलिकन भ्याली' भनिने अमेरिकाको स्टार्टअप केन्द्र सानफ्रान्सिस्कोमा प्रविधि उद्यमीका रूपमा रहेका उनी अहिले सोसाइटी थ्री भनिने स्टार्टअप एक्सिलिरेटरका प्रमुख कार्यकारीसमेत छन् । उनीसँगको कुराकानी :

स्टार्टअपको संस्कारले देशहरू कसरी बलिया हुन्छन् ?

अहिले सबैजसो देशमा आफ्नै एउटा सिलिकन भ्याली चाहिएको छ । त्यसका लागि आइडियादेखि बजारसम्म कसरी तिनलाई जोड्ने भन्ने संयन्त्र र संस्कार चाहिन्छ । स्टार्टअप सफल हुने एक-दुई राम्रा आइडियाले मात्र होइन, त्यसलाई हुर्काउने माहोलले पनि हो ।

नेपालजस्तो देशमा ठूला उद्यमका लागि पुँजी अभाव छ नि ?

उद्यमशीलता भन्दैमा अर्बपति हुने मापदण्डका आधारमा हेरिनुहुन्न । अबको भविष्य साना उद्यममै छ । सन् १९५० सम्ममा अहिलेका थुप्रै ठूला कम्पनी खुम्चिनेछन् भने नयाँ बन्नेहरू पनि सानै स्वरूपमा बस्न रुचाउनेछन् ।

किन त्यस्तो भएको होला ?

मानिसको दिमाग अहिले यति गतिशील रूपमा चलिरहेको छ, कुनै कम्पनीमा अब सबै कर्मचारीलाई एउटै मनोबलका साथ वर्षभर काममा लगाउने ठूलो चुनौती हुनेछ ।

पारिवारिक वा देशको बलियो पृष्ठभूमिबिनै सफल भइन्न भन्ने युवालाई के भन्नुहुन्छ ?

साधारण पृष्ठभूमिबाट आएका नै संसारमा क्रान्तिकारी छलाङ मार्नेमध्येका छन् । जसको अर्थ उद्यमशीलताको शक्ति नै जादुमयी रूपमा हामी सबैमा हुन्छ भन्ने हो ।

'सिलिकन भ्याली'मा चाहिँ के त्यस्तो जादु छ ?

मुख्य कुरा, सिलिकन भ्यालीमा गतिशील रूपमा स्टार्टअप फक्रने संस्कृति छ । ८० प्रतिशत सिलिकन भ्यालीका जनशक्ति विविधतापूर्ण आइडियासाथ विश्वभरबाट आउँछन् । त्यहाँ आइडियादेखि बजारसम्म जोडिदिने संयन्त्र छ ।

उद्यमका आइडिया आफैंमा कत्तिको महत्त्वपूर्ण हो ?

दसौं लाख उद्यमशीलतामध्ये ८० देखि ९० प्रतिशत असफल भइरहेका हुन्छन् । तीमध्ये केही आइडिया नराम्रा भएर वा धेरैजसो बजारसम्म पुग्नै नसकेर असफल हुन्छन् ।

सफल उद्यमी कसलाई भन्ने ?

आफ्नो प्रगतिको हिस्सा बढीभन्दा बढी मानिस, त्यो पनि आफ्नै देशले वा आवश्यकतामा रहेका मानिसले पाउन सके भने त्यो नै वास्तविक सफल उद्यमी चिन्ने मानक हो ।

प्रदीप बस्याल



॥ गुरुङ सुशान्त

फन-भ्यालीको त्यो नमज्जा

गत २६ जेठमा साँगास्थित काठमान्डू फन-भ्यालीबाट मेरी श्रीमती रिमाले रुँदै फोन गरिन्, "प्रशंसाको एक्सिडेन्ट भयो ।" यो एक वाक्यले मलाई डसिहाल्यो ।

मध्यपुर हस्पिटलको आकस्मिक कक्षमा देखियो, छोरीकी सहपाठी मेलिना पनि घाइते छिन् । शिक्षकको प्रत्यक्ष निगरानीमा पनि कसरी दुर्घटना भयो ? शिक्षकहरूकै हेलचेक्र्याइँका कारण घटना भएको ठानेँ । छोरीको च्यापुमा गहिरो घाउ देखेपछि मेरा आँखा यसै बग्न थाले । यसै भन्न सक्दिनँ, आक्रोशको बाँध भत्किएको थियो कि मायाको ? थाहा छ, दुर्घटना कसैको चाहनामा हुँदैन । तर, लापरबाहीबिना पनि त हुँदैन !

रोइरहेकी छोरीले काँपिरहेका मेरा हात समातेर बिस्तारै भनिन्, "बाबा ! यसमा हाम्रो र टिचरको केही गल्ती छैन । सबै दोष फन-भ्यालीको म्यानेजमेन्टकै हो ।" ८ कक्षा पढ्ने छोरीले यति बोलेपछि घटनाको जानकारी लिन थालेँ ।

बुझ्दा थाहा भो- यी दुई नानीहरू खेल्दाखेल्दै नटबोल्ट खुस्किएर पिङसहित झरेछन् । झन्डै ११/१२ मिटरमाथि मच्चिरहेको पिङबाट झरेका नानीहरू केहीबेर बेहोस भएछन् । सबै कुरा सुनेपछि मैले काठमान्डू फन भ्यालीको व्यवस्थापनको आधिकारिक व्यक्तिसँग भेट्न खोजेँ । "उपचार हुन्छ, नआत्तिनूस्," एक जना भद्र मछेउ आएर बोले । शरीरमा आक्रोशको आगो थामेर बसेको मैले तातो स्वरमा भनेँ, "तपाईं म्यानेजमेन्टको मान्छे हो ?" ती व्यक्तिले भने, "म डाक्टर पनि हुँ । उपचार हुन्छ ।" नरम आवाजमा बोल्ने धैर्य गुमाइसकेको थिएँ, "अस्पतालमा आएपछि उपचार हुन्छ, मलाई पनि थाहा छ । अहिले तपाईंसँग डाक्टरका रूपमा कुरा गर्न चाहन्नँ । बिरामीसँग हुनुपर्दैन, तपाईंको प्रतिनिधि ?" ती व्यक्ति केही नबोली पछि हटे । प्रहरीले नानीहरूसँग बयान लिए । केहीबेरमा अर्को व्यक्तिले भने, "उपचार खर्च हामी बेहोर्छौं ।" ती व्यक्ति हात मिलाएर निस्किए हतारमा । मलाई उनीहरूको रवैया चित्त बुझेन । कम्तीमा केहीबेर साथमै बसेर 'सरी फिल'सहितको बातचित त गर्नुपर्थ्यो ।

मेडिकल जाँचपछि थाहा भयो, छोरीको शरीरमा भित्री चोटचाहिँ कहीं छैन । च्यापुको गहिरो घाउमा चाहिँ ६ टाँका लगाइयो । घुँडा, कुहिना र ढाडका घाउका कारण हलचल गर्न मुस्किल थियो । मेलिनाको जीउमा बाहिरी चोट केही नदेखिए पनि ढाडको हड्डी भाँचिएको रहेछ । पिसाबमा पनि रगत मिसिएको थियो ।

अस्पताल आएका शिक्षक-शिक्षिका र मेरा घरबेटीसँग पनि बोल्न सकिनँ । भोलिपल्टदेखि फन-भ्यालीका कर्मचारीलाई पटक-पटक फोन गरेर विद्यालय व्यवस्थापनसहितको मिटिङमा सत्यतथ्य राख्न अनुरोध गरेँ । भनेँ, "नत्र, अदालत जान्छु ।" उताबाट प्रत्युत्तर आयो, "म भूपू प्रहरी अधिकृत हुँ । खराब मान्छे होइन । तपाईंको सम्पर्क नम्बर छ । मिटिङ राख्छु । पहिले उपचार सकियोस् ।"

हामी अप्ठ्यारो मानसिक सकसबाट गुज्रियौं । नानीहरूको पढाइ छुट्यो । झन्डै महिना दिन अस्पतालमा बिताएकी मेलिना-परिवारले पाएको सास्ती अझ पीडादायी थियो । अस्पताल बसाइकै क्रममा मेलिनाकी आमाले करिब ३० हजारसहितको पर्स हराइन् आतेसमा । मेलिनाका दिदीहरूको हप्तौं कलेज छुट्यो । त्यहीबीचमा फन-भ्यालीमा कन्सर्ट भयो । तर, हामी बेवास्तामै परिरह्यौं।

अझै पनि फन-भ्यालीबाट भलाद्मीको फोन आउलाजस्तो लाग्छ । सायद तिनको स्मृतिबाट यो घटना हराइसक्यो । तर, म भने छोरीको अनुहारको खतलाई आँखाले छोइरहन्छु ।

प्रहरी दम्पतीकै झगडा

मध्य झरीको एक दिउँसो साथीको घरमा सानो जमघट थियो । रूझेको गोंगबुलाई गफगाफले तताउने चेष्टा हुँदैथ्यो । बरन्डाबाट छिमेकी घर देखाउँदै साथीले केही दिनअघिको घटना हामीलाई सुनाइन् ।

बिहानीपख बाथरूमबाट निस्कँदा साथीले महिला रोएको आवाज सुनिछन् । चासो दिएर हेर्दा थाहा पाइन्, छिमेकी घरमा महिलालाई लोग्नेले भक्कुमार पिटिरहेको छ । रूवाबासी चर्किँदै गएपछि मेरी साथी बोलिछन्, "बहिनी, त्यहीं नजिक पुलिस थाना छ ।" अनि, ती महिला रुँदै बोलिछन्, "पुलिस यहीं छ । के जानू थाना ? त्यहाँबाट पनि मिलापत्र गरेरै पठाउने त हो ।"

ती दम्पती नै प्रहरी रहेछन् । सुरुमा त एक चरण हाँस्यौं, कुरा सुनेर । तर, हाँस्ने कुरै थिएन त्यो ।

साहित्यमा हँसी-मजाक



उनी घर-घडेरी जोडिसकेपछि ढल्कँदो उमेरमा अक्षरको चौतारीमा बसिबियाँलो गर्न आइपुगेजस्तो लाग्थ्यो । पृथक हुलियाका उनीसँग साहित्यिक कार्यक्रममा भेट भइरहन्थ्यो । एक दिन भने, "उपन्यास लेखेको छु । हेरिदिनुपर्‍यो ।" फेरि थपे, "र, समीक्षा पनि लेखिदिनुपर्‍यो । *कान्तिपुर*मा लेखेको कति लिनुहुन्छ र अन्य दैनिक पत्रिकामा लेखेको कति ?" अनपेक्षित प्रश्नको उत्तरमा भनेँ, "पारिश्रमिक तपाईंले दिने होइन, पत्रिकाले दिन्छ ।" उनले एकाध समीक्षकको नाम लिँदै मोलमोलाइमा समीक्षा लेखिने कुरा सुनाए । पत्रिकाले समीक्षकलाई पारिश्रमिक दिने कुरा नै पत्याएनन् उनले । तर, मैले हल्लाको पछि नलाग्न आग्रह गरेँ । उपन्यास प्रकाशित भएपछि उनीसँग तर्किँदै हिँडें । अचेल कुनै कार्यक्रमको कुइँनेटोतिर समीक्षकहरूसँग खासखुस गरिरहेका ती व्यक्तिलाई देख्दा लाग्छ, पैसाको लोभ देखाइरहेका छन् कि ? सोच्छु- साहित्यलाई किन हलुका बनाउँदैछन् लेखकहरू ?

खुसीको कुरा यही छ- अहिलेसम्म तिनको उपन्यासमाथि लेखिएको समीक्षा पढ्नु परेको छैन । ♦

SOLE DISTRIBUTOR FOR NEPAL

HANSRAJ HULASCHAND & COMPANY PRIVATE LIMITED Teku Road, Kathmandu, Ph. No: 4230001/4268088, Fax: 4220491, url: bajajauto.com.np www.facebook.com/hhbajaj

Bajaj 24 x 7 HELPLINE 166001 75555 98015 75555

KATHMANDU VALLEY:
Balaju 4353150, Balkhu 4286377, Battisputali 4465542, Bhaktapur 6611777, Boudha 4474716, Gyaneshwor 4435916, Gongabu 4359039, New Baneshwor 4781946, Tinkune 4117534, Kalanki 4286015, Kumaripati 5530187, Lainchaur 4425579, Maharajgunj 4720809, Sitapaila 4286452, Sukedhara 4650914, Gwarko 5007553, Thimi 6631386

EASTERN REGION:
Illam 520906, Khandbari 560251, Birtamode 540724, Damak 582109, Urlabari 541513, Biratchowk 545383, Itahari 585442, Dharan 533996, Biratnagar 526242, Inarwa 561657, Rajbiraj 523545, Gaighat 420966, Lahan 560987, Siraha 9804702646, Katari 450207, Mirchaiya 550585, Pathari 556082

CENTRAL REGION:
Charikot 421925, Banepa 660295, Nuwakot 561817, Dhading 9851006950, Janakpur 521526, Jaleshwor 520518, Bardibas 550639, Lalbandi 501564, Malangwa 520703, Chandranigahapur 540663, Nijgadh 540079, Kalaiya 551525, Jitpur 412170, Birgunj 523837, Hetauda 522498, Parsa 583176, Narayangadh 571089, Tadi 563303

WESTERN REGION:
Gorkha 421571, Abukhaireni 540482, Lamjung 520953, Damauli 560399, Pokhara 522315, Syangja 421186, Baglung 520882, Jomsom 440290, Kawasoti 540906, Bhairahawa 521855, Butwal 437849, Bardaghat 580387 Jeetpur (4 No.) 550249, Tamghas 520419, Rampur 400480, Waling 9856055684, Chandruata 540123

MID-WESTERN REGION:
Nepalgunj 522751, Surkhet 521358, Kohalpur 540320, Tulsipur 523402, Ghorahi 560743, Pyuthan 460375, Guleriya 420375, Jumla 520205

FAR-WESTERN REGION:
Dhangadi 520892, Mahendranagar 520896, Tikapur 560807, Dadeldhura 420116, Lamki 540365, Darchula 9858751055

AGNI INCORPORATED PRIVATE LIMITED

25 YEARS

Agni Incorporated Pvt. Ltd.
Naxal, Bhagwati bahal, Kathmandu
Tel: 01-4419133/4419134
Branch: Birgunj, Tel: 051-521456/534258
Fax: 051-534259
Bhairahawa, Tel: 071-429342
Itahari, Tel: 025-585742

Balaju Auto Works Pvt. Ltd., Workshop: Balaju Industrial Area, Tel : 01-4350994
Spare Parts Outlet: Balaju Ring Road, Kathmandu, Tel: 01-4352806/4384176; Teku, Kathmandu, Tel: 01-4253635
Authorized Service Center: (Inside Kathmandu Valley) Balkhu, Tel: 01-4277864; Jorpati, Tel: 01-4910533; Balkumari, Tel: 01-5186180; Gaushala, Tel: 01-4478502; Sinamangal, Tel: 01-4116618; Bafal, Tel: 01-4302828; Dhumbarahi, Tel: 01-4009123
(Outside Kathmandu Valley) Bardibas, Mobile: 9801627781, Nuwakot, Tel: 010-560810; Hetauda, Tel: 057-524341; Lahan, Tel: 033-562411; Dhading Besi, Tel: 010-521024

GENUINE MAHINDRA FOUR WHEELERS SPARE PARTS
Mahindra MAXIMILE Genuine Lubricants
Mahindra GENUINE ACCESSORIES

Authorized Dealers & Service Center: Sakushal Trade Link Pvt. Ltd., Birtamod 023-541114, Taplejung 024-460495, 9852681315, Phidim 024-521101, **Royal Auto Enterprises,** Biratnagar 021-461178, **Royal Motors Traders,** Dharan 025-523068, **Manaram Motors,** Khadbari Tumlingtar 9808917320, **Usha Enterprises Pvt. Ltd.,** Rajbiraj 031-522666, Lahan 033-562411, Katari 035-450399, **Shree Krishna Distributors Pvt. Ltd.,** Jankapur 041-528881, Sindhuli 047-520094, **Silvia Auto Enterprises Pvt. Ltd.,** Lalbandi 046-501110, **Central Auto Zone Pvt. Ltd.,** Bharatpur 056-522168, Hetauda, Makwanpur 057-524953, **Batas Brothers Pvt. Ltd.,** Pokhara 061-532468, Dumre 056-580259, Baglung 9856033606, Hatiya 068-410003, Beni 069-521099, Gorkha 064-421571, **Karki Multi Trading Concern Pvt. Ltd.,** Charikot, Dolakha 049-421402, **Shrestha Auto Concern Pvt. Ltd.,** Banepa, 011-664302, **Lok Sushila Auto Concern Pvt. Ltd.,** Butwal 071-545986, Kawasoti 9857040391, Tansen 9857062131, Tamghas 9802620965, Sandhikharaka 9802620968, **Kala Incorporated Pvt. Ltd.,** Dhading 010-520660, **Samriddhi Enterprises Pvt. Ltd.,** Bhairahawa 071-527254, Ghorahi 082-560278, Birendranagar, Surkhet 083-525270, **Bhusal International Pvt. Ltd,** Nepalgunj 081-551599, **Dakshinkali Incorporated Pvt. Ltd.,** Dhangadhi 091-416058, Dipayal 094-412281, **Option Nepal Pvt. Ltd.,** Mahendranagar, Mahakali 099-520856

Insurance Partners:
NLG
सगरमाथा इन्स्योरेन्स क. लि. Sagarmatha INSURANCE COMPANY LTD.
VIP

Url: www.onlineagni.com **Email: onlineagni@agniinc.com.np**
Service Helpline No.: 16600-100-200 (NTC), 980-157-1212 (Ncell)
www.agnigroup.com.np **twitter/AgniGroup** **instagram/AgniGroup** **facebook.com/AgniGroupNepal**